वर्ष : १६, अंक : ३७, काठमाडौं, २०७७ पुस १७ गते शुक्रबार, 1 January 2021, Friday पृष्ठ : ८, मूल्य रु : १०

राष्ट्रिय एकता, राष्ट्रियता र मधेशवादप्रति समर्पित — www.madheshvani.com

राष्ट्रिय साप्ताहिक

# मधेशवाणी

The Voice of Madhesh

पत्रकार सम्मेलन, सभा, गोष्ठी वा बैठक गर्नुपरेमा हामीलाई सम्झनुहोस् ।

कुनै सभा, गोष्ठी, सम्मेलन, बैठक वा पत्रकार सम्मेलन गर्नुपरेमा ६० देखि ७० जनासम्म अटाउने क्षमता भएको हल मधेश मिडिया हाउसमा सम्पर्क राख्नुहोस् ।

| शुल्क | सेवा |
|---|---|
| रू. ५०००/- (पाँच हजार मात्र) | फोन, फ्याक्स, इमेल |

मधेश मिडिया हाउस
हनुमानस्थानचोक, अनामनगर, काठमाडौं
फोन नं. : ०१-५७०६१४१, ९८०८१२५०२४
ई-मेल : madheshmediahouse@gmail.com

## नेपाल क्षेत्रीय राजनीतिको मैदान बन्यो : पूर्वराष्ट्रपति



पूर्वराष्ट्रपति डा. रामवरण यादवले नेपाल क्षेत्रीय राजनीतिको मैदान बनेको बताएका छन् । ४५औं राष्ट्रिय मेलमिलाप दिवका अवसरमा काठमाडौंमा भएको कार्यक्रममा डा. यादवले यस्तो अवस्थामा देशका लोकतान्त्रिक संस्थाहरुले आफ्ना-आफ्ना कर्तव्य निर्वाह गरेन भने राष्ट्र जोखिममा पर्ने चेतावनी दिए ।
उनले बीपीले मेलमिलाप नीति सुरु गरेको आज ४४ वर्ष भएको भन्दै पछिल्ला दिनमा त्यसको महत्व अझ बढिरहेको र दलहरु अझ अव्यवस्थित भइरहेको बताए ।
०७ साल, ०४६ साल र ०६२ को जनआन्दोलनपछि लोकतन्त्रमाथि आक्रमण गरिरहने संस्थालाई फालेर पनि मुलुकमा सुधार आउन नसकेकोमा उनको असन्तुष्टि थियो ।
खासगरी राजनीतिक दलहरु, त्यसमा पनि लोकतन्त्रको हिमायती गौरवपूर्ण इतिहास भएको नेपाली कांग्रेसको काँधमा जिम्मेवारी आएको उनको भनाइ छ ।
पूर्वराष्ट्रपति यादवले सरकारले असंवैधानिक ढंगले प्रतिनिधिसभा विघटन गरेको भन्दै त्यसलाई सच्याउन सबै जिम्मेवार भएर लाग्नु पर्ने बताए ।
यादवले भने, 'असंवैधानिक कार्यलाई कसरी संवैधानिक बनाउने राजनीतिक पार्टी, पत्रकार, चेतनशील नागरिकका साथै सम्पूर्ण देशवासीको जिम्मेवारी रहेको छ ।'
'जो संस्था (संसद्) कार्यकारीद्वारा असंवैधानिक ढंगले भंग भयो त्यो असंवैधानिक कार्यलाई कसरी संवैधानिक बनाउने पोलिटिकल पार्टीको, पत्रकारको, चेतनशील नागरिकको, सम्पूर्ण देशवासीको जिम्मेवारी छ,' यादवले भने ।
राज्यका चार वटा अंगमा एउटा संविधानको व्याख्यता अदालत रहेकोले त्यहींबाट अहिलेको समस्या समाधान हुने यादवले आस प्रकट गरे ।

# नेकपा मिलाउने चीनको सबै प्रयास विफल

## देशको हितभन्दा स्वार्थका लागि भूमिका खेल्यो

**मधेशवाणी डेस्क**

काठमाडौं । नेपालमा संसद विघटन पछि सबैभन्दा बढी छटपटाहट चीनलाई भयो । त्यो छटपटाहटलाई शान्त पार्न सत्तारुढ नेकपाको विभाजन पछि नेपालमा उत्पन्न राजनीतिक घटनाक्रम बुझ्न चीनबाट उच्च स्तरीय टोली नै आयो । टोली आइतबार आएर बुधबार फर्केको छ ।

चिनियाँ कम्युनिस्ट पार्टी, केन्द्रीय कमिटी, अन्तर्राष्ट्रिय विभाग उपमन्त्री कुओ येचौको नेतृत्वमा पार्टी अन्तर्राष्ट्रिय विभाग महानिर्देशक छुइ यान लगायतको चार सदस्यीय टोली आएका थिए ।

उक्त टोली नेपालमा रहँदा राष्ट्रपति विद्यादेवी भण्डारी, प्रधानमन्त्री केपी ओली, नेकपाका अध्यक्ष प्रचण्ड, नेताहरु माधवकुमार नेपाल, झलनाथ खनाल, सभामुख अग्निप्रसाद सापकोटा, जसपाका अध्यक्ष बाबुराम भट्टराइसहित अन्त्यमा काँग्रेस सभापति शेरबहादुर देउवालाई भेट गरी स्वदेश फर्केको हो ।

राष्ट्रपति सी चिनफिङको सन्देश बोकेर नेपालको पछिल्लो राजनीतिक घटनाक्रम बुझ्नुका लागि चिनियाँ मिसन नेपाल आएको बुझिएको छ । चिनियाँ राष्ट्रपतिको सद्भाव सन्देश बोकेर आएको टोलीले नेकपाको एकताको सम्भावनाबारे पनि खोजी गर्ने 'म्यान्डेट' पनि बोकेको थियो ।

चीनले नेकपाको आन्तरिक राजनीतिमा दखल गरेको यो पहिलो पटक होइन । विगतमा नेकपा एक हुँदा चीनले खुलेरै सक्रियता देखाएका थिए । उसले चिनियाँ कम्युनिस्ट पार्टीका तर्फबाट नेकपाका नेताहरुलाई प्रशिक्षण दिनेसम्म गरियो । नेकपाको यसअघिको दुईपटकको सम्भावित फुटलाई टार्न चीनले नै भूमिका खेलेको थियो । राजदूत होउ यान्छी नेकपाका शीर्ष नेताहरुलाई घर घरमा भेटेर यसमा सफल भएकी थिइन् । तर सपटक भने यान्छीको पनि केही नलागेपछि बेइजिङबाट चीनको टोली नै आएको थियो ।

चिनियाँ कम्युनिस्ट पार्टीका नेता आउनुपूर्व नेपालका लागि चिनियाँ राजदूत होउ यान्छीले राष्ट्रपति र नेकपाका चार नेतासँग भेट गरेकी थिइन् । संसद् विघटन भएको दुई दिनपछि राजदूत यान्छीले पुस ७ गते शीतलनिवास पुगेर राष्ट्रपतिसँग भेट गरेकी थिइन । त्यसपछि नेकपा अध्यक्ष प्रचण्ड, अर्का अध्यक्ष माधवकुमार नेपाल, नेता वर्षमान पुन र कृष्णबहादुर महरासँग भेटेकी थिइन् ।

नेकपामा विवाद बढेदै गएपछि पछिल्लो पटक विवाद मिलाउन चिनियाँ राजदूत होउ यान्छी सक्रिय भएकी थिएन । यस पटक नेकपा नै फुटेपछि चीनले उच्चस्तरको टोली नै पठाएको हो । चिनियाँ राजदूतले पनि पहिलेदेखि नै नेकपामा विवाद आएपछि पार्टी फुट्न नहुने र मिलेर जान आग्रह गरिरहेकी थिइन् । होउले नेकपामा पटक-पटक विवाद हुँदा राष्ट्रपति विद्यादेवी भण्डारीदेखि नेकपाका नेताहरुको निवासमा 'घरदैलो' कार्यक्रम गर्दै मिलेर जान आग्रह गरेकीइ थिइन । नेकपा फुटेपछि पनि उनी सक्रियता देखाएकी थिइन ।

नेपालको पछिल्लो राजनीतिक घटनाक्रमबारे चीनले विशेष मिसन नै पठाएर अझै मिलेर जान सन्देश दिएको छ । यसका लागि उसले राजदूत होउलाई पनि यसैगरी नेकपाका नेताहरुलाई भेट्न पठाउँदै गरेको थियो । तर नेकपा विभाजनै भएपछि,चीनले आफ्नो चासो बुझ्न विशेष नै नेपाल पठाएको हो ।

यद्यपी चिनियाँ मिसनले चार दिन नेपालमा रहँदा सर्वत्र चासोको बनेको थियो । उसले नेपाल बसाइको क्रममा नेकपाका दुवै समूहका नेताहरुलाई भेटेर विभाजनको कारण बुझेको थियो । मिसनले सकभर दुवै समूह फेरि मिलुन् र सँगैं निर्वाचनमा आउन् भन्ने चाहना प्रकट गरेको हो । नेताहरुसँगको भेट चिनियाँ टोलीले बेइजिङको यस्तै सन्देश प्रवाह गरे ।

हुनत नेकपालाई मिलाउने प्रयास अहिलेलाई विफल मानिए पनि यसको परिणाम आउन बाँकी नै छ । टोलीले सहमतिका लागि नेकपाको दुवै पक्षमाथि दबाब बढाएर गएको नेताहरुको भनाइ छ । संसद् विघटन र नेकपा विभाजनले उत्पन्न राजनीतिक एवम् संवैधानिक



संकटले नेपालमा राजनीतिक अस्थिरता आउने र त्यही बिन्दुबाट नेपालको आत्मनिर्णयको अधिकार कमजोर हुन सक्ने चिन्ता उसले जनाएर गएको हो । उसले नेकपाको पुन: एकीकरणको सम्भावनामाथि पनि गहिरो चासो व्यक्त गरेको छ । चिनियाँ टोलीले नेकपा विभाजन कसरी भयो, किन भयो भनेर सम्पूर्ण पृष्ठभूमि बुझेर फर्केको हो । विभाजित नेकपाको पुन: एकीकरणको सम्भावनाबारे पनि उनीहरूको चासो थियो । यसबाहेक विभाजित पार्टीमा कुन समूहमा कति शक्ति छ र संसद् पुनर्स्थापनाको सम्भावना कति हो जस्ता प्रश्नमा पनि टोलीले चासो राखेको छ ।

यसपटक नेकपा विवाद मिलाउन चीन असफल भएसँगै देश कुन कोर्समा अगाडि बढ्ने अन्योल रहेको पनि नेकपा नेताहरुको भनाइ छ । चिनियाँ टोली राजनीतिक तहमा भेटघाटमा सक्रिय भएपछि पनि कुनै सुखद परिणाम आएको ती नेताको आंकलन छ । नेकपाभित्रको दुवै समूहको प्रभावशाली नेताहरुसँग भेट्न टोलीले निकै गृहकार्य गरेर नै नेपाल आएको हो ।

'अढाई वर्षअघि नेपालका दुई कम्युनिस्ट पार्टी एकीकृत भएपछि उत्साही भएको चीन गत साता भएको संसद् विघटन र नेकपा विभाजनबाट चिन्तित छ, यही बिन्दुबाट नेपालमा अस्थिरता र अन्योल सुरु हुने र विदेशीको प्रभाव बढ्ने हो कि भनेर चीन चिन्तित छ,' चीन अध्ययन केन्द्रका अध्यक्ष सुन्दरमणि शर्माले भने, 'चीनको सद्भाव, चासो व्यक्त गर्ने मात्र होइन, नेकपालाई फेरि जुटाउन पहल गर्ने उद्देश्यले टोली नेपाल आएको हो ।'

जानकारहरुको भनाइमा अहिलेको अवस्था थप तरल हुँदै गएर नेपालमा 'इन्डो-अमेरिकन' प्रभाव बढ्न सक्ने बेइजिङको आशंका छ/ ।

प्रधानमन्त्री ओलीका परराष्ट्र मामिला सल्लाहकार राजन भट्टराइका अनुसार चिनियाँ टोली नेपाल आउनुको मुख्य कारण भनेको नेपालको पछिल्लो अवस्था र नयाँ विकसित घट्ना बुझ्नु नै हो । उनले भने,'उनीहरुले सबै दलका नेताहरुलाई भेटेर रिपोर्ट लिएर गए । निर्णय प्रक्रियामा तलमाथि गरेनन्, त्यसो गरेको भए त्यो हस्तक्षेप हुन्थ्यो । बुझ्नको लागि आउने कुरालाई अन्यथा लिइदैन् ।'

'मुख्य विषय सत्तारुढ दल विभाजन भएकाले नेपालको आत्मनिर्णयको हैसियत तलमाथि हुन्छ कि भन्ने बेइजिङको चिन्ता छ/ । त्यस्तो अवस्थामा नेपाल र चीन दुवैलाई क्षति हुनेछ भन्ने उनको मूल्यांकन छ/ ,' भट्टराइले भने ।

नेकपा प्रचण्ड-नेपाल समूहका नेता विष्णु रिजालले पार्टीभित्रको विवादमा छिमेकी राष्ट्र चीनले दखल नराखेको दाबी छ ।

'चिनियाँ मित्रहरुको भ्रमणलाई स्वाभाविक रुपमा लिइनुपर्छ, उहाँहरुको सद्भाव अन्यथा होइन,' उनले भने, 'तर हाम्रो समस्या आन्तरिक वस्तुस्थितिले निर्धारण गर्ने भएकोले यो भ्रमणले नेकपाको विवादलाई खासै प्रभाव पार्दैन ।'

संसद पुन:स्थापनाको अवस्था बनाएर ओलीलाई पाँच वर्ष पूरा कार्यकाल सरकार चलाउन दिने या मध्यावधि चुनावमा मिलेर जाने अवस्थामा समेत चिनियाँ टोलीले विकल्प खोज्ने गरेको प्रयास सबै विफल भएको छ ।

नेकपा मिलाउन आएको चिनियाँ टोलीप्रति ओली समूहले आक्रोश पोख्न थालेको छ । नेकपाको ओली समूहमा रहेका स्थायी कमिटी सदस्य तथा प्रदेश २ का इन्चार्ज सत्यनारायण मण्डलले पार्टी फुटिसकेको भन्दै चीनले मिलाउन नसक्ने बताए । उनले वीरगञ्जमा मङ्गलबार बोल्दै चीनको प्रयासले पार्टी विभाजन नरोकिने बताएका हुन् । उनले भने,'चीनले जति नै प्रयास गरेपनि पार्टी एक हुनसक्दैन, नेकपा फुटिसक्यो ।' उनले चीनले नेकपाको हितका लागि नभई स्वार्थका लागि भूमिका देखाइरहेको आरोप लगाए ।

चिनियाँ कम्युनिस्ट पार्टीको अन्तर्राष्ट्रिय विभागका उपमन्त्री गुओ येझाउ २०७४ फागुन ८ गते पनि नेपाल आएका थिए । एमाले र माओवादी केन्द्रको चुनावी गठबन्धनले बलियो बहुमत पाएपछि २०७४ फागुन ३ गते ओली

*बाँकी अन्तिम पृष्ठमा*

## मन्त्री त्रिपाठी र भारतीय राजदूतबीच वार्ता



काठमाडौं । स्वास्थ्य तथा जनसङ्ख्या मन्त्री हृदयेश त्रिपाठी र नेपालका लागि भारतका राजदूत विनय मोहन क्वात्राबीच भेट भएको छ । नवनियुक्त स्वास्थ्यमन्त्री त्रिपाठीलाई भेट्न राजदूत क्वात्रा बिहीबार मन्त्रालय पुगेका हुन् । त्यस अवसरमा राजदूत क्वात्राले मन्त्री त्रिपाठीलाई बधाई तथा शुभकामना दिएका छन् । भेटमा दुवैले नेपाल भारत सम्बन्ध थप प्रगाढ हुने विश्वास व्यक्त गरेको मन्त्रि त्रिपाठीको नीजि सचिवालयले जनाएको छ । साथै वर्तमान कोभिड-१९ विरुद्ध नेपाल र भारत मिलेर अगाडी बढ्ने गरि मुख्यत: कोभिड १९ को खोपका सम्बन्धमा सम्वाद भएको बुझिएको छ ।

# जसपाद्वारा आन्दोलनको थप कार्यक्रम तय

काठमाडौं । जसपाले संसद विघटन विरुद्ध आन्दोलनको थप कार्यक्रम घोषणा गरेको छ । उसले संसद विघटजन गरेर प्रधानमन्त्रीले प्रतिगमन फर्काएको भन्दै दुई हप्ते आन्दोलनका कार्यक्रम सार्वजनिक गरेको हो ।
पुस २१ देखि माघ ७ गतेसम्म देशव्यापी प्रदर्शन गरिने जसपाले सोमबार जारी गरेको विज्ञप्तीमा जनाएको छ । जसपाले माघ ७ गते ७७ वटै जिल्ला सदरमुकाम लगायत प्रमुख शहरमा जनप्रदर्शन तथा विरोध कार्यक्रम गर्न लागेको पनि जनाएको छ ।
विज्ञप्तीमा भनिएको छ, 'सरकारलाई



संविधानले दिँदै नदिएको अधिकार प्रयोग गरी प्रतिनिधिसभा भंग गरिएको कार्य असंवैधानिक, अलोकतान्त्रिक र प्रतिगमनकारी कार्य हुन'
'जनताको संघर्ष र बलीदानबाट प्राप्त उपलब्धीहरूको रक्षा गर्न, सरकारको असंवैधानिक, अलोकतान्त्रिक र प्रतिगमनकारी कदम खारेज गराउन चरणबद्ध आन्दोलन गर्न लागेका हौं,' अध्यक्ष महन्थ ठाकुरद्वारा जारी विज्ञप्तीमा भनिएको छ ।
कार्यक्रम अन्तर्गत पुस २१ गते नागरिक समाज, बौद्धिक वर्गलगायतसँग अन्तरक्रिया गरिनेछ । यस्तै पार्टीले गर्ने विरोध सभाहरुलाई शीर्ष नेताहरुले सम्बोधन गर्ने पनि जनाएको छ ।
जसअन्तर्गत पूर्वप्रधानमन्त्री समेत रहेका संघीय परिषद अध्यक्ष डा. बाबुराम भट्टराई, अध्यक्ष उपेन्द्र यादव र वरिष्ठ नेता लक्ष्मणलाल कर्णले धनगढीमा पुस २५ गते सम्बोधन गर्ने कार्यक्रम रहेको छ । सोही दिन धनगढीमा नवराज सुवेदी, दुर्गा सोव र गोविन्द चौधरी र भैरहवामा जसपा अध्यक्ष महन्थ ठाकुर, नेताहरू महेन्द्रराय यादव र सर्वेन्द्रनाथ शुक्लले सम्बोधन गर्ने कार्यक्रम छ ।
यसैगरी पुस २७ गते वीरगञ्जमा उपेन्द्र यादव, लालबाबु राउत, वृषेशचन्द्र लाल, नेपालगञ्जमा मो.इस्तियाक राई, महेन्द्रराय यादव, अमृता अग्रहरी र जनकपुरमा वरिष्ठ

*बाँकी अन्तिम पृष्ठमा*

## प्रचण्डले माओवादलाई विसर्जन गरे : मन्त्री साह

रौतहट । सहरी विकासमन्त्री तथा नेकपा प्रदेश २ का अध्यक्ष प्रभु साहले नेकपा अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' ले माओवादलाई बिसर्जन गरेको आरोप लगाएका छन् ।

रौतहटको गरुडामा जिल्लास्तरीय बृहत् कार्यकर्ता भेलालाई सम्बोधन गर्दै मन्त्री साहले माओवादी पार्टी हुँदाको अवस्थाका सबै सिद्धान्तलाई बिर्सदैं गएको आरोप लगाउँदै प्रचन्डमाथि इमानदार कार्यकर्ताको मूल्यांकन गर्ने क्षमताको अभाव रहेको आरोप लगाए ।

जनतामा जान नचाहनेहरुको भीड माधव-प्रचण्डले जम्मा गरेको आरोप लगाउँदै मन्त्री साहले पूर्वप्रधानमन्त्री माधवकुमार नेपाललाई कहिल्यै चुनाव नजित्ने तर पद सधैं चाहने नेताको रुपमा सबैले बुझेको बताए । संसदीय चुनाव हारेपछि षड्यन्त्र गरेर प्रधानमन्त्री बनेको र पार्टीको अध्यक्षको चुनाव हारेर फेरि चोरबाटोबाट पार्टीको अध्यक्ष बनेको आरोप लगाउँदै चुनाव हारेर पनि पद नपाउँदा नेतृत्वविरुद्ध सधैं षड्यन्त्र गर्ने प्रवृत्ति नेपालको रहेको बताए । पार्टीका नेताहरुले चौतर्फी घेराबन्दी गरेपछि बाध्य भएर प्रधानमन्त्री केपी शर्मा ओलीले संसद विघटन गरेको बताउँदै संसद विघटन र नयाँ जनादेशको लागि जनतामा जानु दुवै संवैधानिक कदम भएको बताए ।

मन्त्री साहले संसद विघटन गरेर सम्पूर्ण अधिकार आफैंमा राखेको नभई चुनावको नयाँ मिति घोषणासमेत गरिएकोले ताजा जनादेशका लागि सबैलाई जनतामा जान पनि सुझाव दिए ।

चुनावमा जान पनि डराउने र सर्वोच्च अदालतको फैसला कुर्न पनि नसक्नेहरुले पार्टी र सरकारविरुद्ध निरन्तर षड्यन्त्र गरेको यथार्थ सबैले बुझ्नुपर्ने मन्त्री साहको भनाइ छ ।

**समय-सन्दर्भ** — **शिवकुमार मण्डल**



# ओली प्रवृति नेकपाको हिस्सा बन्न सक्दैन

> संविधानलाई नै चुनौती दिने गरी जुन खालको कदम चालियो र हतासमा जुन खालको निर्णय गरियो, यसको कानूनीरुपमा समाधानका निम्ति हामी अदालत गएका हौं ।

प्रतिनिधिसभा विघटन भएको हामीले स्वीकारेका छैनौं । नेकपा पनि विभाजन भएको छैन । किनकि पार्टीका आधिकारिक वैधानिक कुराहरु कानूनसम्मत, विधानसम्मत हुन्छ । जुन कुरा नेकपा कार्यालयले गरेको प्रस्ताव, निर्णयको अन्तिम टुंगो लगाउने थलो भनेको नेकपाको विधानले व्यवस्था गरेअनुरुप सबभन्दा पहिले केन्द्रीय समितिको बैठक हो । जुन केन्द्रीय समितिको बैठकमा यति बेला २४१ साबिक र थप विभिन्न पार्टीबाट आएका मध्ये गरी २४५ केन्दीय सदस्यको मान्यतासहितको विधानले व्यवस्था र प्रावधान राखिएको छ । जुन कुरा निर्वाचन आयोगमा दल दर्ता गराउने बेलामा नेकपाको नाममा नामांकृत भइसकेपछि त्यो दलको नामबाट निर्वाचन आयोगमा नामावली पेस गरिएको थियो । जसमध्ये यतिबेला नेपाल कम्युनिष्ट पार्टी (नेकपा) खासगरी कमरेड माधव नेपाल र प्रचण्डको नेतृत्वमा विधानत: वैधानिकरुपमै अहिले पनि नेकपा नै रहेको छ ।

नेकपाको बहुमत केन्द्रीय सदस्यले गरेको निर्णय अनुरुप अहिले देशको प्रधानमन्त्री रहेका केपी शर्मा ओलीले जुन खालको राष्ट्रघाती, लोकतन्त्र, गणतन्त्र विरोधी कदम चालेको कारणले सिंगो नेकपा र कम्युनिष्ट आन्दोलनलाई बदनाम गऱ्यो । यसकारणले नेकपाले आफ्नो पार्टीको आधिकारिक कमिटीको बैठकद्वारा केपी शर्मा ओलीलाई पार्टीको अनुशासन कारबाही गरी पार्टीबाट हटाइएको छ । यतिबेला केपीको ठाउँमा कमरेड माधव नेपाल आउनुभएको छ ।

कमरेड माधव र कमरेड प्रचण्डको नेतृत्वमा नेकपा रहेको छ । त्यसकारणले नेकपा विभाजित भएको छैन । किनकि ४४५ केन्द्रीय सदस्यमध्ये करिब तीन सय सदस्यको वर्तमानमा पनि कायम रहेको छ । नेकपाका नाममा साँच्चै दानव र भष्माशुरको रुपमा यो व्यवस्थाको विरुद्धमा देखिएको हो । कम्युनिष्टको नाममा राष्ट्रघाती र राष्ट्रद्रोह जस्ता कदम चाल्न आएका कलंकित पात्रले बनाएको पार्टी कम्युनिष्ट पार्टी पनि हुँदैन र त्यो नेकपा विभाजनको हिस्सा पनि हुँदैन । नितान्त अवसरवादी, राष्ट्रघाती विचारले ओतप्रोत भएको केपी ओलीको झुण्ड हो त्यो । त्यो झुण्ड अहिले बालुवाटारमा विराजमान छ । उसले आफ्ना कुकर्महरु संस्थागत गर्दै अगाडि बढेको छ । विगतका तानाशाह शैलीको अन्त्य त निश्चित छ ।

यो देशको प्रतिनिधिसभा सदस्य संविधानअनुसार रहेको छ । कानूनसम्मत तरिकाले निर्वाचन पद्धति र निर्वाचनअनुसार हामी छानिएका हामी सांसदहरु जसको विघटनको परिकल्पना अहिलेको संविधानले गरेको छैन । अर्को कुरा संसद विघटन गर्नुपर्ने औचित्यको पुष्टि अहिलेका हिटलरी प्रवृत्तिका प्रधानमन्त्रीले पुष्टि गर्न सक्ने कुनै आधार छैन । उनले संविधान बाहिर गएर जुन खालको हर्कत, गैरसंवैधानिक गति र क्रियाकलापमा राष्ट्रपति

*बाँकी अन्तिम पृष्ठमा*

## सम्पादकीय

# ‘किसान शहीद’ घोषणा गर

सर्लाहीको धनकौल गाउँपालिका-७, छोटौलका ६४ वर्षीय किसान नारायण राय यादव उखुको भुक्तानीका लागि संघर्ष गर्दागर्दै मृत्युवरण गरेका छन् ।

चार वर्षदेखि चिनी मिलबाट उखुको भुक्तानी नपाएपछि उखु कृषकको आन्दोलनमा सामेल हुन काठमाडौं आएका उनको काठमाडौंमै हृदयाघातका कारण मृत्यु भएको हो ।

आन्दोलनरत किसानका अगुवा र सरकारबीच चार बुँदे सहमति भएपछि उनले आफू फेरि ठगिएको अनुभूति गरे । किनकि, यस्तै सहमति गत वर्ष पनि भएको थियो तर पैसा अझै हात लागेको थिएन । गत वर्षको सहमति कार्यान्वयन नहुँदा उखु किसानहरु यो वर्ष मंसिर २८ गतेदेखि काठमाडौंकेन्द्रित आन्दोलन फेरि गरेको हो ।

काठमाडौं आएर उखु किसानहरू दुई सातादेखि कठ्यांग्रिँदै सडकमा धर्ना बसेका थिए । धर्ना दिनेमध्येका यादवले अनाहकमा ज्यान गुमाउन बाध्य भए । किसानहरूका अनुसार चिनी कारखानाका मालिकहरूसँग किसानले उखु बालीको ९० करोड रुपियाँ भुक्तानी लिन बाँकी छ । उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयमा सोमबार भएको वार्तामा २१ दिनभित्र ६५ करोड उठाइदिने र बाँकी रकमका हकमा चार महिनाभित्र छानबिन गरी सबै रकम चुक्ता गराउने सहमति भएको हो ।

तर उक्त सहमतिले पनि आफूहरुको बक्यौता रकम पाउने कि नपाउने चिन्ता किसानहरुलाई सताइरहेको छ । यहि चिन्ताबाट ग्रसित यादव २० बिघा जमिनको मालिक भएपनि ज्यान गुमाउनु पर्‍यो ।

**उखु किसानहरूले भोगेको सास्ती र मानवीय क्षतिको भने पक्कै पनि कतै हिसाब हुँदैन । यस्तै कुनै राजनीतिक पार्टीको धर्नामा कुनै कार्यकर्ताको ज्यान गएको भए शहीद घोषणा र परिवारलाई क्षतिपूर्तिको माग गर्दै आन्दोलन नै हुन्थ्यो ।**

पर्याप्त जमिन भएर पनि किसानहरु कसरी आर्थिक दुरावस्थामा पुग्छन् भने यादव एक प्रतिनिधि पात्र बनेका छन् । राज्यले कृषि र किसानका बारेमा के-कस्तो नीति रहेछ र कस्ता सुधार आवश्यक रहेछन् भनेर यादवको जीवन चित्रले धेरै कुरा उजागर गरेको छ ।

उखु किसान र चिनी कारखानाको व्यवस्थापन एकअर्कामा निर्भर छन् । किसानले उखु बाली लगाउनै छाडे भने चिनी कारखाना स्वतः बन्द हुनेछन् । यस्तै, चिनी कारखाना बन्द भए किसानहरूको उखु पनि बिक्नेछैन । यसैले अन्योन्याश्रित सम्बन्ध भएका किसान र कारखाना प्रबन्धकहरूले अब बरु आपसमा बसेर समस्या सल्टाउने प्रयास गर्नु उचित हुनेछ ।

सरकारले किसान र चिनी कारखानाका मालिकहरूलाई सँगै राखेर वार्ता गराउनु पर्छ । दुवै पक्षको अहित नहुने गरी सहमतिमै समाधान निकाल्नु पर्छ । तर सरकारको गाम्भीर्यताको अभाव, समयमा निर्णय गर्न नसक्ने क्षमताको अभाव र मिल मालिकहरुसँग साँठगाँठका कारण किसानहरु थप मारमा परेको कुरा लुकेको छैन ।

उखु किसानहरूले भोगेको सास्ती र मानवीय क्षतिको भने पक्कै पनि कतै हिसाब हुँदैन । यस्तै कुनै राजनीतिक पार्टीको धर्नामा कुनै कार्यकर्ताको ज्यान गएको भए शहीद घोषणा र परिवारलाई क्षतिपूर्तिको माग गर्दै आन्दोलन नै हुन्थ्यो । तर गरिब किसानले आफ्नो हक र अधिकारका लागि लड्दा-लड्दै ज्यान गुमाउँदा पनि कुनै पनि राजनीतिक दलको चित्त दुखेको छैन । त्यस अवस्थामा किसानहरूका मनमा सरकारप्रति मात्र होइन राज्यप्रति नै वितृष्णा र आक्रोश उत्पन्न हुनसक्छ । यसैले किसानहरूलाई फेरि धोका नहोस् भन्नेमा सरकार सचेत बन्नुपर्छ । राज्यले मृतक किसानलाई तत्काल शहीद घोषणा गर्नुपर्छ भने उनको परिवारलाई यथाशक्य क्षतिपूर्ति दिनुपर्छ । यसका लागि मधेशकेन्द्रित दल, नागरिक समाज, सञ्चार जगत् र बुद्धिजीविहरुको पनि व्यापक दबाब आवश्यक छ ।

# ओलीको ‘कू’बारे भारतीय-चिनियाँ चासो

**विचार-विश्लेषण** भाग-७९



उपेन्द्र झा

**नेपालको मामिलामा भारतको किञ्चित पहललाई हस्तक्षेप भयो भनेर एकै स्वरमा कराउने राजनीतिक दलहरु कमसेकम चीनको हस्तक्षेपलाई अंगीकार गरी मौनता धारण गर्दै आएको चीनको लागि यही ठूलो उपलब्धि हो । जब चीन विरुद्धमा हस्तक्षेप, एकाधिकार, अतिक्रमणबारे आवाज उठ्न थाल्छ अनि मात्र चीनको नेपालसँग सम्बन्ध बिग्रियो बुझ्नु पर्दछ ।**

अनधिकृत रुपमा संसद विघटन गरेर प्रधानमन्त्री केपी शर्मा ओलीको नेपाली राजनीति आफूबाहेक अरु कसैले प्रयोग गर्न नसक्ने गरि देखाएको तानाशाही कदमले नेपालको राजनीति त तरंगित छ नै, उत्तर दक्षिणका छिमेकीहरु पनि धेरै चासो र चिन्ता व्यक्त गरेका छन् । सबभन्दा अचम्म लाग्ने कुरा के हो भने ओलीको निरंकूश कदम विरुद्ध सडकमा नाटकीय ढंगको विरोध प्रदर्शन देखिएपनि यस कदमबाट सबै राजनीतिक दलहरु मनमनै आनन्दित नै भएका छन् । ओलीले नेकपाको दुई तिहाईको क्रूर पञ्जाबाट नेपाली राजनीतिलाई मुक्त गरिदिएको कारणबाट सबैले अब अवसर पाउने भएर खुश भएका छन् ।

व्यक्तिगत अवसरका लागि राजनीति गर्ने, देश र जनताका लागि कुनै जिम्मेवारी नबुझ्ने यहाँका दलहरु अहिले ओलीको असंवैधानिक कदमको विरुद्ध प्रष्टसंग आफ्ना विचार पनि राख्न सकिरहेको छैन । घटना वा दुर्घटनामा व्यक्तिगत अवसर मात्र खोज्ने, हरेक वाक्यमा “हामी लोकतान्त्रिक पार्टी” “हामी सोशलिष्ट पार्टी” भन्ने दलहरु ओलीको कदमबारे साँकेतिक असहमति राखेपनि संसद पुनर्स्थापना विषयमा कसैलाई नबोल्न ह्विप जारी गरको छ । नेपाली काँग्रेसको वैचारिक स्पष्टता तथा न्याय पक्षीय दृढता केही नदेखिएकोले एकमात्र जनता समाजवादी पार्टीको सडक तताउने प्रयासको कुनै अर्थ छैन ।

प्रधानमन्त्री केपी शर्मा ओलीले गरेको असंवैधानिक “कू” को यात्रा, संकटकालभन्दा पनि अगाडि जाने उनको योजना छ । केपी शर्मा ओली संसद विघटन गरेर धेरै जोखिमपूर्ण अवस्थामा प्रवेश गरेको छ । ओली गन्तव्यमा नपुगी राजनीतिलाई सामान्यीकरण हुन पनि दिँदैन । संविधानमा हुँदै नभएको अधिकार प्रयोग गरेर “भालूको कञ्चट” समाएको जोखिम प्रधानमन्त्रीले उठाएको छ । राजनीति सामान्यीकरण हुँदा उनले व्योहोर्नु पर्ने जोखिमबारे उहाँ अवगत हुनुहुन्छ । यो कदम पनि हठात् नभईकन सुनियोजित तरीकाले अगाडि बढेका कारण उनको बडी ल्याङ्गवेजबाट स्पष्ट हुन्छ ।

यस कदमबाट प्रतिक्रियात्मक रुपमा सडक संघर्ष विकसित हुँदै ठूलो चुनौतीको आकार लिएपछि संकटकालको घोषणा ओली रणनीतिको दोश्रो चरणको शुरुवात हुनेछ । आन्दोलनकारीको दमनात्मक स्थिति पैदा गरेर राजनीतिको पूर्ण अराजक र विकृत अवस्था सृजना भएपछि अन्तर्राष्ट्रिय मध्यस्थताबाट संघीय लोकतान्त्रिक गणतन्त्रको संविधान खारेज गरि राजनीतिक दलहरुको बहुपक्षीय आकाँक्षा अनुरुपको नयाँ संविधान ल्याउने रणनीति रहेको छ ।

नेपाली काँग्रेस, नेकपा र जनता समाजवादी पार्टीले दर्शनको जति कुरा गरेपनि यिनको मूल गन्तव्य राज्यसत्ता हो । राज्यसत्तामा पुगेर स्वार्थनीति बाहेक यिनको देश र जनताको कुनै चासो चिन्ता हुँदैन । रैतीबाट नागरिक बनाउने प्रतिबद्धता देखाएपनि यी प्रगितीशील दार्शनिकहरु सत्ताको मोहमा सबै बिर्से । कम्युनिष्ट सरकारको कार्यकाल त झनै कलंकित अवस्थाको रह्यो । खानपीन गराएर भोट संकलन गर्ने पुरानो प्रथालाई प्रगतिशील भनाउँदाहरुले नगद करोडौं रकम बाँड्ने नयाँ प्रथाको थालनी गरे । जनता त्यसैपनि यथास्थितिमा रहन बाध्य भयो । पैसा दिएर भोट लिंदा जनताप्रति दायित्व त्यहीं सकिएको जनप्रतिनिधिहरुको बुझाई रहेकोले स्वार्थलिप्सा झन्-झन् बढ्दै गएको हो ।

राष्ट्रिय राजनीति वृतमा थालिएको राजनीतिक खेलबारे अनभिज्ञ रहेको पार्टी कार्यकर्ताहरु सडकमा ज्यान गुमाउन आन्दोलनरत् छन् । जनता समाजवादी पार्टीले चरणबद्ध रुपमा विरोधका कार्यक्रम गरि रहेका छन् भने राजनीतिक खेलको कपट चाल बुझ्ने नेपाली काँग्रेस बडो सतर्कतापूर्वक साँकेतिक विरोध प्रदर्शन गरि रहेका छन् । प्रचण्ड नेपाल समूहको नेकपा पनि सोहीबमोजिम अगाडि बढि रहेको छ । यस आन्दोलनमा जोश छैन, जाँगर छैन, अन्य पार्टीको ऐक्यबद्धता छैन । तर पनि संगठित आन्दोलन हुन्छ । कसैलाई संसद स्थापना गराउन र कसैलाई संकटकाल लगाउन आन्दोलन त चाहिन्छ । त्यस कारण पनि आन्दोलनको अपरिहार्यता सबैले महसूस गरेका छन् ।

संसद विघटनभन्दा पनि नेकपा विभाजनबाट चीन धेरै चिन्तित देखिएको छ । यी दुबै घटना घट्नुपूर्व नेकपा भित्रको अन्तर्संघर्ष मिलाउने सिलसिलामा १४ मंसीरमा चिनियाँ रक्षामन्त्री जनरल वेई फेङ्गे आएर नेकपा सम्हाल्ने धेरै प्रयास गर्‍यो । त्योभन्दा पूर्व नेपालका लागि चिनियाँ राजदूत होउ यान्छी अहोरात्र खटेर नेकपाका सबै नेताको घरदैलोमा पुगी विस्फोटलाई रोक्ने प्रयास गर्दै थिइन् । यान्छीको प्रयास पर्याप्त नभएको चीनले अनुभव गरि रक्षामन्त्रीलाई नेपाल पठायो । तर पनि उपरोक्त घटना घट्यो । नेकपाको विभाजन चीनको लागि असह्य भएकोले एक महिना नपुग्दै चीनले अन्तर्राष्ट्रिय समन्वय विभागका उपमन्त्री गुओ येझाउलाई १२ पौषमा नेपाल पठायो ।

ओलीको देवत्व प्राप्त गरेको महत्वाकाँक्षा माथि आफ्नै सहकर्मीहरुको निरन्तर चोटको पीडालाई चीनले पनि नबुझेका कारण ओलीले चीनसँगको गहिरो न्यानो सम्बन्धलाई तिलाञ्जली दिई प्रतिस्पर्धीलाई पाठ सिकाउन यो कदम चालेको हो । असंवैधानिक कदम भनिएपनि ओलीले गरेर देखायो । अझै पनि कति कुराहरु गर्दै जाने सम्भावना छ । उनको महत्वाकाँक्षा माथिको प्रहारलाई चीनले बुझेन र ऊ नेकपाको एकतालाई मात्र देख्यो । अहिले पनि चीन व्यक्तिलाई होइन, पार्टी बचाउन खोजेकोले चीनबाट जतिसुकै कूटनयिकहरु नेपालमा आएपनि उनको दाल नगल्ने परिस्थिति ओलीले निर्माण गरि दिएको छ । यति मिहिनेतले बनाएको आफ्नो प्रभाव क्षेत्र पुनश्चः भारत र अमेरिकाको हातमा जाने चिन्ताले चीनको राजनीतिमा हलचल मचाएको छ ।

चीन-भारत र चीन-अमेरिकाको तनावपूर्ण सम्बन्ध वारको चरम विन्दुमा छ । चीन-भारत सीमानाकामा अनेक युद्ध सामग्री र सैन्य बलको तैनाथीले चीन जुन बेला पनि तृतीय विश्वयुद्धको प्रमुख कारण बन्न सक्ने खतरा छ । त्यस्तै अमेरिकासँग पनि युद्ध तनाव शिखरमा छ । नेकपाका कारण नेपालमा गहिरिंदो संवैधानिक संकटमा भारत र अमेरिका खेल्न सक्ने चीनको चासो छ । तिब्बतको सुरक्षालाई लिएर नेपालमा फैलाएको आफ्नो प्रभाव खुम्चिदै भारत र अमेरिकाको प्रभाव बढ्ने आशंकामा चीन गहिरो संकटमा परेको छ । चीनसँग एकतर्फी सम्बन्ध सुधार्ने नाममा भारतसंगको सम्बन्ध लामो समयदेखि तनावपूर्ण अवस्थामा बित्यो । नेपालको निकास द्वार रहेको भारतसँग बिग्रेको सम्बन्धबाट नेपाललाई नै घाटा हुने देखेर प्रधानमन्त्रीले सम्बन्ध सुधार्ने प्रयास गरेका हुन् ।

सम्बन्ध सुधार्ने प्रयासको ओलीबाट पहल हुँदा चीन जस्तै भारतबाट रअ प्रमुख सामन्तकुमार गोयल, सेनाध्यक्ष मनोज कुकुन्द नरवणे, विदेश सचिव हर्षबर्द्धन श्रृँगला र वीजेपी विदेश विभाग प्रमुख विजय चौथाइवा दुई महिनाको अन्तरालमा नेपाल भ्रमण गरि सकेर सम्बन्धको तनावलाई हटाउने प्रयास गरेका छन् । एमसीसी पास गराउने अमेरिकासँगको बोल कबोलको विरुद्ध विगतमा देखिएका बाधा व्यवधान हटेकोले एमसीसी पास हुने सम्भावना पनि बढेकोले चीनको चिन्ता बढ्नु स्वाभाविक हो ।

नेपालको मामिलामा भारतको किञ्चित पहललाई हस्तक्षेप भयो भनेर एकै स्वरमा कराउने राजनीतिक दलहरु कमसे कम चीनको हस्तक्षेपलाई अंगीकार गरी मौनता धारण गर्दै आएको चीनको लागि यही ठूलो उपलब्धि हो । जब चीन विरुद्धमा हस्तक्षेप, एकाधिकार, अतिक्रमणबारे आवाज उठ्न थाल्छ अनि मात्र चीनको नेपालसंग सम्बन्ध बिग्रियो बुझ्नु पर्दछ ।

नेपाल-भारतको प्राकृतिक सम्बन्धकै कारण सीमानाका खुला छ । कोरोनाको बेला घर आएका नेपालका मजदूरहरु कोरोनाको जोखिमको चिन्ता नगर्दै पुनश्चः भारत फर्केको दृश्यले नेपाल-भारतको सम्बन्धलाई वर्णन गर्दैन ? पारस्परिक जतिसुकै सीमा तनाव आएपनि सम्बन्धको सम्वेदनशीलताले स्वतः हल गरी सम्बन्धलाई सामान्य बनाउँछ । पाकिस्तान जस्तै नेपाललाई भारतको विरोधमा उतार्ने चीनको कट्टरवादी सोच नेपाल-भारत सम्बन्धको रापतापमा त्यसै पग्लेर जाने यथार्थलाई चीनले स्वीकार गर्नु पर्दछ ।

भारतसँग सम्बन्ध सुधार्ने प्रधानमन्त्री ओलीको सकारात्मक पहल दिनानुदिन गहिरो हुँदै गई रहँदा भारतीय विस्तारवाद मुर्दावादको नारा लगाउनेहरु स्वतः मौन हुने यो सम्बन्धको विशेषता हो । यसबाट चीन आत्तिनु पर्दैन । नेपाल-भारतको शताब्दियौंदेखि रहेको प्राकृतिक सम्बन्धलाई आफ्नो स्वार्थमा प्रयोग गर्दा त्यसबाट उत्पन्न विग्रह नेपालले एक्लै बेहोर्नु पर्ने कुरा नेपाललाई थाहा छ ।

नेकपा विभाजन र संसद विघटन गरि केपी शर्मा ओली उत्तरको जटिल हिमाली राजनैतिक यात्राभन्दा दक्षिणको सुगम लामो यात्रामा निस्केका छन् । यात्रा पूरा गरि फर्केर आउँदा जतिबेला पनि बिना सूचना नेपाल भ्रमण गर्ने चिनियाँ राजनयिकहरुका लागि यो सुविधा बन्द हुनेछ । नेपाल-भारत सम्बन्ध सुधारको नयाँ संस्करण आकर्षक हुने अनुमान गरिन्छ । दीर्घकालिक प्रभाव जमाउने, कसैले छिद्रान्वेषण गर्न नसक्ने, सबै देशसंग सन्तुलित कूटनीतिक सम्बन्ध स्थापित हुने गरि यो सम्बन्ध दुबै देशको हितमा विकसित हुनेछ । नेपाली जनतालाई आफ्नो स्वार्थमा प्रयोग गर्ने चीनको दाउ असफल हुने आगामी दिनले देखाउने छ ।

janukjha24@gmail.com

# उखु किसान र सरकारबीच भएको चारबुँदे सहमति

१. उखु किसानको बक्यौता भुक्तानी नगर्ने चिनी उद्योगीलाई सम्पत्ति रोक्का राख्ने, नगद कारोवार रोक्का राख्ने र थुनुवा पूर्जी जारी गर्ने लगायतका कारवाही प्रकृया शुरु भईसकेको छ। मन्त्रालयले चिनी उद्योगीले उखु किसानलाई भुक्तानी गर्नुपर्ने बक्यौता रकम सम्बन्धित उद्योगहरूबाट २१ दिन भित्र उपलब्ध गराउने व्यवस्था मिलाउने। तोकिएको म्यादभित्र बक्यौता रकम भुक्तानी नगर्ने चिनी उद्योगीहरूलाई सम्बन्धित सरोकारवाला निकायहरुसँग समन्वय गरी थप कानूनी कारवाहीको प्रक्रिया अगाडि बढाउने।

२. उखु किसान र चिनी उद्योगसँग सम्बन्धित अन्य समस्याका बारेमा अध्ययन गरी १२० दिन (एक सय वीस दिन) भित्र सुझाव पेश गर्न एक संयुक्त प्राविधिक समितिको गठन गर्ने।

२.१ उक्त समितिको संरचना देहाय बमोजिम हुने: ।

क) उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयको प्रतिनिधि १ जना

ख) गृह मन्त्रालयको प्रतिनिधि १जना

ग) कृषि तथा पशुपन्छी विकास मन्त्रालयको प्रतिनिधि १ जना

घ) अर्थ मन्त्रालयको प्रतिनिधी १ जना

घ) उखु किसानका प्रतिनिधि (पूर्व, मध्य र पश्चिम क्षेत्र हुने गरी) ३ जना

ङ) चिनी उत्पादक संघ १जना

च) उखु किसान संघर्ष समितिबाट २ जना

२.२. प्राविधिक समितिको कार्यादेश यस प्रकार हुने:

क) वक्यौता भुक्तानी हुनुपर्ने रकम उपर उद्योगी र उखु किसानको दावी फरक फरक भएको हुँदा यस सम्बन्धमा यथार्थ यकीन गरी भुक्तानीका सम्बन्धमा सुझाव पेश गर्ने।

ख) उखु किसानले नेपाल सरकारद्वारा निर्धारण गरिएको समर्थन मूल्य नपाएको भन्ने सम्बन्धमा सत्य तथ्य यकिन गरी सुझाव पेश गर्ने ।

ग) उखु किसानले नेपाल सरकारद्वारा दिएको अनुदान रकम नपाएको विषयमा सत्य तथ्य ( यकिन गरी सुझाव पेश गर्ने।

घ) उखु तथा चिनीको उत्पादन, वजारीकरण, रकम भुक्तानी र अनुदान वितरण एवं सुख्खा (जुन्ना) कट्टी लगायतका विषयमा उखु किसान तथा चिनी उद्योगीले भोगिरहेका समस्याका विषयहरूमा अध्ययन गरी अल्पकालीन तथा दीर्घकालीन सुझाव पेश गर्ने।

ङ) उखु किसानले चिनी मिलमा उखु बुझाई सकेपछि चिनी मिलले भुक्तानी गर्ने समयावधि किटान गर्ने सम्बन्धमा अध्ययन गरी सुझाव पेश गर्ने।

३) जिल्ला प्रशासन कार्यालय, सर्लाहीले तौल काँटाको बारेमा गरेको निर्णय तुरुन्त स्थगित गर्न गृह मन्त्रालयलाई अनुरोध गर्ने।

४) उखु किसानले काठमाण्डौंमा हाल गरिरहेको धर्ना तत्काल स्थगन गर्ने ।

# ओली, प्रचण्ड र माधव नेपालले आफ्नो स्वार्थका लागि देशलाई नै बन्धक बनाए

यदि सर्वोच्चले संसद विघटनलाई बद्दर गरेन भने देश आन्दोलनमा जान्छ, देशमा द्वन्द्व बढ्छ। त्यसपछि मुलुक पुनः लामो समयसम्म अस्थिरताको शिकार हुन्छ। देशलाई यदि अस्थिरताबाट बचाउने हो भने, संविधानको रक्षा गर्ने हो भने संसद पुनर्स्थापना गर्नैपर्छ। ७० वर्षको जनताको संघर्षबाट संविधानसभाबाट संविधान बनेको छ।



**खुशीलाल मण्डल**
**वरिष्ठ राजनीतिज्ञ**

**० संसद विघटनबारे के भन्नुहुन्छ ?**
– संसद विघटन संविधानमाथिको आघात हो। संसद विघटन कानूनसम्मत होइन। देश कानून र संविधानले चल्ने कि व्यक्तिको लहरले चल्ने ? कम्युनिष्ट पार्टीभित्र ६ महिनादेखि विवाद थियो, त्यस विवादको परिणाम संसद विघटन हो। माधव नेपाल, प्रचण्ड वा ओली आफ्नो स्वार्थका लागि देशलाई नै बन्धक बनाइदिने ? संविधानविहीनताको अवस्थामा ल्याइदिने ? यो संविधानको कुनै पनि धाराले संसद विघटन गर्ने अधिकार दिएको छैन। प्रश्न प्रचण्ड, ओली वा माधव नेपालको होइन, प्रश्न हो संवैधानिक सर्वोच्चताको। जसलाई ओली सरकारले आघात पुऱ्याएको छ र त्यसमा सहभागी बनेकी छिन् राष्ट्रपति।

**० प्रधानमन्त्री केपी ओलीले संसद विघटन गराउनुको उद्देश्य के हुन सक्छ ?**
– केपी ओलीले काम गर्न दिइएन भनेर ताजा जनादेशका लागि संसद विघटन गरेका छन्। तर के काम भएन ? ओलीको यो मनमानी भएन ? दलीय व्यवस्थामा दलको सर्वोपरि हुन्छ, व्यक्तिको हुँदैन। ओली संसदबाट किन पन्छिरहेका छन् ? अध्यादेशको बलमा देश चलाइरहेका छन्। कसरी काम गर्न पाएनन् ? कहाँ बाधा भएको छ, त्यो त भन्नुपऱ्यो नि। पार्टीभित्र विवाद थियो भने पार्टीमा मिलाउनुपर्छ। बहुमतको निर्णयलाई मान्नुपर्छ।. २००९ सालमा नेपाली कांग्रेसभित्र विवाद भयो, मातृकाप्रसाद कोइरालाई आदेश दियो कि चार घन्टाभित्र तपाईँले राजीनामा गर्नुस्। मातृका प्रसादले पार्टीको निर्णय मानेर राजीनामा गरे, बेग्लै कुरा हो कि फेरि राजाको कृपाले मातृकाजी दोस्रो पटक प्रधानमन्त्री हुनुभयो। एकातिर दलीय व्यवस्थाको कुरा गर्ने, अर्कोतिर पार्टीभन्दा माथि म नै हुँ भन्ने। पार्टीको निर्णय, विधानअनुसार उसले काम गर्नुपर्छ।

**० संविधानमै नभएको धारा टेकेर संसद विघटन गरियो, तर संसद विघटन मान्ने कि नमान्ने ?**
– अहिले प्रधानमन्त्रीले गरेको संसद विघटनलाई विघटन मान्न सकिँदैन। नेपालको इतिहासमा २०५९ साल जेठ ८ गते ११ बजे राति शेरबहादुर देउवाले राजाको इशारामा जीवनभरि प्रधानमन्त्री हुनसक्ने लोभमा संसद विघटन गरे। त्यसपछि नेपाली जनताले आन्दोलनको बलमा संसद पुनर्स्थापना गरेको इतिहास छ। त्यसो भए कसरी संसद विघटन मान्ने ? त्यसैले संसद अहिले विघटन भएको छैन। वि.सं. २०५१ सालमा मनमोहन अधिकारी अल्पमतमा थिए, संदन विघटन गर्ने सिफारिस गरेका थिए। सर्वोच्च अदालतले प्रधानमन्त्रीको निर्णयलाई असंवैधानिक ठहर गरेर संसद पुनर्स्थापना गऱ्यो। दुई-दुईटा नजिर छन्। एउटा आन्दोलनको बलमा भएको छ, दोस्रो अदालतले नै गरिएको छ।

**० संविधानको अन्तिम व्याख्याता भनेको सर्वोच्च अदालत नै हो। भनेपछि सर्वोच्चले संसद विघटनलाई बदर गर्न सक्छ त ?**
– कानूनी राज्य भयो भने सर्वोच्चले संसद विघटनलाई बदर गर्छ। जब संविधानकै विपरीत संसद विघटन गरिएको छ भने सर्वोच्चले निश्चितरुपमा यसलाई बदर गर्छ। संविधानले प्रधानमन्त्रीलाई संसद विघटन गर्ने कहीं पनि अधिकार दिएको छैन। प्रधानमन्त्रीलाई मन लागेको बेला वा अप्ठ्यारो परेको बेला संसद विघटन गरिदिनु भनेर संविधानमै छैन। त्यसका लागि संविधानले व्यवस्था गरेको छ। प्रधानमन्त्री ओलीले सदनका सामना गर्नुपर्दथ्यो। यदि केपी ओली अल्पमतमा आएको भए राजीनामा गर्नुपर्दथ्यो, अनि वैकल्पिक सरकारको माग गर्नुपर्दथ्यो। त्यसपछि सरकार बन्ने अवस्था नभएको भए स्वतः संसद विघटन हुन्थ्यो।

**० संविधानविपरीत छ भने सर्वोच्चले कुनै कदम किन लिएन ?**
– संसद विघटनविरुद्ध अहिले विभिन्न रिटहरु सर्वोच्च अदालतमा परेका छन्। त्यसमाथि बहसहरु भइरहेका छन्। सर्वोच्चले त्यसमा निवेदकहरुको मागअनुसार अन्तरिम आदेश दिएन। जब राजा ज्ञानेन्द्र शेरबहादुर देउवाबाट संसद विघटन गराएर संकटकाल लागू गरेर चुनाव गराउने घोषणा गरेका थिए, त्यसबेलामा पनि रिट परेको थियो र सर्वोच्च अदालतले भनेको थियो कि संकटकालमा पनि चुनाव हुनसक्छ। तर जनताको अदालतले त्यसलाई अस्वीकार गरेर संसद पुनर्स्थापना गऱ्यो। यसरी नजिरहरु थुप्रै छन्।

**० सर्वोच्चले यदि संसद विघटनलाई बदर गरेन भने त्यसपछिको अवस्था कस्तो देख्नुहुन्छ ?**
– यदि सर्वोच्चले संसद विघटनलाई बदर गरेन भने देश आन्दोलनमा जान्छ, देशमा द्वन्द्व बढ्छ। त्यसपछि मुलुक पुनः लामो समयसम्म अस्थिरताको शिकार हुन्छ। देशलाई यदि अस्थिरताबाट बचाउने हो भने, संविधानको रक्षा गर्ने हो भने संसद पुनर्स्थापना गर्नैपर्छ। ७० वर्षको जनताको संघर्षबाट संविधानसभाबाट संविधान बनेको छ। जनताको बलिदान, त्यागबाट यो संविधान बनेको हो। यो संविधानको रक्षा सर्वोच्च अदालतले गर्नैपर्छ। सर्वोच्च अदालत संविधानको अन्तिम व्याख्याता पनि हो, यदि सर्वोच्चले पनि अपव्याख्या गऱ्यो भने देशमा द्वन्द्व बढ्छ, त्यसको परिणाम न्यायाधीशहरुले पनि भोग्नुपर्छ। जनताले माफी दिँदैन।

**० जनताले नेकपालाई बहुमत दियो तर पनि यो सरकारले काम गर्न सकेन। ताजा मतादेशका लागि निर्वाचनमा जान किन उपयुक्त होइन ?**
– मध्यावधि चुनावको घोषणा त राजा ज्ञानेन्द्रले पनि गरेका थिए, खोई चुनाव भयो त ? चुनावमा गएर के हुन्छ ? चुनावमा जानुको अर्थ हो कि दोस्रो राजा ओलीले संविधानभन्दा माथि आफूलाई ठानेर संसद विघटनको निर्णयलाई मान्यता दिनु हो। ओलीको संविधान विरोधी निर्णयलाई स्वीकार गर्नु हो। त्यसकारणले म आमजनता र राजनीतिक दललाई आग्रह गर्न चाहन्छु कि जनताको ७० वर्षको बलिदान र संघर्षबाट प्राप्त यो संविधानलाई रक्षाका निम्ति सबै एकजुट भएर आन्दोलनमा जानुपर्छ र सदन पुनर्स्थापना गर्नुपर्छ। ओलीको सनकको शिकार बनेर चुनाव स्वीकार गर्नुहुन्न।

**० संसद विघटनपछाडिको उद्देश्य हुन सक्छ त ?**
– संसद विघटनको पछाडि कुनै उद्देश्य नै छैन। बिना कारण विघटन गरियो। यसको एउटै कारण के हो भने प्रधानमन्त्री र राष्ट्रपति दुवै जना शारिरीकरुपमा मात्रै होइन कि मानसिकरुपमा पनि रोगी छन्। एक जना क्यान्सरबाट पीडित छन् भने अर्को किड्नी पीडित छन्। जसले गर्दा यिनीहरु गलत क्रियाकलाप गरिरहेका छन्। अहिलेसम्म कुनै पनि काम स्वविवेकले होइन मानसिक रोगका कारण काम गर्दै आएका छन्।

**० राष्ट्रपतिको भूमिकामाथि प्रश्न उठाउने संविधानले नै ठाउँ दिएको छैन नि ?**
– राष्ट्रपतिको मर्यादाको कुनै ख्याल नै गरिएको छैन। एउटा दलको अर्को कार्यालयको रुपमा राष्ट्रपति कार्यालयलाई बनाइदिएको छ। यो पहिलो घटना होइन, थुप्रै छन्। राष्ट्रपति भनेको देशको हो। यदि संसद पुनर्स्थापना भयो भने राष्ट्रपति माथि पनि महाअभियोग लाग्न सक्छ।

**० तर हाम्रो संविधानले अलंकारिक राष्ट्रपतिको परिकल्पना गरेको छ, प्रधानमन्त्रीको प्रस्तावलाई स्वीकृत गर्नेबाहेक अर्को बाटो नै छैन नि ?**
– संविधानले राष्ट्रपतिलाई धेरै अधिकार दिएको छ। उहाँले संविधानविपरीतका प्रस्ताव आउँदा कानूनी सल्लाह दिनुपर्दथ्यो, स्पष्टीकरण सोध्नुपर्दथ्यो। सरकार गठन हुनसक्ने व्यवस्था हुँदाहुँदै के कारणले संसद विघटन गर्ने सिफारिस गरियो। यो राष्ट्रपतिको अधिकार पनि छ। जब सूर्यबहादुर थापाले वि.सं. २०५५ सालमा सदन विघटन गर्ने सिफारिस राजदरबारमा गरेका थिए त्यो बेलामा राजा वीरेन्द्रले कानूनी सल्लाह लिनका लागि सर्वोच्च अदालतमा पठाएका थिए। सर्वोच्च अदालतले प्रधानमन्त्री सूर्यबहादुर थापाको सिफारिसलाई गैरसंवैधानिक भनेर अस्वीकार गरेको थियो। यस्ता नजिरहरु छन् देशमा, राष्ट्रपतिले गर्न सक्नुहुन्थ्यो। अधिकार छैन भनेर हुन्छ ? पार्टीको विवाद मिलाउन ओलीलाई बोलाएर भोज खुवाउने अधिकार संविधानले दिएको छ त ?

**० यदि सर्वोच्चले संसद विघटनलाई बदर गऱ्यो भने प्रधानमन्त्री ओलीले मुलुकमा संकटकाल लगाउन सक्ने सम्भावना कतिको छ ?**
– केपी ओलीले अहिले नै संकटकाल लगाउन सक्छन्। यदि संसद पुनर्स्थापना भयो भने प्रधानमन्त्रीले नैतिकताको आधारमा स्वतः राजीनामा दिए, उनको लागि पनि वेश हुन्छ। हैन भने त्यहीं संसदले प्रधानमन्त्रीको विरुद्ध अविश्वासको प्रस्ताव पारित गरेर उनलाई पदमुक्त गरिदिन्छ। अर्को कुरो, यो दुनियाँमा जहाँ पनि सदन विघटन भएपछिको सरकार काम चलाउ हुन्छ। उसले कुनै पनि नीतिगत निर्णय लिन सक्दैन। तर दुर्भाग्य, संविधानको विपरीत क्याबिनेट पुनर्गठन गरिरहेका छन्।

# प्रचण्ड–नेपालका कारण संसद विघटन भयो



**ज्वाला कुमारी साह**
**प्रदेशसभा सदस्य, प्रदेश २, नेकपा ओली समूह**

० तपाई प्रचण्ड-नेपाल समूहमा हुनुहुन्थ्यो, अहिले केपी ओली समूहमा देखिनुभएको छ नि ?
– म कुनै पनि गुटमा लाग्या हैन, गुटवाद मुर्दावाद भनेर विगतदेखि नै भन्दै आएको हु। त्यसकारणले गर्दा म जहाँको त्यहीं नै छु। कसैले भ्रम फिजाएको छ भने त्यसबाट स्पष्ट हुनहोला।

० तपाई अहिले कुन समूहमा हुनुहुन्छ ?
– हाम्रो जुन संस्थागत पहिलो अध्यक्ष हुनुहुन्छ सम्माननीय प्रधानमन्त्री केपी शर्मा ओली, उहाँकै साथमा छु।

० तपाई पूर्वमाओवादी खेमाबाट ओली समूहमा किन लाग्नुभयो ?
– प्रचण्डको साथ हामीले छोडेका होइनौं, वास्तवमा साथ त उहाँले छोड्नुभएछ। उहाँले छुट्टै गुट भेला गर्नु भएछ। उहाँ छुट्टै गुटको भेला गर्ने र केही व्यक्तिको मात्रै नेता हुन खोज्ने काम गर्नुभयो। महान नेताको काम हुन्छ सबैको कुरा सुन्ने र आफ्नो दिमागले ठोस निर्णय गरेर अगाडि बढ्ने हुन्छ। तर त्यो उहाँमा देखा परेन र उहाँ एउटा संकुचित भावनाको साँघुरो घेरामा पर्नुभयो र त्यो घेराबाट बाहिर निस्कन सक्नुभएन। नेकपाको दुई तिहाइको सरकार थियो। हामीले ठूल-ठूला आन्दोलनहरु गरेर आएका छौं। यी आन्दोलनहरुका उपलब्धिहरुलाई कम्तिमा रक्षा गर्न हामीले अहिले यहाँसम्म आइपुगेका छौं। कम्तिमा हामीले गणतन्त्रको स्थापना, संघीय संरचना र नयाँ संविधान जुन हाम्रो देशमा दिन सकेका छौं, त्यसलाई संस्थागत गर्ने र हामीले रक्षा गर्ने खालको कदम चाल्नु पर्ने थियो, त्यो देखा परेन। नेकपाको दुई तिहाइको सरकारलाई घेराबन्दीमा गर्ने र सांगठनिक काम जतिपनि कार्यकारी अध्यक्ष भएपछि गर्नुपर्ने त्यो देखा परेन उहाँबाट। खाली कहिले प्रधानमन्त्री र राष्ट्रपति कहिले खुस्किएला भन्नेमा मात्र लागिरहनुभयो। एक अर्कालाई सहयोग गर्नुभन्दा पनि उल्टै त्यसलाई पचाउन नसकेर गतिविधि गर्न थाल्नुभयो। त्यसकारणले म उहाँ (प्रचण्ड)लाई साथ दिन सकिनँ।

**० तर नेकपाका बहुमत केन्द्रीय सदस्यहरु प्रचण्ड-नेपालतर्फ देखिएका छन्, प्रधानमन्त्री ओली त अल्पमतमा देखिनुभएको छ नि ?**
– प्रधानमन्त्री ओली अल्पमतमा हुनुहुन्न, अल्पमतमा त प्रचण्ड-नेपाल समूह छ। हाम्रो केन्द्रीय समिति विस्तार भएको छ, यताबाट कसैलाई पनि कारबाही गरिएको छैन। ११९९ जनाको अहिले महाधिवेशन समिति पनि निर्माण भएको छ। हामीले अल्पमत र बहुमतको कुरा गरेका छैनौं, हामीले देशलाई बचाउन र पार्टीलाई अझ पनि एकताबद्ध गर्न अगाडि बढ्न खोजेका हौं। उहाँहरु फेरि पनि मूलधारमा फर्किनुहुन्छ भन्ने आशा छ।

**० प्रधानमन्त्री ओलीले त संविधानविपरीत संसद विघटन गर्नुभएको छ, जनता र देशको हितमा कसरी हुन्छ ?**
– संसद विघटनमा उहाँको मात्रै हात छैन नि। उहाँ खुशीले वा हाँसेर संसद विघटन गर्नुभएको छैन। उहाँले अन्तिम समयसम्म पनि प्रचण्डलाई मिलाउन खोज्नुभयो, हामी सँगै थियौं। प्रधानमन्त्रीले प्रचण्डलाई हामी मिलौं, समन्वय गरेर अगाडि बढौं र देश बचाऔं भनेर लचकता आग्रह गर्नुभएको थियो। मेरै कमाण्डमा ३५ जनाको समूह लिएर पार्टी एकता जोगाउनका लागि दबाब दिन खुमलटार पुगेका थियौं। तर पनि उहाँ मान्नुभएन र संसदको दुःखद विघटन हुनपुग्यो। संसद विघटन हुनुमा प्रधानमन्त्रीभन्दा पनि कमरेड प्रचण्ड र माधव नेपाल नै बढी जिम्मेवार हुनुहुन्छ।

**० पार्टी झगडाका कारण संसद नै विघटन गर्न प्रधानमन्त्रीलाई कसले अधिकार दियो ?**
– प्रधानमन्त्रीसँग त सबै अधिकार हुन्छ नि। प्रधानमन्त्रीको अधिकार क्षेत्रभित्र नपरेको भए संसद विघटन गर्नु हुन्थेन। प्रचण्ड-माधव नेपाल समूहले अविश्वासको प्रस्ताव दर्ता गराइसकेको अवस्था, राष्ट्रपति विरुद्ध महाभियोग लगाउने तयारी लगायतका जुन खालको खराब चिन्तन थियो, त्यसको विरुद्धमा प्रधानमन्त्रीले यस्तो कदम चाल्न बाध्य हुनुभयो। हाम्रै पार्टीको दुई तिहाइको सरकार हुँदा पनि अविश्वासको प्रस्ताव किन ल्याउनुपर्ने अवस्था आयो ? यदि अविश्वासको प्रस्ताव नल्याइदिएको भए, प्रचण्डले प्रधानमन्त्रीका विरुद्ध षड्यन्त्र नगरेको भए यस्तो अवस्था आउने थिएन। मुलुकमा समस्या निम्त्याउने योजना प्रचण्ड र माधव नेपालको थियो।

**० अविश्वासको प्रस्तावलाई प्रधानमन्त्री ओलीले किन सामना गर्न सक्नुभएन त ?**
– भनिन्छ, 'मरता क्या नहीं करता'। उहाँले मिलाउन धेरै कोशिस गर्नुभयो तर केही उपाय नलागेपछि अन्तिम अवस्थामा उहाँले संसद विघटनतिर लाग्नुभयो। प्रचण्डले प्रधानमन्त्री ओलीलाई अविश्वासको प्रस्ताव सामना गर्ने ठाउँ नै दिनुभएन। भित्रभित्रै विभिन्न षड्यन्त्र गरेर गोप्यरुपमा अविश्वासको प्रस्ताव ल्याउनुभएको थियो। मैले कमरेड प्रचण्डलाई नजिकबाट चिनेको छु, उहाँमा जुन खालको संकीर्ण सोच हावी भएको छ त्यसले गर्दा पार्टीका लक्ष्यअनुसार नेकपा अगाडि बढ्न सकेन। उहाँलाई कार्यकारी अध्यक्षको जिम्मा दिइएको थियो, एकीकरण प्रक्रिया टुंग्याउने जिम्मा थियो तर किन आफ्नो काममा चुक्नुभयो ? आफूले पाएको जिम्मेवारी पूरा नगर्ने तर अरुमाथि दोष मात्रै लगाउने प्रचण्डको प्रवृत्ति छ। अब जनतामा गएर नयाँ जनादेश नै विकल्प हो।

**० प्रदेश २ मा प्रचण्ड-माधव नेपाल पक्ष बलियो देखिनुभएको छ नि ?**
– प्रदेश २ मा ओली पक्ष कमजोर र प्रचण्ड-माधव नेपाल पक्ष बलियो भनेर अहिले नै भन्न सकिने अवस्था छैन। अहिले हामी प्रदेशमा नेता कार्यकर्ता भेला गरिरहेका छौं। आगामी चुनावमा पनि पहिलो पार्टीरुपमा आउँछौं, हाम्रो पार्टी नेकपा नै रहनेछ र चुनाव चिन्ह सूर्य नै रहन्छ। प्रदेश २ मा पनि राम्रो जनलहर ल्याएर अगाडि बढ्न सक्ने हामीमा क्षमता छ। कसैले अल्पमत र बहुमतको खेल खेल्यो भने उ आफै असफल हुन्छ। प्रदेश २ मा हामी (ओली समूह) कमजोर छैन। भोली फिल्डमा जाँदा थाहा हुन्छ।

**० तत्कालीन माओवादी केन्द्रका प्रदेश २ का संसदीय दलका नेतालगायतका प्रभावशाली नेताहरु ओलीतिर लाग्नुभएको छ, भनेपछि आगामी दिनमा अझै प्रदेश सांसदहरु ओली पक्षमा आउनु हुन्छ ?**
– अहिले प्रचण्ड-नेपाल समूहका अन्य नेता कार्यकर्ताहरु आउने क्रम जारी छ। हाम्रो छलफल र भेलाहरु तीव्ररुपमा भइरहेका छन्। हामी कुनै पनि प्रलोभन, दबाब वा लोभमा परेर प्रधानमन्त्री ओली समूहमा लागेका होइनौं। हामी स्वविवेकले प्रधानमन्त्री ओलीको समूहमा लागेको हौं। पार्टी एकता अझ मजबुत र बलियो होस् भनेर हामी गुटबन्दीमा लागेनौं। हिजोको दिनमा म प्रचण्डनिकट थिएँ, उहाँको विश्वासको पात्र थिएँ तर उहाँको गलत कार्यशैलीका कारण हामीले उहाँलाई साथ दिन सकेनौं। उहाँले मुलुकलाई नै धरापमा पार्ने, सरकारलाई काम गर्न नदिने, आरोप-प्रत्यारोप मात्रै लगाउने कार्यमा देखिनुभयो।

**० प्रधानमन्त्रीले आगामी बैशाख १७ र २७ गते प्रतिनिधिसभा निर्वाचनको मिति तोकिसक्नुभएको छ, तपाईँहरु के एजेण्डाका साथ चुनावमा जानुहुन्छ ?**
– हामीले आगामी चुनावमा केपी ओली नेतृत्वले गरेका कामहरुको प्रचार प्रसारको रुपमा लग्नेछौं। यो सरकारले धेरै नै राम्रा-राम्रा कामहरु गरेको छ, जनताका पक्षमा धेरै कामहरु पनि भएका छन्। हामीले अहिलेसम्म पाएका उपलब्धिलाई कसरी संस्थागत गर्ने लगायतका एजेन्डाहरु छन्। सरकारले गरेका राम्रा कामहरुबारे जनताको घरदैलोमा गई बुझाउने प्रयास गर्नेछौं। हामीलाई आशा छ कि जनताले पनि हाम्रो कुराबाट सन्तुष्ट हुनुहुन्छ।

**० तपाईँहरुलाई जनताले करिब दुई तिहाइको नजिक पुऱ्याइदियो तर काम गर्न सक्नुभएन, फेरि कसरी विश्वास गर्ने ?**
– जनताले निश्चितरुपमा हामीमाथि विश्वास गरेका छन्। जनताको आशा र भरोसाको केन्द्र प्रधानमन्त्री केपी शर्मा ओली नै हुनुहुन्छ। तपाइँ हामीभन्दा बढी राम्रोसँग जनताले सरकारको काम कारबाहीको मूल्यांकन गरेका छन्। संसद विघटनबाट जनता निराश भएका छैनन्, बरु खुशी भएका छन्।

*(मधेशवाणीका लागि रामसुकुल मण्डलले गरेको कुराकानीको सम्पादित अंश)*

# सहमति भएपनि किसानको आन्दोलन जारी छ



**राकेश मिश्र**
**संरक्षक, उखु किसान संघर्ष समिति**

पीडित उखु किसान नारायण राय यादव (भगतजी)को निधनबाट हामी अत्यन्तै दुःखद कुरा हो । यसले हाम्रो किसान आन्दोलनमा अपूरणीय क्षति भएको छ । हामी सबै किसान साथीहरु मर्माहत पनि भएका छौं । उहाँ पहिलो किसान शहीद हुनुभयो । हाम्रो लागि उहाँ सधैंभरि पुजनीय रहनुहुनेछ । उहाँ यो संसारबाट जाँदा प्रेरणा दिएर जानुभएको छ । उहाँले कसरी दुःख गरेर उखु खेती गर्नुभयो, मिलमा बुझाउनुभयो । उहाँको चार वर्षदेखिको भुक्तानी बाँकी छ । यसबारे कसैले पनि सोचिदिएन र बोलिदिएन ।

किसानलाई उद्योग र सरकारले असंगठित र सोझासाझा सम्झन्छन् । मैले किसानहरुलाई भन्दै आएका थिए कि तपाइँहरुमा धेरै ताकत छ । धोती र चप्पल लगाउँदैमा तपाइँहरु कमजोर हुनुहुन्छ भनेर नठान्नुस् । तपाइँहरु संगठित हुनुस्, संरक्षणको जिम्मेवारी हाम्रो हो । यो हकको लडाइ हो, न्याय प्राप्तिको लडाइ हो, न्यायिक संघर्ष हो । मूल विषय हामी विगत दुई वर्षदेखि लगातार आन्दोलन गर्दै आइरहेका छौं । सर्लाहीमा पनि आन्दोलन गर्दा त्रिपक्षीय सहमति भयो, ६ महिनाको भाका राखेर पनि उखु किसानको भुक्तानी भएन । त्यसपछि हामी गत वर्षको पुसमा १८ दिनसम्म काठमाडौंमा आन्दोलन गऱ्यौं, त्यसपछि पनि सरकारले पाँचबुँदे सहमति गऱ्यो । त्यो सहमतिमा उखु किसानसम्बन्धी सम्पूर्ण समस्यालाई दुई भागमा बाँडियो । त्यसमा तत्कालै गर्नुपर्ने काम भुक्तानीको थियो । अर्को बाँकी जुन सहमतिका चार वटा बुँदा थियो त्यसमा दीर्घकालीन समाधानका उपायहरु थियो । तैपनि किसानका भुक्तानी भएन । त्यसपछि हामी फेरि बाध्य भएर गत मंसिरको २८ गतेदेखि सयौं किसानहरुसहित काठमाडौंमा आन्दोलन सुरु गऱ्यौं ।

केही साथीहरुको गुनासाहरु छन्, उहाँहरु आन्दोलनमा नआउने, न्यायिक संघर्षमा भाग नलिने तर अगुवा र नेतृत्व गर्न चिन्ता गर्नु हुन्छ । उहाँहरु आउनुपऱ्यो, किसान साथीहरुसँग बस्नुपऱ्यो । अहिलेसम्म हामीले जेजति निर्णय गरेका छौं, किसान साथीहरुकै सहमतिमा गऱ्यौं । हामी आन्दोलनरत् रहँदा दुई-दुई पटक सरकारको तर्फबाट वार्ताका लागि प्रस्ताव आयो तर हामी गएनौं । हामीले सरकारलाई भन्यौं कि हामी निर्णायक आन्दोलनमा आएका छौं, पैसा लिएरै फर्कन्छौं । मन्त्रीज्यूहरु पनि स्वयम् आन्दोलनरत् स्थानमा आउनुभयो, विपक्षी दलका वरिष्ठ नेता रामचन्द्र पौडेलजी आउनुभयो, सबै जना सडकमै बस्नु भयो । उहाँहरुले भन्नुभयो कि आन्दोलन रोक्नुस्, सबै माग सम्बोधन गर्न तयार छौं । जब मन्त्रालयले किसानको माग पूरा गर्ने जिम्मा लियो, उद्योगीहरुमाथि कानूनी कारबाही गरेर भएपनि सबै पैसा दिलाउँछौं भनेपछि मात्र हामी वार्तामा गयौं । हामी वार्तामा बसेपछि फेरि किसानका सबै समस्याहरुलाई दुई भागमा बाँडियो, तत्कालीन र दीर्घकालीन रुपमा । तत्कालीन रुपमा भुक्तानी कति गर्ने त ? हामीले ९० करोडभन्दा बढी भन्यौं, अनि सरकारले ६५ करोडको मात्रै सूचना छ भन्यो । हामीले भन्यौं कि ठिक छ, ६५ करोड तत्काल भुक्तानी होस् र बाँकी रकमको छानबिनका लागि सहमति भयो । छानबिन समितिले चार महिनाभित्र रिपोर्ट दिने सहमति भएको छ । सरकारले ३३ करोड तुरुन्तै भुक्तानी हुन्छ र ३२ करोडका २१ दिनको समय मागेको छ । शर्तसहित हामीले २१ दिनको समय दिन तयार भयौं । २१ दिन कटिसकेपछि यदि भुक्तानी भएन भने उद्योगीलाई कानूनी कारबाही सरकारले के गर्छ भन्ने कुराको सहमति गराएका छौं । अहिलेसम्म उद्योगीहरुमाथि भएको कानूनी कारबाहीमा उद्योगीको ट्राभल डकुमेन्ट, घरजग्गा, बैंक खाता रोक्का र पक्राउ पुर्जी जुन जारी भएको छ त्यसको निरन्तरता राखेर हामीले थप कानूनी कारबाहीको कुरा गऱ्यौं । ३३ करोड तत्कालै दिने भएपछि हामीले सहमति गऱ्यौं ।

कतिपय साथीहरुले हामीमाथि विभिन्न किसिमका आरोपहरु लगाउँछन् । उखु किसानको समस्या आजदेखिको होइन, वि.सं. २०७१ सालदेखिको नै हो । उहाँहरुले यति दिनसम्म के हेरेर बस्नुभएको थियो ? त्यतिबेला उहाँहरुले किसानको पक्षमा किन बोल्नुभएन ? किसानको समस्या त सबैको समस्या हो, यसका सबैले आआफ्नो तर्फबाट पहल गरिदिनुपर्ने हो । आफूले नगर्ने तर कसैले गऱ्यो भने त्यसमाथि अनेक प्रकार टिकाटिप्पणीहरु गर्नु न त किसानको हितमा छ न त देशको हितमा छ । हामी जो जहाँ छौं, सबैले किसानकै मिहेनतबाट उब्जेको खाद्यान्न उपभोग गरिरहेका छौं । टिकाटिप्पणी गर्न सजिलो छ, तर काम गरेर देखाउन कठिन छ । जो व्यक्ति निष्कृय हुन्छ त्यो व्यक्ति प्रायः आलोचक हुन्छन् । हामी उखु किसानको मुद्दा उठाउँदा खेत-खलियानमा गएर एक-एक किसानसँग प्रत्यक्ष भेटेका छौं, पीडा र दुःख बुझेका छौं । धेरै मिडियाका साथीहरु पनि ग्राउण्डमै गएर रिपोर्टिङ्ग गर्नुभएको छ । त्यसकारणले अनावश्यक टिकाटिप्पणीको पछाडि नलागौं ।



*हृदयघातबाट मृत्यु भएका सर्लाहीका उखु किसान नारायण राय यादव (भगतजी)*

जब देशको काल-परिस्थिति जब सामान्य रहेन, संसद विघटन भयो, सरकार काम चलाउ भयो र हामी पनि सडकमै बसिरह्यौं । हामीले सरकारसँग सहमति गरिसके पनि खुशी भएका छैनौं, मनमा पीडा अवश्य छ । हामी त्यतिबेला खुशी हुन्छौं जब सम्पूर्ण भुक्तानी हुन्छ । हाम्रा चाहना सम्पूर्ण भुक्तानीको थियो । गाउँबाट हामीले शपथ नै खाएर आएका थियौं कि सम्पूर्ण भुक्तानी नभएसम्म खाली हात फर्किदैनौं । तर देशको काल-परिस्थितिले सरकारसँग सहमति गऱ्यौं, लगभग ५० प्रतिशत भुक्तानी अहिले नै भयो र बाँकी भुक्तानीका लागि हामीले सरकारलाई २१ दिनको समय दिएका छौं । हामीले त्यतिकै २१ दिनको समय दिएका होइनौं, कानून आधारसहितको अल्टिमेम दिएका छौं । किनको आँशु पोछ्ने ठाउँमा अनेक प्रकारका प्रश्न उठाउनु न्यायोचित होइन । हामीले सरकारसँग सहमति गरेपछि प्रश्न उठाउनेहरु कहिले पनि किसानको बैठकमै आएका छैनन् । हामीलाई वार्ताका लागि प्रस्ताव आउँदा सडकमै बसेर किसानहरुको बीचमा यसबारे छलफल गरेर कुनै निर्णय गर्छौं, कुनै बन्द कोठमा छलफल वा निर्णय गर्दैनौं । सरकारसँग वार्ता गर्ने बेलामा पनि मन्त्रालयले ३ जना मात्र आउनुस् भनेको थियो तर हामी १३ जना किसान साथीहरु वार्तामा गयौं । हामीले सरकारसँग एक-एक विषयमा खुलस्त रुपमा वार्तामा गरेका छौं । किनभने हामी समस्या लिएर आएका छौं भने समाधानका उपायसमेत दिएका छौं । हामीले अन्य कुरामा ध्यान नदिएर किसान के चाहन्छ त्यसमा हामी बढी केन्द्रित छौं । हाम्रो चाहना थियो कि सबै किसानको भुक्तानी लिएपछि मात्रै फर्कने । हाम्रो त्यो चाहनामा देशको राजनीतिक घटनाक्रमले अलि आघात पुगेको छ, हाम्रो चाहना पूरा भएको छैन । सरकारले हामीसँग २१ दिनको समय मागेको छ, हामी ढुक्क भइसकेका छैनौं । खबरदारीका लागि हामी पाँच जना किसान अहिले पनि काठमाडौंमै बसिरहेका छौं । दिनहुँ हामी मन्त्रालयको सम्पर्कमा छौं, सरकारलाई घच्घचाइरहेका छौं । समष्टिगतरुपमा हामी अहिले पनि आन्दोलनमै छौं । देशको काल-परिस्थितिका कारण सहमति गनुपऱ्यो । हामीले गरेका सहमतिका बुँदालाई अध्ययन गर्नुपऱ्यो । हामीले किसानका हकहितका सम्पूर्ण समस्याको समाधान हुने गरी समावेश गरेका छौं ।

यो क्रममा उखु किसानको आन्दोलनप्रति धेरै षड्यन्त्रहरु पनि भए । उद्योगीहरुले आन्दोलनमा आउनु भएका किसान साथीहरुलाई चिया पसलमा बोलाएर काका, बाबा तपाइँको कति बाँकी छ, पैसा लिनुस् र घर फर्किनुस् भनेर आन्दोलनलाई कमजोर बनाउने षड्यन्त्रहरु पनि भए । तर किसानहरु कसैको प्रलोभनमा नपरी आफ्नो हक अधिकारका लागि निरन्तर आन्दोलन गरिरहे । यो आन्दोलनमा काठमाडौं आउनका लागि पाँच हजारभन्दा किसान साथीहरुले नाम लेखाएका थिए । तर कोरोना महामारी र काठमाडौंको चिसोका कारण हामीले धेरै कम साथीलाई मात्र आन्दोलनमा ल्यायौं । यो आन्दोलनमा काठमाडौं बस्ने किसानका छोराछोरीहरु पनि सहभागी हुनुभयो । त्यसैले पूरै पवित्र भावनाले यो आन्दोलन गरिएको हो ।

मृतक किसान नारायण राय यादव (भगतजी)लाई किसान शहीद भनेर घोषणा गरेका छौं । उहाँले राज्यको तर्फबाट किसान शहीदको मान्यता पाउनुपर्छ । यो एउटा राज्यका लागि प्रेरणाको स्रोत हुन्छ । उहाँको क्षतिपूर्ति र सम्पूर्ण जिम्मेवारी राज्य र उद्योगीले लिनुपर्छ । किनभने हामीले स्मरणपत्रमा पहिला भनिसकेका थियौं । त्यसकारणले शहीद किसानको सम्पूर्ण क्षतिपूर्तिको व्यवस्थापन होस् । उद्योग र गृह मन्त्रालयका प्रतिनिधिले पनि प्रतिबद्धता गर्नुभएको छ कि क्षतिपूर्ण हुन्छ । गृह मन्त्रालयले क्षतिपूर्तिका लागि प्रक्रिया सुरु गरिसकेको छ । तर हाम्रो र उखु किसानका लागि धेरै पीडादायी क्षण हो । हामी सम्पूर्ण किसान साथीहरु शोकमा डुबेका छौं ।

पत्रिव भावनाका साथ यो आन्दोलन अगाडि बढेको छ । यसलाई गलत दृष्टिकोणले नहेर्नुस्, कसैको लोकप्रियतासँग नदाज्नुस् । जसले आन्दोलनको अगुवाई गर्छ, उसको चर्चा अवश्य नै हुन्छ, यसबाट डाह नगर्नुस् । यो सबैको सरोकारको विषय हो । किनभने जबसम्म कृषक समृद्ध हुँदैन तबसम्म मधेश र नेपाल पनि समृद्ध हुँदैन । कृषक समृद्ध भएपछि राष्ट्र समृद्ध हुने हो । समृद्धिको लक्ष्य प्राप्तिका लागि हामीसँग कृषि नै मूल आधार हो । यसप्रकारको पवित्र भावनालाई बुझिदिन सबैसँग म आग्रह पनि गर्न चाहन्छु । खासगरी किसानको आन्दोलनमा सहयोग र सद्भाव राख्ने काठमाडौंका समृद्ध समाज र सञ्चार जगत्लाई समेत विशेष धन्यवाद र आभार पनि व्यक्त गर्न चाहन्छु ।

## संविधान अपूरो रहेको पुष्टि : मन्त्री सोनल

जनकपुरधाम । प्रदेश २ का भौतिक पूर्वाधार विकास मन्त्री जितेन्द्र सोनल संसद विघटनविरुद्ध जसपाले गरेको विरोध प्रदर्शनमा सहभागी भएका छन् । जनकपुरमा भएको प्रदर्शनमा मन्त्री सोनलले प्रधानमन्त्री केपी ओलीको असंवैधानिक कदमले संविधान अपूर्ण रहेको पुष्टि भएको दावी गरे । मन्त्री सोनलले प्रधानमन्त्रीको कदमले नै संविधान अधुरो रहेको प्रमाणित गरेको बताए । उनले भने, 'जुन प्रकारले प्रधानमन्त्री ओलीले प्रतिनिधसभा विघटन गरेर जनताको भविष्यसँग खेलवाड गरेका छन्, त्यसको विरुद्ध सबै प्रजातान्त्रिक शक्ति एक भएर लड्नु पर्ने आवश्यकता छ ।'
पार्टी भित्रको आन्तरिक किचलोका कारण पूरै देशलाई बन्धक बनाउनु अनुचित रहेको भन्दै उनले आपसी विवादको कारण प्रधानमन्त्रीले पूरै देशलाई नै अन्यौलतामा धकेलेको आरोप लगाए । झण्डै दुई तिहाइको सरकार रहेकोमा नेपाली जनताको आशा भरोसालाई नेकपाले तोडेको मन्त्री सोनलले बताए । जनकपुरधाममा निकालिएको विरोध जुलुसले नगरको विभिन्न भागको परिक्रमा गरेको थियो । विरोध सभामा विघटित प्रतिनिधिसभा सांसद प्रमोद कुमार साह, प्रदेशसभा सदस्य परमेश्वर साह लगायतको उपस्थिति रहेको थियो ।

## मानसिक रोगी र सडक मानवको उद्धार

सर्लाही । सर्लाहीको हरिवन नगरपालिकामा डक मानव र मानसिक रोगी गरी १३ जनाको उद्दार गरिएको छ । नगरपालिकाका विभिन्न स्थानबाट लालबन्दी नगरपालिकाको नवलपुरबाट १ र यसअघि हरिवन नगरपालिकाकै वडा नं. ४ पटौनाका एकै घरका ३ जना मानसिक रोगी दाजुभाई गरी १३ जनाको उद्दार गरिएको हो । उद्दार गरिएकाहरूलाई हरिवन ९ स्थित नयाँरोडमा रहेको मानव सेवा आश्रमको प्रादेशिक शाखामा लगेर राखिएको संस्थाका राष्ट्रिय संस्थापक अध्यक्ष रामजी अधिकारीले जानकारी दिए । उनका अनुसार भाडाको घरमा खोलिएको मानव सेवा आश्रम सञ्चालनका लागि हरिवन नगरपालिकाले सहयोग समेत गरेको छ । आश्रममा २० जनालाई पुग्ने ओढ्ने-ओछ्याउने र २ सय जनालाई खाना बनाउन पुग्ने भाँडासहितका सामग्री सहयोग गरेको हरिवन नगरपालिकाकी उपप्रमुख रेणुका पौडेलले बताइन । हरिवन नगरपालिकाले कार्यपालिका बैठकबाट आश्रमका लागि घर भाडा तिर्न वार्षिक दुई लाख रुपैयाँ सहयोग गरेको छ भने आश्रमको आफ्नै भवन निर्माण गर्न नगरपालिकाले ८ लाख रुपैयाँ प्रदान गर्ने निर्णय पनि गरिसकेको छ । पुस ८ गतेदेखि माघ ८ गतेसम्मका लागि मेची-महाकाली राष्ट्रिय उद्दार कार्यक्रम सञ्चालन गरेको मानव सेवा आश्रमले विभिन्न जिल्लाहरूबाट अहिलेसम्म ५८ जनाको उद्दार गरिसकेको छ ।

## मधेश अपडेट

### लोकतन्त्र सिध्याउन ओली उद्दत : यादव

रुपन्देही । जनता समाजवादी पार्टी नेपाल (जसपा)का अध्यक्ष उपेन्द्र यादवले प्रधानमन्त्री केपी शर्मा ओलीको कडा आलोचना गरेका छन् । ओलीले प्रतिनिधिसभा विघटनसँगै संघीय लोकतान्त्रिक गणतन्त्र नै सिध्याउने खेलमा लागेको उनले आरोप लगाएका छन् । जसपाले मंगलबार भैरहवामा आयोजना गरेको कार्यक्रमलाई सम्बोधन गर्दै अध्यक्ष यादवले भने, 'प्रधानमन्त्रीलाई संसद विघटन गर्ने कुनै पनि अधिकार संविधानले दिएको छैन । तर पनि उहाँले संविधान विरुद्धको कदम चालेर लोकतन्त्र सिध्याउन आफै उद्दत रहेको पुष्टि गर्नुभयो ।' प्रधानमन्त्रीले विघटन गर्न गरेको संसदलाई अदालतले पुनर्स्थापना गर्नेमा आफू विश्वस्त रहेको उनले बताए । अदालतले संसद विघटनलाई नसच्याए आफूहरू जनतामाझ जाने र आन्दोलनको बलबाट संसद विघटन गर्ने प्रधानमन्त्रीको निर्णय फिर्ता गराउने बताए । यादवले पार्टी भित्रको समस्या समाधान गर्न नसकेर प्रधानमन्त्री ओलीले देशलाई नै अस्थिरतातर्फ धकेलेको आरोप पनि लगाए । यादवले राष्ट्रपतिले संविधानको रक्षा गर्नुपर्नेमा संविधानको मर्ममाथि नै प्रहार गरी असंवैधानिक र अलोकतान्त्रिक कार्य गरेको बताए ।

### मुख्यमन्त्रीविरुद्ध अविश्वासको प्रस्ताव

विराटनगर । संसद विघटनको कारण प्रदेश १ को सरकार पनि हल्लिएको छ । नेकपाको कित्ताकाट भएपछि प्रदेश १ मा ओली पक्ष अल्पमतमा परेको छ । ओली पक्षका प्रदेश प्रदेश १ का मुख्यमन्त्री शेरधन राईविरुद्ध नेपाल-प्रचण्ड पक्षले अविश्वासको प्रस्ताव दर्ता गराएको छ । प्रदेशसभा सचिवालयमा दर्ता भएको अविश्वास प्रस्तावमा ३७ सांसदको हस्ताक्षर छ । अविश्वासको प्रस्तावमा प्रस्तावक निवर्तमान अर्थमन्त्री इन्द्र आङ्बो छन् । समर्थक तेह्रथुमका सांसद लक्ष्मण तिवारी छन् । प्रस्तावमा ३७ जनाको हस्ताक्षर रहे पनि प्रचण्ड-माधव नेपाल समूहका थप सांसदले हस्ताक्षर गर्न छुटेको एक नेताले बताए । प्रदेश १ मा ९३ सांसद छन् । तीमध्ये प्रचण्ड-माधव पक्षमा ४० बढी सांसद छन् भने मुख्यमन्त्री राईको पक्षमा २० जना सांसद रहेका छन् ।

### चिनियाँ हस्तक्षेप खेदजनक : राज्यमन्त्री मण्डल

जनकपुरधाम । नेपाल कम्युनिष्ट पार्टीको विभाजनमा अलि बढी नै चाँसो लिइरहेको छिमेकी राष्ट्र चीनको गतिविधिप्रति विभिन्न टिकाटिप्पणी भइरहेका छन् । प्रदेश २ का उद्योग, पर्यटन, वन तथा वातावरण राज्यमन्त्री सुरेश मण्डलले चिनियाँ सक्रियताप्रति आशंका व्यक्त गरेका छन् । 'पंचशील सिद्धान्तमा आधारित नेपालको परराष्ट्र नीतिको धज्जी उडाउँदै चिनियाँ कुटनीतिज्ञद्वारा भैरहेको आन्तरिक हस्तक्षेप खेदजनक छ ।' राज्यमन्त्री मण्डलले सामाजिक सञ्जालमा लेखेका छन् । उनले पार्टी संचालनदेखि राज्य संचालन तहसम्ममा देखिएको माइक्रो म्यानेजमेन्ट शैली असह्य रहेको धारणा राखेका छन् । 'कथित राष्ट्रवादीहरुले साधेको अटुट मौनता रहस्यमयी छ ।' उनले भनेका छन्, 'तसर्थ सम्पूर्ण राष्ट्रभक्त मधेशीहरु नेपालको स्वाभिमान रक्षार्थ चिनियाँ हस्तक्षेपको खुलेर विरोध गरौं ।'

### आफ्नै क्षेत्रमा श्रममन्त्रीको पुत्ला दहन

कैलाली । श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री गौरीशङ्कर चौधरीको शनिबार उनकै निर्वाचन क्षेत्रमा पुत्ला दहन गरिएको छ । मन्त्री नियुक्त भएको २४ घण्टा नबित्दै नेकपा प्रचण्ड नेपाल समूहले पुत्ला दहन गरिएको हो । 'उहाँले हामीलाई धोका दिनु भयो,' नेकपा कैलाली जिल्ला सचिवालय सदस्य पर्सु चौधरीले भने, 'हामीले बिरोधमा पुत्ला दहन गरेका हौं ।' निर्वाचन क्षेत्रमा आएर प्रधानमन्त्रीको विरोध गरेर र काठमाडौंमा गएर मन्त्री भएको प्रति आक्रोश व्यक्त गर्दै उनले निर्वाचन क्षेत्रमा बहिस्कार गर्नेसम्मको तयारी भइरहेको बताए । लामो समय दाहाल-नेपालको समूहमा रहेका चौधरी उक्त समूहबाट एकाएक ओली समूहमा गएर मन्त्री बनेका हुन् । शुक्रबार प्रधानमन्त्री केपी शर्मा ओलीद्वारा विस्तारित मन्त्रिपरिषदबाट उनले श्रम मन्त्रीको जिम्मेवारी पाएका थिए ।

### एक मन्त्री र दुई राज्यमन्त्रीद्वारा राजीनामा

विराटनगर । प्रदेश १ का सामाजिक विकास मन्त्री जीवन घिमिरे र दुईजना राज्यमन्त्रीले राजीनामा दिएका छन् । सामाजिक विकास मन्त्री घिमिरेसँगै राजीनामा दिनेहरुमा सामाजिक विकास राज्यमन्त्री जसमाया गजमेर र उद्योग, पर्यटन वन तथा वातावरण राज्यमन्त्री विजय कुमार विश्वास छन् । अर्थमन्त्री इन्द्र आङ्बोलाई मुख्यमन्त्री शेरधन राईले शनिबार बर्खास्त गरेपछि एक मन्त्री र दुई राज्यमन्त्रीले राजीनामा दिएका हुन् । प्रदेश १ मा केपी ओली पक्षका मुख्यमन्त्री शेरधन राईविरुद्ध अविश्वासको प्रस्ताव दर्ता गर्ने प्रचण्ड-माधव पक्षका नेताहरुले तयारी गरिरहेका छन् । कुल ९३ सीट रहेको प्रदेश सभामा नेकपाका मात्रै ६७ सांसद थिए । पार्टी विभाजनपछि ओली समूह अर्थात शेरधन राईको पक्षमा २० जना मात्रै छन् भने प्रचण्ड-माधव पक्षमा ४७ सांसद छन् ।

### संसद विघटनको विरोधमा जनप्रदर्शन

जनकपुरधाम । प्रतिनिधिसभा विघटनको विरोधमा नेकपा धनुषाले जनकपुरधाममा जनप्रदर्शन गरेको छ । प्रचण्ड-माधव नेपाल समूहले देशभर विरोध प्रदर्शन गर्ने कार्यक्रमअन्तर्गत जनकपुरधाममा पनि प्रदर्शन गरिएको हो । धनुषाको विभिन्न नगर तथा गाउँबाट आएका ऱ्याली जनकपुरको रेल्वे स्टेशनमा जम्मा भइ नगर परिक्रमा गरेका थिए । नगरसभापछि भएको विरोधसभामा शीर्ष नेताहरु स्थायी कमिटी सदस्य गणेश साह, पूर्वमन्त्री रामचन्द्र झा, यदुवंश झा, श्रीप्रसाद साह, श्रवणलगायतले सम्बोधन गरेका थिए । प्रधानमन्त्री ओलीले गरेको संसद विघटन अलोकतान्त्रिक, अमर्यादित र जघन्य राजनीतिक अपराध भएको भन्दै विशाल प्रदर्शन गरिएको नेता रामचन्द्र झाले बताए । विरोध प्रदर्शनमा सहभागीले प्रधानमन्त्री केपी शर्मा र राष्ट्रपति विद्यादेबी भण्डारी मुर्दावाद, संसद् विघटन गर्न पाइँदैन, संघीय लोकतन्त्र विरोधी प्रधानमन्त्री मुर्दावाद लगायतका नारा लगाएका थिए ।

### माधव नेपालको गृहजिल्लामा ओली पक्षका ७ केन्द्रीय सदस्य

रौतहट । नेकपा प्रचण्ड-माधव नेपाल समूहका अध्यक्ष माधव नेपालको गृह जिल्ला रौतहटमा प्रधानमन्त्री केपी शर्मा ओलीका ७ जना केन्द्रीय समितिमा मनोनित भएका छन् । नेकपा संस्थापनले रौतहटबाट ७ जना नयाँ केन्द्रीय सदस्य थपेको हो । नेकपामा बढ्दो विवादसँगै संसद विघटन भएपछि नेकपाले रौतहटसहित देशभरबाट नयाँ केन्द्रीय सदस्य चयन गरेको थियो। रौतहटबाट केन्द्रीय सदस्य हुनेमा तुलसीराज गिरी, उद्धव रेग्मी ,कपिलदेव पटेल, रेखा झा, जयचन्द पटेल मणिशंकर निधि र अब्दुल कलाम आजाद छन् । तुलसीराज गिरी तत्कालीन नेकपा एमालेका जिल्ला सचिव हुन् भने रेग्मी चन्द्रपुर नगरपालिकाको नगर प्रमुखमा सानो मतअन्तरले पराजित भएका थिए । रेखा झा समानुपातिक सांसद हुन भने रजिउद्दिन आलम पूर्वजिल्ला विकाश समितिका उपसभापति हुन् । यस्तै कपिलदेव पटेल ओली भूमिगत जीवन बिताउँदाका घरबेटी हुन् । प्रधानमन्त्री ओली भूमिगत छँदा पटेलकै घरबाट गिरफ्तारीमा परेका थिए । यस्तै केन्द्रीय सदस्यमा चुनिएका मणिशंकर निधि शिक्षक संगठनका पूर्वअध्यक्ष हुन् । ४४७ जना केन्द्रीय सदस्य रहेको नेकपाले गत बुधबारको केन्द्रीय कमिटी बैठकबाट देशभरिबाट ११ सय ९९ जना केन्द्रीय सदस्य बनाउने निर्णय गरेको हो ।

### युरिया मल सहित पक्राउ

कपिलवस्तु । शिवराज नगरपालिका-७ बेउवा बस्ने ३४ वर्षीय भगवती प्रसाद कहारलाई भन्सार छली ल्याएको ५८ बोरा युरिया मल सहित आइतबार राति प्रहरीले पक्राउ गरेको छ ।  ईलाका प्रहरी कार्यालय बहादुरगञ्जबाट खटीएको प्रहरीले लु.१ त १४२५ नम्बरको ट्याक्टर जाँच गर्ने क्रममा करिब ४६ हजार ४ सय रुपैयाँ बराबरको उक्त मल फेला पारी ट्याक्टर सहित उनलाई पक्राउ गरेको हो । बरामद मल ट्याक्टर सहित भन्सार कार्यालय कृष्ण नगरमा बुझाइएको छ ।

### लागुऔषधसहित रौतहटमा दुई पक्राउ

रौतहट । प्रहरीले १३ सय ५० एम्पुल लागुऔषधसहित रौतहटबाट दुई जना भारतीय युवकलाई पक्राउ गरेको छ । प्रहरीले लागुऔषधसहित भारत विहार राज्य मोतिहारी जिल्ला ग्राम पंचायत हसनपुर बालुवा वस्ने २३ बर्षिय अनिल कुमार जैसवाल र मोतिहारी जिल्ला कुडवा चैनपुर वस्ने शम्भु चौधरीको छोरा २२ बर्षिय रबि कुमारलाई पक्राउ गरेको हो । दुवै जनालाई प्रहरीले गौर नगरपालिका वडा नम्बर ४ स्थित बसपार्क चोकमा अस्थायी प्रहरी पोष्ट वसपार्कबाट खटिएको प्रहरी टोलीले चेकजाँच गर्ने क्रममा लागुऔषधसहित पक्राउ गरेको हो । पक्राउ परेका रामबाबुको साथमा रहेको झोलाबाट नोरफिन २ एमएलको ४ सय ५० एम्पुल वटा, डाईजेपाम ४ सय ५० एम्पुल , र फेनारागोन ४ सय एम्पुल गरि १३ सय ५० एम्पुल लागुऔषध बरामद गरिएको रौतहटका प्रहरी प्रबक्ता एवम प्रहरी नायब उपरिक्षक भरत श्रेष्ठले जानकारी दिए ।

# प्रदेश २ मा मुख्यमन्त्री राहत कोषको व्यापक दुरुपयोग

**अजय अनुरागी**

२ नम्बर प्रदेश सरकारका भौतिक पूर्वाधार विकास राज्यमन्त्री डिम्पल झा राज्यमन्त्रीको शपथ ग्रहण गरेर गृहजिल्ला रौतहटको मत्सरी जाने बेला १ सयभन्दा बढी जीप तथा कारसहितको र्‍याली (काफिला) निस्किएको थियो। त्यो क्षेत्रकी प्रभावशाली नेतृको रूपमा उनले शक्ति प्रदर्शन गरेकी थिइन्। भारतको साउथ फिल्ममा नेताहरूले आफ्नो ताकत तथा शक्ति प्रदर्शनका लागि दलबलसहित काफिला निकालेजस्तो हुबहु झाको पनि काफिला देखिएको थियो।

राष्ट्रिय जनता पार्टी (राजपा) नेपालको साविक अध्यक्ष मण्डलका सदस्य अनिलकुमार झाकी श्रीमती समेत भएकाले राजपाको समानुपातिक कोटाबाट उनी प्रदेश सांसद बनेकी हुन्। उनका श्रीमान अनिलकुमार झा भने विघटित प्रतिनिधि सभाका सदस्य हुन्। उनी प्रत्यक्षतर्फबाट निर्वाचित भएका थिए।

आर्थिकरूपमा उनीहरूको परिवार सुखी र सम्पन्न छ। काठमाडौंको लाजिम्पाटस्थित रानीवनमा उनको आलिशान घर छ। त्यसबाहेक पैतृक गाउँ रौतहटको दुर्गाभवानी गाउँपालिका वडा नम्बर ३ मत्सरीमा समेत शानदार महल छ भने सदरमुकाम गौरमा सुविधा सम्पन्न घर छ। गाउँमा पनि पर्याप्त जग्गाका मालिक हुनुका साथै गजेन्द्रनारायण सिंह आश्रमका नाममा रहेको रौतहटको गरुडा नगरपालिका वडा नम्बर १ जयनगर बिपहीमा रहेको बिघौं जग्गा समेत डिम्पल अनिल फाउन्डेसन प्रालिका नाममा स्वामित्व हस्तान्तरण भएको छ। रौतहट जिल्लाकै एक जसपा नेताका अनुसार राज्यमन्त्री झा दम्पतीका नाममा करोडौंको चलअचल सम्पति छन्।

राज्यमन्त्री झाले सेवासुविधा बापत मासिक ५६ हजार रूपैयाँ पारिश्रमिक, मसलन्द, अतिथि सत्कारसहित १५ हजार रूपैयाँ र कोठा भाडाबापत मासिक १८ हजार रूपैयाँ गरेर कुल ८० हजार रूपैयाँ जति मासिक मन्त्रालयबाट बुझ्ने गरेकी छिन्। उनका श्रीमान् झाले पनि प्रतिनिधि सभा सदस्यको हैसियतले मासिक ६४ हजार रूपैयाँ बुझ्दै आएका थिए। यद्यपि अहिले प्रतिनिधि सभा विघटित अवस्थामा छ।

मासिक यति ठूलो रकम आम्दानी हुनुका साथै आर्थिकरूपले सम्पन्न रहेकी राज्यमन्त्री झाले उपचारका नाममा प्रदेश सरकारबाट १० लाख रूपैयाँ लिएकी छन्। मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले लोकान्तरलाई दिएको तथ्यांक अनुसार २०७७ भदौ २५ गते मुख्यमन्त्री राहत कोषबाट १० लाख रूपैयाँ स्वास्थ्य उपचारबापत दिइएको छ।

प्रदेश सरकारले सहयोग गरेको १० लाख रूपैयाँ अपुग भएको राज्यमन्त्री झाको कथन छ। आफूलाई क्यान्सर रोग लागेको तथा त्यसको उपचारका लागि ८० लाख रूपैयाँभन्दा बढी खर्च भएका कारण उक्त रकमले केही पनि नहुने राज्यमन्त्री झाले बताइन्। 'त्यो १० लाखले केही पनि हुँदैन, त्यो रकमले मलाई पुग्दा पनि पुग्दैन, नेपाल र भारत समेतमा उपचार गर्दा ५० लाख भारतीय रूपैयाँभन्दा बढी खर्च भइसकेको छ,' झाले भनिन्, '१२ वटा केमोथेरापी भइसकेको छ, अन्तिम केमोथेरापी भने बाँकी नै छ।'

आर्थिक सहायता निर्धारण र वितरणसम्बन्धी मुख्यमन्त्री लालबाबु राउतको अध्यक्षतामा आर्थिक सहायता सिफारिश समिति पनि बनाइएको छ। समितिमा आन्तरिक मामिला तथा कानूनमन्त्री ज्ञानेन्द्र यादव र मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका प्रमुख सचिव सदस्य छन्।

प्रदेश सरकारका प्रवक्ता समेत रहेका आन्तरिक मामिला तथा कानून मन्त्री ज्ञानेन्द्र यादवका अनुसार राज्यमन्त्री झाले क्यान्सर रोगबाट ग्रस्त भएकाले उपचारका लागि आर्थिक सहयोग पाऊँ भनेर लिखित निवेदन नै दिएकी थिइन्। सोही निवेदनअनुसार नै १० लाख रूपैयाँ उपचार खर्च दिने निर्णय गरिएको हो।

क्यान्सरजस्तो गम्भीर प्रकृतिको बिरामी भएपछि उपचारका लागि आर्थिक सहयोग प्रदान गर्नु सरकारको दायित्व पनि हुन गएकाले उक्त सहयोग प्रदान गरिएको उनले बताए।

संघीय समाजवादी फोरमको समानुपातिक कोटाबाट प्रदेश सांसद बनेका सर्लाहीका अशोककुमार यादव प्रदेश सभाको प्रदेश मामिला समितिका सभापति छन्। मासिक ६५ हजार ५३० रूपैयाँ उनले प्रदेश सभा सचिवालयबाट तलब समेत बुझ्ने गरेका छन्। सर्लाहीको मलंगवा नगरपालिका, कबिलासी नगरपालिका, चन्द्रनगर गाउँपालिकासहित विभिन्न ठाउँमा गरेर २५ बिघा जति जग्गा उनीसँग छन्।

'बुवा बाजेको पालोदेखि नै हामीसँग रहेको पैतृक जग्गामध्ये हामी दुई दाजुभाइमा अंशबण्डा समेत भएर करीब २५ बिघा जति जग्गा मसँग पैतृक सम्पाति नै छ,' सांसद यादवले लोकान्तरसँग भने, 'जग्गामा हदबन्दी लागु भएपछि ११ बिघा जग्गा मैले आफ्नो श्रीमतीका नाममा रजिस्ट्रेसन गराएको छु, बाँकी सबै जग्गा आफ्नै नाममा राखेको छु।'

विक्रम ट्राभल्स नामबाट उनको दुईवटा बस समेत मलंगवादेखि जनकपुरसम्म सञ्चालनमा छन्। त्यसका बावजुद ट्र्याक्टर, जीप गाडी आदि पनि धेरै पहिलेदेखि रहेको उनले बताए।

आर्थिकरूपले यति सम्पन्न भएपनि सांसद यादवले भने मुख्यमन्त्री राहत कोषबाट स्वास्थ्य उपचारका लागि २ लाख रूपैयाँ आर्थिक सहायता लिएका छन्। २०७७ भदौ २५ गतेको मन्त्रिपरिषद् बैठकबाट उनलाई आर्थिक सहायता स्वरूप उक्त रकम दिने निर्णय गरिएको थियो।

आफू गरीब नभए पनि सांसदले राज्य बाट पाउने सुविधा अन्तर्गत उक्त रकम लिएको सांसद यादवले लोकान्तरलाई बताए। 'मेरो खुट्टा फ्याक्चर भएपछि अस्पतालमा गरिएको उपचारको बिल सहितको फाइल मुख्यमन्त्री कार्यालयमा पेश गरेर उक्त आर्थिक सहायता लिएको हो,' उनले भने, 'सांसदलाई राज्यले दिएको सुविधाअन्तर्गत नै उक्त सहायता लिएको हो, त्यो सांसदको हकको कुराअन्तर्गत नै हो।'

पर्साकी सांसद करिमा बेगम पनि आर्थिक रूपले सम्पन्न सांसद हुन्। संघीय समाजवादी पार्टीको समानुपातिक कोटाबाट सांसद बनेकी बेगमका अनुसार उनको वीरगञ्ज महानगरपालिकाका विभिन्न वडामा जग्गा छन्। महानगरपालिकाको वडा नम्बर ११ नगवामा माइतीबाट २ कट्ठा घडेरी, वडा नम्बर १३ मा १३ धुर घडेरीमा पक्की घर, वडा नम्बर १४ मा साढे ६ धुर घडेरीका साथै पर्साकै भद्रमाई नगरपालिका वडा नम्बर २ मा साढे २ कट्ठा जग्गा छ।

## कसले कति लिए आर्थिक सहायत ?



जेठो छोरा शाहिद परवेज साउदी अरबमा वैदेशिक रोजगारीमा रहेको र उनले मासिक डेढ लाख रूपैयाँ पठाउने गरेको उनले लोकान्तरलाई बताइन्। कान्छो छोरा जाहिद परवेज भने राजनीतिमा लागेको तथा जसपाको विद्यार्थी संगठनमा प्रदेश सचिव रहेको उनले बताइन्। उनले आफैं पनि सेवा सुविधाबापत मासिक ६१ हजार २० रूपैयाँ पारिश्रमिक प्रदेश सभा सचिवालयबाट बुझ्ने गरेकी छन्।

२ लाख रूपैयाँभन्दा माथि मासिक आम्दानी घरमा आउने गरेको भएपनि सांसद बेगमले स्वास्थ्य उपचारका लागि मुख्यमन्त्री कार्यालयबाट २०७७ भदौ २५ गते १ लाख रूपैयाँ आर्थिक सहायता लिएकी छन्।

'संविधान जारी भएको दिन मधेश आन्दोलनमा सुरक्षाकर्मीले कुटेपछि घाइते भएकी थिएँ,' उनले भनिन्, 'त्यसैमा ढाड र टाउकोमा चोट लागेको थियो, त्यसैको उपचारका लागि मैले उक्त सहयोग लिएको हो।'

आफ्नै पार्टीको सरकार छ, आफ्नै गृहजिल्लाको मुख्यमन्त्री हुनुहुन्छ भने उपचार खर्च किन नलिने भन्दै लिएको उनले बताइन्।

२०६३ सालमा भएको मधेश आन्दोलनमा ढाडमा लागेको रबरको तीनवटा गोली अझै पनि रहेको उनले बताइन्। मधेश आन्दोलनका घाइतेहरूले उपचार खर्चबापत प्रदेश सरकारले दिएको राहत रकम आफूले नपाएका कारण अहिले १ लाख रूपैयाँ लिएको उनले बताइन्। २०६४ सालमा सम्पन्न पहिलो संविधान सभा चुनावमा सभासद बन्दा पनि प्रतिनिधि सभाबाट उपचारको बिल पेश गरेर ५० हजार रूपैयाँ मात्र पाएको उनले बताइन्।

त्यसैगरी मुख्यमन्त्री कार्यालयबाट सिरहाको नेकपाका सांसद रामकुमार यादवले २०७७ असार ३ गते १ लाख रूपैयाँ, संघीय समाजवादी फोरम पर्साकी सांसद भीमा यादवले २०७७ भदौ २५ गते १ लाख ५० हजार रूपैयाँ आर्थिक सहयोग पाएकी छन्।

महोत्तरीका नेकपा सांसद भरतप्रसाद साहले गत आर्थिक वर्षमा स्वास्थ्य उपचारका लागि भनेर ५ लाख रूपैयाँ आर्थिक सहायता लिएका थिए।

सामान्य बिरामी भए सरकारले सहयोग गर्दैन तर सांसदको बुताबाट भ्याउन नसक्ने भएपछि सांसदलाई पनि मुख्यमन्त्री राहत कोषबाट उपचार खर्च दिने गरिएको प्रदेश सरकारका प्रवक्ता यादवले बताए।

संघ सरकारले पनि सांसदहरूलाई उपचार गर्नका लागि आर्थिक सहयोग दिने गरेको छ, ठीक त्यसैगरी प्रदेश सांसदलाई पनि उपचारका लागि आर्थिक सहयोग दिने गरिएको उनले बताए।

### निजी संस्थादेखि एनजीओसम्मलाई आर्थिक सहयोग

चालू आर्थिक वर्ष २०७७/७८ मा मुख्यमन्त्री राहत कोषबाट विभिन्न व्यक्ति तथा संघ-संस्थादेखि निजी उद्योगसम्मलाई आर्थिक सहायता प्रदान गरिएको छ। सामाजिक जनचेतना अभियान नेपाल महोत्तरीलाई सीपमूलक तालिमका लागि ५ लाख रूपैयाँ, जनकपुरको कनकपट्टीका राजर्षि जनक सामुदायिक विकास समितिलाई ५ लाख रूपैयाँ, कनकपट्टीकै राजर्षि उपभोक्ता सहकारी संस्थालाई ५ लाख रूपैयाँ, महोत्तरीको महोत्तरी गाउँपालिका वडा नम्बर ३ स्थित दलित महिला उत्थान केन्द्रलाई ५ लाख रूपैयाँ आर्थिक सहायता दिइएको छ।

महोत्तरीको औरही नगरपालिका वडा नम्बर २ स्थित माँ राजदेवी डेरी उद्योगलाई उद्योग सञ्चालनका लागि ५ लाख रूपैयाँ, नेपाल चलचित्र निर्माता संघलाई तीनदिवसीय अन्तरक्रिया कार्यक्रम गर्नका लागि ५ लाख रूपैयाँ, उदयपुरको गाईघाटका मूलधार महिला सेवा केन्द्रलाई राष्ट्रिय बेटी सम्मेलन गर्नका लागि ३ लाख रूपैयाँ, वातावरण उत्थान समाज धनुषालाई कार्यक्रम गर्नका लागि ५ लाख रूपैयाँ आर्थिक सहयोग दिइएको छ।

त्यसैगरी सीपमूलक तालिम गर्नका लागि महोत्तरीको बगडाका पिछडा वर्ग विकास केन्द्रलाई ५ लाख रूपैयाँ, मनरा शिशवा नगरपालिका वडा नम्बर २ का बिन्दा देवी समाजलाई ५ लाख रूपैयाँ, महोत्तरी युवा सञ्जाललाई ५ लाख रूपैयाँ, इन्भाइट इन नेपाल जनकपुरधामलाई ५ लाख रूपैयाँ, मनरा शिशवाको मान नागेश्वरी विकास संस्था र जयबाबा पशुपालन फार्मलाई ५/५ लाख रूपैयाँ मुख्यमन्त्री राहत कोषबाट आर्थिक सहयोग प्रदान गरिएको छ।

पर्साको पर्सागढी युवा स्पोर्ट्सलाई पर्सा गोल्ड कप आयोजनाका लागि ३ लाख रूपैयाँ, जनकपुरका राम युवा कमिटीलाई १ लाख रूपैयाँ, महावीर युवा कमिटीलाई १ लाख रूपैयाँ सामाजिक विकास मन्त्रालयबाट आर्थिक सहयोग प्रदान गरिएको छ।

मुख्यमन्त्री राहत कोषबाट आर्थिक सहायता दिने कुराको निर्णय गर्नका लागि कतिपय अवस्थामा सिफारिश समिति बाट प्रस्ताव जाने गर्छ भने कतिपय मुख्यमन्त्रीको ठाडो प्रस्तावमा पनि पारित हुने गरेको मन्त्री यादवले बताए।

'आर्थिक सहायता पाउने व्यक्तिको आर्थिक अवस्था कस्तो छ, आर्थिक अवस्था अत्यन्त दयनीय छ भने उपचारका लागि आर्थिक सहयोग दिने गरिएको छ,' मन्त्री यादवले भने, 'राष्ट्रलाई कुनै विशिष्ट योगदान पुर्‍याएको व्यक्तिलाई आर्थिक सहयोगको आवश्यकता परेको खण्डमा पनि आर्थिक सहयोग दिने गरिएको छ।'

त्यसै गरी कुनै संघ-संस्था जसले आफ्नो कार्यक्षेत्रमा कुनै विशिष्ट काम गर्न चाहेको छ भने त्यस्तो संघ-संस्थालाई पनि उक्त काम गर्नका लागि आर्थिक सहयोग मुख्यमन्त्री राहत कोषबाट दिने गरिएको उनले बताए।

### आर्थिक सहायता निर्देशिकाविपरीत रकम वितरणमा मनोमानी

२ नम्बर प्रदेशको नागरिक राहत, क्षतिपूर्ति तथा आर्थिक सहायता निर्देशिका- २०७५ को प्रावधानविपरीत संघसंस्थादेखि व्यक्तिलाई लाखौं रूपैयाँ बाँडिएको छ।

नागरिक राहत, क्षतिपूर्ति तथा आर्थिक सहायता निर्देशिका- २०७५ को प्रस्तावनामा नै लेखिएको छ, 'प्रदेशभित्र पिछडिएका क्षेत्र, वर्ग र समुदाय तथा चरम आर्थिक अभाव भोग्न बाध्य भई कठिन जीवनयापन गरिरहेका अपाङ्ग, असहाय, असक्त, टुहुरा, बेसहारा, विपन्न नागरिकलाई आर्थिक सहायता उपलब्ध गराई उनीहरूको जीवन रक्षा गरी सामाजिक सुरक्षा प्रदान गर्न प्रदेश सरकारले प्रदान गर्ने आर्थिक सहायतालाई पारदर्शी र व्यवस्थित बनाउने उद्देश्यले प्रदेश सरकार कार्यसम्पादन नियमावलीबमोजिम प्रदेश मन्त्रिपरिषद्ले यो निर्देशिका बनाएको छ।'

असहाय, विपन्न, बेसहारा, टुहुरा, अपाङ्गता भएका व्यक्तिलाई दिनुपर्ने आर्थिक सहायताको रकम प्रदेश सांसदको उपचार खर्चमा समेत वितरण गरिएको छ। सहायता वितरण सम्बन्धमा अन्य कुनै कानूनी प्रावधान र नियम नरहेको मुख्यमन्त्री कार्यालय स्रोतको दाबी छ। निर्देशिकामा शरीरका केही अंग चल्ने भएपनि कामकाज गर्न नसक्ने अवस्थाका व्यक्तिलाई 'अशक्त' भनेर परिभाषित गरिएको छ।

आफ्नो जायजथा केही नभएका वा स्याहारसुसार गर्न कोही नभएका आफैं रोजगारी गरी जीवनयापन गर्न सक्ने व्यक्तिलाई 'असहाय' भनेर परिभाषित गरिएको छ।

आमा, बुवा तथा संरक्षण नभएको नाबालक वा आमा, बुवा वा संरक्षक भएपनि निजहरूबाट बहिष्कृत गरिएका तथा जीविकोपार्जन गर्ने कुनै माध्यम नभएका बालबालिकालाई 'टुहुरा' भनेर परिभाषित गरिएको छ।

आफ्नो हेरचाह आफैं गर्न नसक्ने, जीविकोपार्जनको कुनै माध्यम नभएको, शारीरिक वा मानसिक क्षमता कमजोर भएको व्यक्तिलाई 'बेसहारा' भनेर परिभाषित गरिएको छ। अपाङ्गता, असहाय, टुहुरा, अशक्त, विपन्न, बेसहारा नागरिकलाई अशक्तताको अवस्था र सोलाई पुष्टि गर्ने र प्रमाण कागजात हेरी १० हजारदेखि १ लाख रूपैयाँसम्म आर्थिक सहायता उपलब्ध गराउन सकिने प्रावधान निर्देशिकामा छ। तर, प्रदेश सरकारले आफूखुशी रकम वितरण गरेर दुरूपयोग गर्दै आएका छन्।

*–लोकान्तर डटकमबाट साभार*

## संक्षिप्त समाचार

### ओली समूहका मन्त्री बर्खास्त

धनगढी। प्रधानमन्त्री केपी शर्मा ओली निकट सुदूरपश्चिम प्रदेश सरकारका मन्त्री पठानसिंह बोहरालाई बर्खास्त गरिएको छ। नेकपा विभाजनबाट कित्ताकाट भएपछि ओली समूह र माधव-प्रचण्ड समूहले एक अर्कालाई निष्काशन गर्ने, बर्खास्त गर्ने लगायत हुँदै आएको छ। माधव-प्रचण्ड समूहका मुख्यमन्त्री त्रिलोचन भट्टले बोहरालाई मंगलबार बर्खास्त गरेका छन्। उनी सुदूरपश्चिम प्रदेशको भौतिक पूर्वाधार विकासमन्त्री थिए। बोहरालाई बर्खास्त गरेर मुख्यमन्त्री भट्टले आफ्नो पक्षका मन्त्री नियुक्त गर्ने तयारीमा रहेको बताइएको छ।

### न्यानो तथा खाद्यान्न वितरण

वीरगन्ज। विगत केही दिनदेखि बढेको चिसो र शीतलहरका कारण कष्टकर जीवन बिताइरहेका खुल्ला आकाशमुनि र सडकपेटीका गरीब तथा विपन्नहरुलाई न्यानो कपडा तथा खाद्यान्न वितरण गरिएको छ। युवा वचन नामक संस्थाले वीरगन्जमा खुल्ला आकाशमुनि र सडक पेटीमा न्यानो कपडाको अभावमा जाडोले सताइएकाहरुको राहतका लागि कम्बल, मैट र खानेकुरा मध्यरातमा वितरण गरिएको छ। विगत चार वर्षदेखि हरेक जाडोयाममा युवा वचनले यो अभियान सन्चालन गर्दै आएको छ। युवा वचनको यो अभियानमा सामाजिक अभियन्ता तथा युवा नेता ओमप्रकाश सर्राफले पनि सहभागिता जनाउँदै आएका छन्। उनी भन्छन्, 'यो मानवीय कार्यमा हरेक साल सहयोगी, साक्षी तथा सहभागी हुन पाउँदा आत्म सन्तुष्टि मिल्ने गर्दछ।'

### रौतहटमा प्रधानमन्त्री ओलीको पुत्ला दहन

रौतहट। रौतहटको सदरमुकाम गौरमा जनता समाजवादी पार्टी (जसपा)का नेता तथा कार्यकर्ताहरुले प्रधानमन्त्री केपी शर्मा ओलीको पुत्ला दहन गरेका छन्। गौरको वीपी चोकमा प्रदर्शन गर्दै जसपाका नेता तथा कार्यकर्ताहरुले प्रधानमन्त्री ओलीको पुत्ला जलाएका हुन। संसद विघटनको विरोधमा नेकपा प्रचण्ड-ओली समूह, नेपाली कांग्रेस र जसपाले रौतहटमा बेग्लाबेग्लै प्रर्दशन गर्दै आइरहेका छन। विरोध कार्यक्रममा जसपाका नेताहरुले प्रधानमन्त्री ओलीको कदमको विरोध गर्दै संसद पुनर्स्थापनाको माग गरेका थिए। उनीहरुले राष्ट्रपति र प्रधानमन्त्रीको विरोधमा चर्को नारावाजी समेत गरेका थिए।

### न्यानो कपडा वितरण

धनगढी। धनगढी उपमहानगरपालिका १६ नम्बर वडा कार्यालयले ज्येष्ठ नागरिकलगायत लक्षित वर्गका व्यक्तिलाई न्यानो कपडा वितरण गरेको छ। वडा कार्यालयले चालू आर्थिक वर्षको लक्षित वर्गका कार्यक्रमअन्तगत मङ्गलबार ज्येष्ठ नागरिक, एकल महिला र अपाङ्गता भएका व्यक्तिलाई न्यानो कपडा वितरण गरेको हो। वडाभरिका ४२५ जनालाई एक/एकवटा ब्ल्याङ्केट दिइएको वडाध्यक्ष लक्ष्मीनारायण चौधरीले जानकारी दिए।

### शान्ति समाजद्वारा रक्तदान

कपिलवस्तु। मानव अधिकार तथा शान्ति समाज कपिलबस्तु शाखा सहितको आयोजनामा ७२ औं अन्तर्राष्ट्रिय मानव अधिकार दिबसका सन्दर्भमा मंसिर २७ गते ४ नं. जितपुर कपिलबस्तुमा आयोजित रक्तदान कार्यक्रममा ५२ जनाले रक्तदान गर्नुभएको थियो। कार्यक्रममा शान्ति समाज कपिलबस्तु शाखा सभापति गोबिन्द राज पोखरेलले जीबनमुखी उदेश्य बोकेको शान्ति समाजले भबिष्यमा पनि रक्तदान लगायत मानवीय कार्यलाई निरन्तरता दिने बताएका थिए।

### चिनियाँ हस्तक्षेप विरुद्ध राँके जुलुश

काठमाडौं। नेपालको आन्तरिक मामिलामा चिनियाँ हस्तक्षेप भएको भन्दै एक समूहले राष्ट्रपति कार्यालय नजिकै महाराजगञ्जमा राँके जुलुस निकालेको छ। चिनियाँ कम्युनिष्ट पार्टीका विदेश विभागका उपमन्त्री गुओ येचौको ४ दिने नेपाल भ्रमणमा रहेकै बेला सो समूहले राष्ट्रपति कार्यालय नजिकै राँके जुलुश निकालेको हो। स्वतन्त्र युवा सञ्जालाा आवद्ध युवाहरुले राष्ट्रपति कार्यालयबाट चिनियाँ दुतावासतर्फ जाने प्रयास गरेपनि उच्च सुरक्षा सतर्कताका कारण उनीहरु राँको बीचमै फालेर तितरबितर भएका थिए। राँके जुलुशका सहभागीहरुले नेपालको आन्तरिक राजनीतिमा चिनियाँ हस्तक्षेप बन्द गर, हुम्लामा मिचेको नेपाली भूमि फिर्ता गर, तातोपानी र रसुवागढी भन्सार नाका खुल्ला गर लगायतका नारा लगाएका थिए।

### प्रदेश १ को हिउँदे अधिवेशन आह्वान

विराटनगर। नेपाल-प्रचण्ड समूहको अविश्वासको प्रस्तावमा विश्वासको मत लिन प्रदेश १ को सरकारले हिउँदे अधिवेशन आह्वान गरेको छ। अस्ति आइतबार बिहान बसेको मन्त्रिपरिषद् बैठकले हिउँदे अधिवेशन माघ ७ गते दिउँसो २ बजे बोलाउने निर्णय गरेको छ। नेपाल-प्रचण्ड पक्षधर प्रदेशसभा सदस्यहरुले मुख्यमन्त्री शेरधन राईविरुद्ध अविश्वासको प्रस्ताव दर्ता गराउने तयारी गरेको छ। विश्वासको मत लिन पनि अधिवेशन आह्वान गरिएको हो। प्रदेशसभा गठनको तेस्रो वर्ष बित्न लाग्दासम्मा पनि प्रदेशको नामकरण हुन सकेको छैन। त्यसैले पनि यो हिउँदे अधिवेशन अर्थपूर्ण मानिएको छ।

### ३ कोरोना संक्रमितको मृत्यु

नेपालगन्ज। कोरोना भाइरस (कोभिड-१९) संक्रमित तीन जनाको बाँकेमा मृत्यु भएको छ। उपचारको क्रममा दुईजना बाँकेका र एकजना बर्दियाका कोरोना संक्रमितको मृत्यु भएको हो। बाँकेको कोहलपुर नगरपालिका-२ का ७३ वर्षीय पुरुषको उपचारका क्रममा मंगलबार राति मृत्यु भएको छ। यस्तै, नेपालगञ्ज उपमहानगरपालिका-२० का ६६ वर्षीय पुरुषको पनि उपचारका क्रममा बुधबार बिहान मृत्यु भएको छ। यसैगरी, बर्दियाको ठाकुरबाबा नगरपालिका-९ निवासी ८५ वर्षीया महिलाको उपचारको क्रममा मंगलबार राति बाँकेमै मृत्यु भएको जनाइएको छ।

### भारतबाट कोरोना खोप खरिद गरिने

काठमाडौं। सरकारले २० प्रतिशत जनसंख्यालाई पुग्ने कोभिड-१९ विरुद्धको खोप भारतबाट खरिद गर्नका लागि औपचारिक प्रक्रिया शुरु गरेको छ। खोप खरिदका लागि सहजीकरण गर्न भन्दै परराष्ट्र मन्त्रालयले भारतलाई हालै औपचारिक पत्र नै पठाएको छ। खोप खरिदका लागि पत्र मार्फत भारतलाई औपचारिक रुपमा आग्रह गरिएको हो। भारतबाट खोप खरिदका लागि आवश्यक पर्ने खर्चसमेत सरकारले जुटाइसकेको छ। पहिलो चरणमा २० प्रतिशत खोप खरिद गरेर फ्रन्टलाइनका स्वास्थ्यकर्मी, सुरक्षाकर्मी र वृद्धवृद्धालाई लगाउने सरकारको तयारी छ। भारतबाहेक अन्य मुलुकबाट पनि खोप खरिदको तयारीमा सरकार लागेको छ।

### लुम्बिनी चिनी मिलका सञ्चालक पक्राउ

वीरगन्ज। लुम्बिनी चिनी मिलका सञ्चालक मनोज अग्रवाल पक्राउ परेका छन्। महानगरीय अपराध महाशाखाको टोलीले उनलाई पर्सा प्रहरीको समन्वयमा वीरगन्जबाट पक्राउ गरेको हो। उनीविरुद्ध नवलपरासीमा उखु किसानको उजुरी छ। उनलाई थप अनुसन्धानका लागि नवलपरासी पठाइएको प्रदेश २ प्रहरी प्रमुख डीआईजी धीरजप्रताप सिंहले जानकारी दिए। यो मिलले किसानको १५ करोड रुपैयाँभन्दा बढी रकम तिर्न बाँकी रहेको बताइएको छ। सरकारले किसानको पैसा नदिने मिल सञ्चालकलाई पक्राउ गरेर कारबाही अगाडि बढाउन निर्देशन दिएको थियो।

### प्रदेश २ का २ प्रदेशसभा सदस्य ओली समूहमा

जनकपुरधाम। तत्कालीन नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' निकट २ जना प्रदेश सांसद नेकपा विभाजनपछि केपी शर्मा ओली समूहमा लागेका छन्। प्रचण्डकै विश्वासिलो पात्र मानिएका नेकपाका अध्यक्ष प्रभू साहले ओलीतिर लाग्दै मन्त्री पद पाएका छन्। प्रभु साह ओलीतिर लागेको केही दिनमै साह निकट अन्य २ जना सांसद पनि ओली समूहमा लागेका हुन्। प्रचण्ड पक्षलाई छाडेर प्रदेश सांसद रामचन्द्र मण्डल र ज्वाला कुमारी साह ओली समूहमा लागेका हुन्।

### ब्राउनसुगरसहित युवक पक्राउ

रुपन्देही। गैडहवा गाउँपालिका-८ मैनियाबाट करिब २ सय ५० मिलिग्राम अवैध लागूऔषध ब्राउनसुगर सहित सोही ठाउँ बस्ने २८ वर्षीय बिनोद कुवँरलाई बुधबार बेलुका प्रहरीले पक्राउ गरेको छ। ईलाका प्रहरी कार्यालय सूर्यपुराबाट खटिएको प्रहरीले उक्त ब्राउनसुगर सहित फेला पारी उनलाई पक्राउ गरेको हो।

# निर्वाचन हुनेमा शंका गर्नु पर्दैन : अर्थमन्त्री पौडेल

वीरगन्ज । नेकपा ओली समूहका महासचिव एवम् अर्थमन्त्री विष्णु पौडेलले ताजा जनादेशका लागि मुलुक चुनावमा गइरहेकाले चुनावको तयारीमा जुट्न अगुवा नेता कार्यकर्तालाइ निर्देशन दिएका छन् । बैशाख १७ र २७ मा संसदको निर्वाचन हुने निश्चित भएकाले यसमा शंका उपशंका नगरी निर्वाचननको तयारीमा अहिलेदेखि नै लाग्न महासचिव पौडेलले निर्देशन दिए । वीरगन्जमा बुधबार नेकपाको केपी शर्मा ओली समूहले आयोजना प्रदेश स्तरीय भेलालाई सम्बोधन गर्दै मन्त्री पौडेलले सरकारले तोकेकै मिमिमा निर्वाचन गर्ने दृढ्ता व्यक्त गरे । उनले संसद बिघटन र चुनावको मिति घोषणा गर्ने सरकारको निर्णय संविधान सम्वत र लोकतान्त्रिक रहेको दाबी गरे ।

संसदका बहुमत सदस्यको साथ लिएर प्रधानमन्त्री ओलीले गरेको निर्णयलाइ न्यायलयले पनि सदर नै गर्ने भएकाले तोकिएको मितिमै निर्वाचन हुने ठोकुवा उनले गरे । सुरक्षा निकायका प्रमुख र निर्वाचन आयोगले पनि बैशाख १७ र २७ मा निर्वाचन गर्न कुनै बाधा र अवरोध नभएको प्रतिबद्धता जनाइ सकेको पनि मन्त्री पौडेलले बताए ।

ताजा जनादेशका लागि सार्वभौम जनताकोबीचमा जाने प्रधानमन्त्री ओलीको कदम लोकतन्त्रको सुन्दरतम पक्ष भएको उनको भनाइ थियो । राष्ट्र र जनताको हितमा काम गरिरहेको सरकार विरुद्ध अविश्वासको प्रस्ताव दर्ता गर्ने षडयन्त्र आफनै पार्टी भित्रबाट भएपछि उक्त षडयन्त्रलाई विफल पार्न प्रधानमन्त्री ओलीले बाध्य भएर संसद बिघटन गरी ताजा जनादेशका लागि निर्वाचनमा जाने निर्णय गर्नु परेको पौडेलले बताए । पार्टी मात्र नभई मुलुककै अस्तित्व खतरामा परेपछि यो कदम अपरिहार्य थियो भन्दै उनले पार्टी बाहिरका शक्तिको साथ लिएर प्रचण्डले पार्टी र सत्ता कब्जामा लिने षड्यन्त्र गरेकाले ओलीले उक्त षड्यन्त्र विफल पारिदिएको पौडेलको जिकिर थियो ।

भदौंको स्थायी समिति बैठकमा प्रचण्डले पार्टी अध्यक्ष एपम् प्रधानमन्त्री ओली विरुद्ध पेश गरेको १८ पृष्ठको कथित आरोपपत्र नै पार्टी विभाजनको आधार बनेको उनको दाबी थियो । उनले भने,'जबसरकारले राम्रो काम गर्न थाल्यो तब पार्टीकै केही शीर्ष नेताले पद र कुर्सीका लागि खुट्टा तानेर प्रधानमन्त्री ओलीलाई काम गर्न दिएनन्, त्यसैको क्षति अहिले पार्टीले व्यवहोर्नु परिरहेको छ ।'

भेलालाई सम्बोधन गर्दै शहरी विकास मन्त्री प्रभु साहले प्रचण्डको निजी स्वार्थका कारण नेपालबाट माओवादी पार्टीको नाम निशान हराएको आरोप लगाए । प्रचण्डको पारिवारिक र सत्ता मोहका कारण नै नेपालको राजनीतिमा माओवादीको नाम निशान नरहेको साहले बताए ।

कानुनमन्त्री लीलानाथ श्रेष्ठले विदेशी शक्तिको गोटी बनेर नेकपा भित्रै केही नेताले कम्युनिष्ट नेतृत्वको दुई तिहाइको सरकार ढाल्ने षडयन्त्र गर्दा देश अहिलेको विषम परिस्थितिमा पुगेको बताए । उनले प्रधानमन्त्री ओली मुलुककै ऐतिहासिक, साहसी र राष्ट्रवादी वीर पुरुष भएको जिकिर गरे । महिला बालबालिका तथा समाज कल्याणमन्त्री जुली कुमारी महत्तोले पनि संसद पुनर्स्थापनाको सपना नदेख्न आन्दोलनमा रहेका दलहरुलाई आग्रह गरिन् । उनले भनिन्,'विघटित संसद कुनै हालतमा पुनर्स्थापना हुन सक्दैन, विघटनको निर्णय कसैले पनि उल्टयाउन सक्दैन ।'

नेकपा पार्टी विभाजनको सन्देश र कार्यकर्तालाई निर्वाचनको तयारी जुटन निर्देशन दिन ओली समूहले वीरगन्जमा प्रदेश भेला आयोजना गरेको हो । नेकपा स्थायी समितिका सदस्य एवम् प्रदेश २ का संयोजक सत्यनारायण मण्डलको अध्यक्षतामो प्रदेश स्तरीय भेला सम्पन्न भएको हो ।

# बीआरआईअन्तर्गतको सिप्याकमा चीनलाई झड्का

काठमाडौं । विश्वभरका गरिब मुलुकहरुसम्म आफ्नो बजार विस्तार गर्ने किसिमले चीनले अघि सारेको बेल्ट एण्ड रोड इन्सिएटिभ(बीआरआई) परियोजनाले चीनलाई झड्का लाग्न सुरु भएको छ ।

बीआरआई अन्तर्गत पाकिस्तानमा चीनले चाइना पाकिस्तान ईकोनोमिक करिडोर (सिप्याक) परियोजनमा काम गरिरहेको छ ।

सिप्याक अन्तर्गतको महत्वपूर्ण परियोजनाका रुपमा रहेको मेन लाईन–१ (एमएल–१, पेशावरदेखि कराचीसम्मको रेलमार्ग) परियोजनामा लगानी गर्न चीन डराएको छ । यो रेलमार्ग चीनको सिप्याक परियोजनाको महत्वपूर्ण रणनीति हो ।

करिब १ हजार ८ सय ७२ किलोमिटर लामो रेलमार्ग परियोजनामा चीन ८५ प्रतिशत ऋण लगानी गरिदिन तयार भएको छ । तर, पाकिस्तानको खस्कदो अर्थतन्त्रका कारण चीनलाई लगानी फिर्ता नपाउँने डर बढेको छ ।

पाकिस्तानले जी–२० मुलुकहरुसामु ऋण राहतका लागि आवेदन नै दिइसकेको छ । पाकिस्तानको यस्तो हालतपछि चीनले उक्त रेलमार्ग परियोजनमा लगानी गर्नुपूर्व पाकिस्तानसामु थप शर्तहरु राखेको छ ।

पाकिस्तानले चिनियाँ फाइदाको परियोजना भएका कारण यो रेलमार्गका लागि चीनले नै ९० प्रतिशत ऋण लगानी गरोस भन्ने चाहन्छ ।

रेलमार्गका लागि ६ अर्ब डलर ऋण १ प्रतिशत ब्याजदरमा २० वर्षसम्म तिर्ने गरी र थप १० वर्ष अनुग्राही समयावधिको माग पाकिस्तानको छ । तर, चीन भने १५ वर्षसम्म तिर्ने गरी र ५ वर्षको थप अनुग्राही समयावधि दिएर ८५ प्रतिशत ऋण लगानी गर्न तयार छ । चीन १ प्रतिशत ब्याजदरमा भने सहमत छैन् ।

अन्तिम अवस्थामा २.३८ प्रतिशतसम्म ब्याजदरमा चीनले लगानी गर्न सक्ने जनाइएको छ ।

यसरी बीआरआई अन्तर्गतको एक महत्वपूर्ण हिस्सा सिप्याकमा आफुले बनाएका रणनीति अनुरुप चल्न नसक्ने अवस्था आएपछि चीनलाई झड्का लागेको छ । यतिमात्रै हैन्, सिप्याकले पाकिस्तानमा चिनियाँ स्वार्थ पूरा गर्ने काम मात्रै गरिरहेको भन्दै पाकिस्तानको बाल्टिस्तान र सिन्धका नागरिकहरुले विरोध गर्दै आएका छन् ।

नोवेल कोरोना भाइरस सामान्य रुघाखोकीभन्दा जटिल संक्रमण हो, हालसम्म यसको उपचारका लागि औषधि पत्ता नलागेकोले यसबाट सतर्क हुनु नै उत्तम उपाय हो ।

यसबाट बच्ने उपायहरु :

- कुनै व्यक्ति, वस्तु वा सामान छुनु पहिले वा पछि साबुन पानीले राम्रोसँग हात धुनु ।
- अनावश्यक रुपमा घरबाहिर र भीडभाडमा नजाने ।
- खोक्दा र हाछ्युँ गर्दा नाक र मुख कुहिनोले छोप्ने ।
- कुनै पनि व्यक्तिसँग ३ फिटको दूरी कायम गर्ने ।
- जंगली तथा घरपालुवा पशुपक्षीसँगको असुरक्षित सम्पर्कबाट टाढा बस्ने ।
- सकेसम्म पशुजन्य र अस्वस्थ्यकर मासु नखाने ।
- ज्वरो, रुघा र खोकी तथा श्वास-प्रश्वासमा समस्या आएमा चिकित्सकसँग परामर्श लिने ।
- कसैले गलत सूचना प्रवाह गरेको तथा अत्यावश्यकीय वस्तु, जम्माखोरी, कालोबजारी तथा लुकाई राखेको थाहा भएमा ११३७ मा सम्पर्क गरी जानकारी गराउने ।

लालकिशोर साह
नगरप्रमुख
जनकपुरधाम उपमहानगरपालिका, धनुषा, प्रदेश २

# चीनले नेपालसँगको व्यापारमा दोहोरो चरित्र देखायो : चेम्बर अध्यक्ष श्रेष्ठ

काठमाडौं । चीनर्फको नाका प्रभावकारी नहुँदा नेपाली व्यवसायीले निकै दुःख पाएको भन्दै नेपाल चेम्बरअफ कसर्मले व्यापार सहजीकरण गर्न चीनलाई आग्रह गरेको छ । नेपाल आर्थिक पत्रकार संघ ( नाफिज) को नवनिर्वाचित कार्यसमितिलाई स्वागत तथा बधाइ ज्ञापन गर्न आयोजित कार्यक्रममा बोल्दै चेम्बरका अध्यक्ष राजेशकाजी श्रेष्ठले एक वर्षदेखि चिनियाँ नाकामा व्यवसायीका सामान अड्किएको गुनासो गरे ।

'पोहोर साल जाडोका लागि व्यवसायीले किनेको ज्याकेट अझै नाकामै थन्किएको छ, यस्तो तरिकाबाट कसरी दुईदेशबीचको व्यापार चल्छ ?' अध्यक्ष श्रेष्ठले प्रश्न गरे ।

करोडौं मूल्य बराबरको सामानहरु चीनतर्फ नाकामा कुहिन लाग्दा व्यवसायीहरु पनि ब्याजको मारमा परेको अध्यक्ष श्रेष्ठले बताए ।

'कोरोनाको बहानामा चीनले नेपालसँगको व्यापारमा दोहोरो चरित्र देखायो, कि नाका बन्द गरोस् कि व्यापार सहज बनाओस्,' अध्यक्ष श्रेष्ठले आग्रह गरे ।

देशमा विकसित पछिल्लो राजनीतिक घटनाक्रमले आर्थिक विकासका मुद्दा ओझेलमा पर्न लागेको भन्दै उनले आर्थिक मुद्दा नछोड्न आर्थिक पत्रकारहरुलाई आग्रह गरे ।

कोभिडका कारण समस्यामा परेका व्यवसायीलाई सकारात्मक ऊर्जा चाहिएको बेला राजनीतिक अन्यौल बढ्दा व्यवसायीमा चिन्ता थपिएको पनि चेम्बरले जनाएको छ ।

# बालविवाह मुक्तका लागि स्थानीय तह सक्रिय

बाँके । बालविवाहरहित समाजको विकास गरी सभ्य र समृद्ध जिल्ला निर्माणमा बाँकेका स्थानीय तह सक्रिय भएका छन् । किशोरी क्लबसँगको सहकार्यमा यहाँका स्थानीय तहले बालविवाहरहित समाजको निर्माणमा सक्रियता देखाएका हुन् ।

खजुराको लगनशील किशोरी क्लबमा आयोजित एक कार्यक्रममा जिल्ला समन्वय समिति बाँकेका प्रमुख अजय श्रीवास्तवले जिल्ला परिषद्ले बालविवाहमुक्त जिल्ला घोषणा गर्ने प्रस्ताव पारित गरिसकेको जानकारी दिए । उनले अशिक्षाका कारण बालविवाह नघटेको जिकिर गर्दै बालिका शिक्षाका लागि जिससले जिल्लाका पाँचवटा स्थानीय तहमा छात्रा मात्र पढ्ने विद्यालयका लागि सहयोग गर्न लागेको जानकारी दिए ।

त्यसैगरी खजुरा गाउँपालिकाका अध्यक्ष किस्मतकुमार कक्षपति, उपाध्यक्ष एकमाया विक र नेपालगञ्ज उपमहानगरपालिका उपप्रमुख उमा थापा मगरले बालविवाह न्यूनीकरण गर्दै बालविवाहमुक्त घोषणाबारे स्थानीय तहको तयारीबारे जानकारी गराए ।

खजुरा गाउँपालिकाका अध्यक्ष कक्षपतिले गाउँपालिकाको वडा नं १, २, ३ र ४ लाई बालविवाहमुक्त वडा घोषणा गर्ने तयारी भइरहेको बताए ।

उनले अन्य वडामा भने बालविवाहबारे सचेतनामूलक कार्यक्रमको खाँचो रहेको बताउँदै बालविवाह न्यूनीकरणका लागि किशोरी क्लबले योजना ल्याएमा बजेट नै विनियोजन गर्ने प्रतिबद्धता जनाए ।

नेपालगञ्ज उपमहानगरपालिका उपप्रमुख उमा थापा मगरले नगरका सबै वडामा किशोरी क्लब गठन गर्ने र क्लबको संस्थागत विकास गरी बालविवाहमुक्त वडा घोषणा गरिने बताए । बाँकेलाई बालविवाहमुक्त गर्न प्लान इन्टरनेशनल नेपालले जिल्लाका आठवटै स्थानीय तहसँगको सहकार्यमा स्याक नेपाललाई बालविवाह रोकथाम परियोजना सञ्चालन गर्न सहयोग गरेको छ । सो परियोजनाले आगामी ६ महिनाभित्र जिल्लाका कम्तीमा पनि २० वडालाई बालविवाहमुक्त घोषणा गर्ने तयारी गरेको बताइएको छ ।

प्लानको कर्णाली प्रदेश क्षेत्रीय प्रबन्धक मीना पराजुलीले बालविवाह न्यूनीकरणका लागि किशोरी क्लबलाई प्रभावकारी योजना बनाएर ल्याउन आग्रह गरे । लगनशील किशोरी क्लबको अध्यक्ष मञ्जु थापा मगर र कोषाध्यक्ष चेतना क्षेत्रीले बालविवाह न्यूनीकरणका लागि क्लबका पदाधिकारीको क्षमता अभिवृद्धि सम्बन्धी तालीम प्रदान गरिएको जानकारी दिईन् ।

विषादीको सुरक्षित प्रयोग गरौं र स्वस्थ रहौं

- जीवनाशक विषादीहरू निःसन्देह जीवघाती हुन् । होसियारीसँग प्रयोग नगरिएमा मृत्युसम्म हुन सक्छ ।
- रासाययिक विषादी अन्तिम विकल्पको रूपमा लिनुपर्छ ।
- विषादी प्रयोग गर्ने सम्पूर्ण व्यक्तिलाई विषादीबारे विस्तृत जानकारी हुनुपर्छ ।
- व्यक्तिगत सुरक्षाका लागि आवश्यक पोसाक लगाएर मात्र विषादी छर्नुपर्छ ।
- लेवलमा भएका जानकारीहरू तथा निर्देशनहरूअनुसार कार्य गर्दा विषादीबाट हुने असरबाट बच्न सकिन्छ ।
- विषादी छर्ने औजार चुहिने हुनुहुँदैन ।
- विषादी मिसाउँदा वा छर्दा सकभर छालामा सम्पर्क हुन नदिन वा श्वास प्रक्रियाबाट शरीरभित्र जान नदिन प्रयोग गर्नुपर्छ ।
- विषादी मिसाउँदा वा छर्ने बेलामा खान, पिउन वा धुम्रपान गर्न निषेध गर्नुपर्छ ।
- छिमेकीलाई विषादी छरेको जानकारी दिनुपर्छ ।
- केटाकेटीहरूलाई विषादी चलाउन राखेको समयमा नजिक आउन दिनुहुँदैन ।
- विषादी अन्तिम प्रयोग र वाली भित्र्याउने समयावधि जानकारी राख्नुपर्छ ।
- लक्षित गरेका किराहरू तथा प्रयोग हुने बालीहरूबारे जानकारी राख्नुपर्छ ।
- विषादीको म्याद सकिने मिति तथा प्रयोग गर्ने मात्रासम्बन्धी जानकारी हुनुपर्छ ।
- धेरै हावा चलेको वा हुरी लागेको बेलामा विषादी छर्नुहुँदैन ।
- विषादी छरिसकेपछि बाँकी भएको विषादी भण्डारणमा वा सुरक्षित ठाउँमा पुऱ्याउनुपर्छ ।
- खाली विषादीको भाँडा ठीक ठाउँमा नष्ट गर्नुपर्छ ।
- विषादी छरिएको 'रेकर्ड' राख्नुपर्छ । जस्तै विषादीको नाम, मात्रा, छरेको मिति, बालीको अवस्था, छरेको बेलामा मौसम र अन्य विस्तृत जानकारी राख्नुपर्छ ।

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश नं. २, धनुषा, नेपाल
सम्पर्क नं. : ०४१५२२३४०
इमेल : malcprovince2@gmail.com

नोवेल कोरोना भाइरस सामान्य रुघाखोकीभन्दा जटिल संक्रमण हो, हालसम्म यसको उपचारका लागि औषधि पत्ता नलागेकोले यसबाट सतर्क हुनु नै उत्तम उपाय हो ।

यसबाट बच्ने उपायहरु :

- कुनै व्यक्ति, वस्तु वा सामान छुनु पहिले वा पछि साबुन पानीले राम्रोसँग हात धुनु ।
- अनावश्यक रुपमा घरबाहिर र भीडभाडमा नजाने ।
- खोक्दा र हाछ्युँ गर्दा नाक र मुख कुहिनोले छोप्ने ।
- कुनै पनि व्यक्तिसँग ३ फिटको दूरी कायम गर्ने ।
- जंगली तथा घरपालुवा पशुपक्षीसँगको असुरक्षित सम्पर्कबाट टाढा बस्ने ।
- सकेसम्म पशुजन्य र अस्वस्थ्यकर मासु नखाने ।
- ज्वरो, रुघा र खोकी तथा श्वास-प्रश्वासमा समस्या आएमा चिकित्सकसँग परामर्श लिने ।
- कसैले गलत सूचना प्रवाह गरेको तथा अत्यावश्यकीय वस्तु, जम्माखोरी, कालोबजारी तथा लुकाई राखेको थाहा भएमा ११३७ मा सम्पर्क गरी जानकारी गराउने ।

हरिप्रसाद मण्डल
नगरप्रमुख
मटिहानी नगरपालिका, महोत्तरी, प्रदेश २

## विश्व परिवेश

# किसानका समस्या समाधान गर्न सरकार प्रतिवद्ध छ : भारतीय प्रधानमन्त्री



नयाँ दिल्ली । कृषि क्षेत्रको सुधारसम्बन्धी कानूनमाथि असन्तुष्टि जनाउँदै आन्दोलनरत भारतीय किसानसँग समस्या समाधानका लागि नयाँ चरणको वार्ताका लागि भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले शुक्रबार आग्रह गरेका छन् । भारतीय किसानको आन्दोलनको एक महिनाको अवधि पूरा हुँदा प्रधानमन्त्रीले नयाँ चरणको वार्ताका लागि आग्रह गरेका हुन् । भारतको नयाँ दिल्ली प्रवेश हुने विभिन्न नाकामा रहेका राजमार्गहरूमा दशौं हजार किसानहरूले नोभेम्बर २६ देखि थालेको आन्दोलन सरकारका लागि एउटा जटिल समस्या बनेको छ । किसानहरूले सरकारद्वारा केही समय पहिले कृषि क्षेत्रको सुधारका लागि गरेको खासगरी तीन विधेयक किसानको हितमा नभएको आन्दोलनरत किसान समूहको जिकिर छ । उनीहरूले सरकारले गहुँ र चामलको मूल्य नतोकी ठूला व्यवसायीलाई मूल्यको जिम्मा छोडिदिँदा यो किसानकोभन्दा बढी उद्योगीको पक्षमा रहने र किसानहरू यसबाट मारमा पर्ने बताउँदै आएका छन् ।

देशभरका लाखौं कृषकहरूका लागि प्रत्यक्ष प्रसारण गरिएको भाषणमा प्रधानमन्त्री मोदीले सेप्टेम्बरमा पारित कानूनहरूले किसानले चाहेको व्यक्ति वा संस्थालाई आफ्नो उत्पादन बेच्नसक्ने र कृषि क्षेत्रमा रहेको कुप्रथालाई हटाउने बताए ।

भारतीय जनता पार्टीको अगुवाईमा पहलमा गत वर्ष नौ करोड भारतीय किसानहरूको हितका लागि भन्दै दुई अर्ब ५० करोड अमेरिकी डलर बराबरको आर्थिक योजना सञ्चालन गरेको प्रधानमन्त्री मोदीले चर्चा गर्दै उनले आफूले किसानहरूको अहित नचाहेको र उनीहरूसँग पुनः अर्को चरण वार्ता गर्न चाहेको बताए ।

मोदीले भिडीयो सम्मेलनका माध्यमबाट बिभिन्न राज्यका सात किसानहरूसँग कुराकानी गरेका थिए भने उनीहरूले सरकारको सुधार कार्यक्रमको प्रशंसा गरेका थिए ।

भारतमा करिब एक अर्ब ३५ करोड नागरिकमध्ये ७० प्रतिशत नागरिक कृषिमा आश्रित छन् र उनीहरूको राष्ट्रिय अर्थतन्त्रमा करिब १५ प्रतिशत योगदान रहको छ ।

## जम्मु–काश्मीरमा दक्षिण एसियाकै पुरानो जलविद्युत उत्पादन केन्द्रको पुनर्निर्माण हुँदै

श्रीनगर । जम्मु-काश्मीरको पहिलो जलविद्युत परियोजना (एचईपी) लाई पुनर्जीवित पार्न पुनर्निर्माणको कामलाई अघि बढाउने निर्णय गरेको छ । दक्षिण एसियाकै सबभन्दा पुरानो जलविद्युत उत्पादन केन्द्रसमेत रहेको उक्त परियोजना बनाउने निर्णयले काश्मीरका जनता र विशेषगरी बारामुल्लाका नागरिकलाई हर्षित भएका छन् ।

उत्तर कश्मीरको बारामुल्लाको बोनियारमा झेलम नदीको बाँया किनारमा सन् १९०२ मा उक्त जलविद्युत उत्पादन केन्द्र निर्माण गरिएको थियो सन् १९०५ मा जम्मु काश्मीरका तत्कालीन राजा महाराजा हरि सिंहले क्यानाडामा जन्मिएका ईन्जिनियर मेजर अलियनको सेवामा काम गरेका थिए । डी लिट्टबिनेर, महुरा हाइड्रो इलेक्ट्रिक प्रोजेक्ट अनौंठो र दुर्लभ सुविधाहरूसहित बनेको छ । जसमा पानी कन्डक्टरको रूपमा ११ किलोमिटर लामो काठको फ्लोम राखिएको छ । सुरुमा पावर हाउसले ३ दशमलव ७६ मेगावाट बिजुली उत्पादन सुरु गरेको थियो भने निर्माणको कारण नजिकैको क्षेत्रहरूमा सिँचाइ पनि गर्ने गरेको थियो ।

सन् १९५९ मा पुरानो पावर हाउसलाई बाढीले गम्भीर रूपमा क्षति पुर्‍याएको थियो । यसको जिर्णोद्धारपछि सन् १९६२ मा ९ मेगावाट विद्युत उत्पादन हुने गरेको थियो । सरकारका प्रमुख सचिव रोहितकंसलको भर्खरैको घोषणाले मोहरा जलविद्युत परियोजना मोहरामा १० दशमलव ५ मेगावाटको साना जलविद्युत आयोजनाको निर्माण गरेर पुनर्स्थापना गर्ने बताएको छ ।

## दक्षिण चीन सागरमा भारतको सैन्य अभ्यास

काठमाडौं । दक्षिण चीन सागरमा विवादित रहेको ७ देशको भुभागमा आफ्नो दाबी गर्दै आएको चीनलाई अहिले भारतको तनाव भएको छ ।

विस्तारवादको आरोप लाग्दै आएको चीनविरुद्ध अमेरिका, जापान, अष्ट्रेलिया एवं भारतलगायतका मुलुकहरुले विभिन्न किसिमका कदमहरु चाल्दै आएका छन् । भारतले आफ्नो नेतृत्वमा क्वाड (भारत, जापान, अष्ट्रेलिया र अमेरिकाको संगठन) गठनगरेपछि चीन सतर्क हुँदै गएको थियो । यसबीच विश्वकै मुख्य चासोको क्षेत्र रहेको दक्षिण चीन सागरमा समेत भारतले आफ्नो प्रभाव बढाएको छ । गत डिसेम्बर २१ मा भारतीय प्रधानमन्त्री नरेन्द्र मोदी र उनका भियतनामका समकक्षी नुगुयेन जुआन फुकबीच भर्चुअल सम्मेलन भएको थियो ।

भर्चुअल सम्मेलनमा दुई देशका प्रधानमन्त्रीले खुला र नियममा आधारित सोही अनुसार भारत र भियतनाम दक्षिण चीन सागरमा दुई दिने समुन्द्री युद्धतोपको अभ्यास गर्न सहमत भएका थिए । शनिबार र आइतबार दक्षिण चीन सागरको भियतनामी जलिय क्षेत्रमा अभ्यास चलिरहेको छ ।

चीनलाई निरन्तररुपमा शिथिल पार्न खोजिरहेको भारतले उसकै प्रभावको क्षेत्र (दक्षिण चीन सागर)मा गएर समुन्द्री युद्धतोप अभ्यास गर्नुलाई अर्थपूर्ण तरिकाले हेरिएको छ । दक्षिण चीन सागरमा एक्लौटि कब्जा गरिरहेको आरोप लागिरहेका बेला भियतनामसँगको भारतीय सहकार्यले बेइजिङलाई त्रास बढेको छ । भियतनाम विवादित क्षेत्रको मुख्य दावेदार पनि हो ।

गतिविधिसँगै सैन्य एवं रक्षा क्षेत्रमा व्यापक रणनीतिक साझेदारी गर्ने बताएका थिए ।

यसबाहेक भारतले भियतनामलाई पानीजहाज एवं पनडुब्बीबाट प्रक्षेपण गर्न सकिने सुपरसोनिक हतियार 'ब्रह्मोस' समेत दिने भएको छ । भियतनामलाई दिने भारतको यो हतियारले दक्षिण चीन सागरमा शक्ति सन्तुलन परिवर्तन गर्ने क्षमता राख्छ । भियतनाम, इन्डोनेसिया, थाइल्याण्ड, संगापुर र फिलपिन्सलगायतसँग मध्यमखाले मिसाइलहरु रहेका छन् । भारतले रुससँग मिलेर ब्रह्मोसको विकास गरेको थियो ।

## चीनको जालमा परे इमरान खान

काठमाडौं । चीनको जालमा पाकिस्तान परेको छ । पाकिस्तानी प्रधानमन्त्री इमरान खानको सरकारबाट चीनले चीन-पाकिस्तान इकोनोमिक कोरिडोर (सिप्याक) प्रोजेक्ट अगाडि बढाउनका लागि ६ अर्ब डलरको अतिरिक्त ग्यारेन्टी मागेको छ । सिप्याकलाई लिएर पाकिस्तान सरकार दलदलमा फसेको छ । ६० अर्ब डलरको प्रोजेक्टको अहम हिस्सा पूरा गर्नका लागि सी चिनफिङ सरकारले पाकिस्तानबाट ६ अर्ब डलरको अतिरिक्त जमानत मागेको हो ।

यो उक्त जमानत रकम नदिएर बेइजिङ्गले उक्त प्रोजेक्ट रोक्ने चेतावनी दिएको छ । चीनले यसको काम निकै सुस्त गतिमा अगाडि बढाएको छ ।


## शीत-लहरको समयमा चिसोका कारण मानिसको मृत्युसमेत हुन सक्छ त्यसैले.

- न्यानो कपडाको जोहो समयमै गरौं ।
- शीत–लहरको समयमा घरबाहिर खुला स्थानमा धेरै समय नबिताऔं, घरबाहिर निस्कनु परेमा वा धेरै समय बिताउनु पर्ने भएमा न्यानो कपडा लगाऔं ।
- रातको समयमा सिरक, कम्बलजस्ता न्यानो ओढ्ने गरौं । घरभित्र राति सुत्दा शरीरका साथै अनिवार्यरुपमा छाती तथा टाउको ढाक्ने प्रबन्ध मिलाऔं ।
- शीत–लहर चलेको समयमा आगो तापेर शरीरलाई न्यानो राख्ने गरौं, छाती र टाउकोलाई चिसोबाट जोगाउने कार्य गरौं ।
- चिसोको समयमा शरीरलाई चाहिने आवश्यक तातो खाने कुराहरु खाने बानीको विकास गरौं ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग


## अक्सफोर्डको कोरोना खोपलाई बेलायतले दियो अनुमति

काठमाडौं । बेलायत सरकारले अक्सफोर्ड विश्वविद्यालय र अस्ट्राजेन्काले बनाएको कोरोनाभाइरसविरूद्धको खोपलाई आम प्रयोगका लागि अनुमति दिएको छ । बुधबार बेलायतको स्वास्थ्य मन्त्रालयले मेडिसिन्स एन्ड हेल्थकेयर प्रोडक्ट रेगुलेटरी एजेन्सी (एमएचआरए) को सिफारिसमा दुई डोज लगाउनु पर्ने उक्त खोपलाई अनुमति दिएको हो । यो खोपलाई अनुमति दिन बेलायत पहिलो मुलुक हो । बेलायतले उक्त खोप १० करोड डोज अर्डर पनि गरिसक्केको छ । केही समयअघि सार्वजनिक भएका विवरणहरूले कोरोनाविरूद्ध यो खोपको प्रभावकारिता ७०.४ प्रतिशत रहेको बताएका थिए । अक्सफोर्डरअस्ट्राजेन्काको खोप भारतमा पनि उत्पादन गर्ने सम्झौता भइसक्केको छ । भारतको पुणेस्थित सिरम इन्स्चिट्युड अफ इन्डिया (एसआइआई) खोप बनाउन अनुमति पाएको छ ।

## कम्मल वितरण

रौतहट । सशस्त्र प्रहरी परिवार महिला संघले रौतहटको चन्द्रपुर-१ स्थित जुडिबेलाका दलित, विपन्न परिवारलाई कम्मल, झुल र सल वितरण गरेको छ । जुडिबेलाका २ सय २३ परिवारलाई संघकी अध्यक्ष सरिता कँडेल खनालले कम्मल, झुल र सल वितरण गरेकी हुन् । यस गाउँमा मुसहर समुदायको बसोबास छ । जाडोमा विपन्नको जीवन झन् कष्टकर हुने भएकाले न्यायो कम्मल दिएको अध्यक्ष कँडेलले बताईन् । जाडो र सितलहरका कारण तराईमा कतिको ज्यानै जाने गरेको छ ।

## जिल्ला समाचार

## वन अतिक्रमणकारीलाई कारबाही गर्न निर्देशन

जनकपुरधाम । प्रदेश २ का मुख्यमन्त्री मो.लालबाबु राउत गद्दीले वन अतिक्रमणमा संलग्नहरुलाई तत्काल कारबाही गर्न सम्बन्धित निकायलाई निर्देशन दिएका छन् । उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालयले मंगलबार बर्दीवासमा आयोजना गरेको प्रथम चौमासिक प्रगति समीक्षा गोष्ठी एवं सम्मान कार्यक्रमलाई सम्बोधन गर्दै मुख्यमन्त्री राउतले विभिन्न बहानामा भइरहेको वनअतिक्रमणलाई तत्काल रोक्न एवं अतिक्रमणमा संलग्नहरुलाई कारबाई गर्न मन्त्रालयका अधिकारीहरुलाई निर्देशन दिएका हुन् । सुकुम्वासीको नाउँमा राजनीति संरक्षण प्राप्त हुकुमवासीहरु वन अतिक्रमण एवं फडानीमा अग्र पक्तिमा रहेको उल्लेख गर्दै मुख्यमन्त्री राउतले वनको रक्षा गर्न जिम्मेवारी पाएका राष्ट्रसेवक कर्मचारी एवं सरकारका जिम्मेवार व्यक्तिहरुलाई किन्तु परन्तु गर्ने ठाउँ नरहेको बताए । उनले भने, 'राजनीतिक संरक्षण प्राप्त भू माफियाहरु वन अतिक्रमण गर्दै आएका छन् । त्यस्तालाई अविलम्ब कानूनको परिधिमा ल्याएर हदैसम्मको कारबाही गर्न यसै मञ्चबाट निर्देशन दिन्छु ।' बर्दीवासमा पछिल्लो समयमा भएको वन फडानीको विषय उल्लेख गर्दै मुख्यमन्त्री राउतले उक्त घटना बारे अविलम्ब छानविन गर्न वन सचिवलाई निर्देशन दिए । कार्यक्रममा सिरहा र रौतटह जिल्लामा अतिक्रमित वन क्षेत्रलाई पुनः वन मातहतमा ल्याउन महत्वपूर्ण भूमिका निर्वाह गरेका राष्ट्रसेवक कर्मचारीहरुलाई सम्मान समेत गरिएको थियो । पछिल्लो समयमा व्यक्तिको नाउँमा गैसकेको सिरहा चोहर्वाको तीन विग्घा र रौतहटको गुजरा नपमा १२० विग्घा जग्गा पुनः वनको नाउँमा ल्याइएको छ ।

## राजश्वमा सीमा नाका बन्दको असर

वीरगञ्ज । कोरोनाको प्रभाव तथा विगत लामो समयदेखि नेपाल-भारत सीमा नाका बन्द रहेका कारण एकीकृत भन्सार जाँच चौकी (आइसिपी) ले चालू आर्थिक वर्षको मङ्सिर महिनासम्म लक्ष्यभन्दा ११ प्रतिशतले कम राजश्व उठाएको छ । सङ्घीय सरकारले भन्सार कार्यालयलाई चालू आवको साउनदेखि मङ्सिरसम्म पाँच महिनाभित्र रु ६५ अर्ब २५ करोड ५५ लाख राजश्व उठाउने लक्ष्य दिएकामा सो कार्यालयले सो अवधिमा रु ५८ अर्ब १५ करोड ८९ लाख मात्र राजश्व उठाउन सकेको छ । सो रकम लक्ष्यको तुलनामा ११ प्रतिशतले कम देखिएको छ । देशमा कोरोना सङ्क्रमणका कारण अर्थतन्त्रमा परेको प्रभाव तथा नेपाल-भारतबीच रहेको सीमा नाका लामो समयदेखि बन्द रहेकाले सो अवधिमा घट्दो आयातका कारण तोकिएको लक्ष्य प्राप्त गर्न नसकिएको हो । भन्सार अधिकृत शैलेन्द्र अधिकारीले भने, "भारत तथा तेस्रो मुलुकबाट आउने सवारीसाधनलगायत अन्य सामान सोचे जस्तो आउन नसकेकाले सो अवधिमा लक्ष्य भेट्टाउन नसकिएको हो ।'' कोरोना महामारी तथा सीमा नाका बन्द हुँदा भारततर्फ निकासी हुने सामानमा समेत प्रभाव पर्न गएको हो ।

## सवारी दुर्घटनामाा दुईजनाको मृत्यु

जनकपुरधाम । धनुषामा सवारी दुर्घटना हुँदा दुईजनाको मृत्यु भएको छ । मंगलबार राति धनुषाको धनुषाधाम नगरपालिका वडा नम्बर ९ धारापानी मालटोल स्थित तीनवटा गाडी एक आपसमा जुध्दा दुईजनाको मृत्यु भएको इलाका प्रहरी कार्यालय ढल्केवरले जनाएको छ । पूर्व-पश्चिम राजमार्गमा पर्ने मालटोल स्थित घुमाउरो बाटोमा पश्चिमबाट पूर्वतिर जाँदै गरेको ना ४ च ९३१७ नम्बर पिकअप बोलेरोलाई पूर्वबाट पश्चिम तर्फ आउँदै गरेको बिआर ०६ जिडी ८८५९ नम्बरको भारतीय ट्रकले ठक्कर दिएको थियो । सोही क्रममा पश्चिमबाट पूर्वतर्फ आउँदै गरेको को १ ख २३३८ नम्बरको डिजेल बोकेको तेल टयाँङकर भारतीय ट्रकमा ठोक्किएर दुर्घटना भएको ईलाका प्रहरी कार्यालय ढल्केवरले जनाएको छ । दुर्घटनामा परि ट्यांकर चालक मोरङको विराटनगर वडा नम्बर ४ का ३६ वर्षीय अर्जुन कुमार मण्डल र भारतीय ट्रक चालक २० वर्षीय रंगीला कुमारको मृत्यु भएको हो । दुर्घटनामा ट्यांकरका सह-चालक विराटनगर वडा नम्बर ४ बस्ने धनराज यादव गम्भीर घाइतेभएको र उनलाई थप उपचारको लागि विराटनगर लगिएको प्रहरीले जनाएको छ ।

## वीरगञ्जका ७ पसल कारबाहीमा

वीरगञ्ज । वीरगञ्ज महानगरपालिकामा बजार अनुगमनका क्रममा ७ वटा पसललाई कारबाही गरिएको छ । सहायक प्रमुख जिल्ला अधिकारी भिमकान्त पौडेल नेतृत्वको संयुक्त अनुगमन टोलीले बजार अनुगमन गरेको हो । बनारसी इन्टरप्राइजेज, शोभा किराना पसललाई २०/२० हजार, जय मा किराना स्टोरलाई १० हजार, सीमी आर्युवेद फार्मेसी, एनयू ट्रेडिङ, एचएम ट्रेडर्स, देवी किराना पसललाई ५/५ हजार जरीवाना गरिएको सहायक प्रजिअ पौडेलले जानकारी दिए । दुई वटा पसलले असहयोग गरेकोले ५/५ हजार र अन्यले आवश्यक कानुनी प्रक्रिया पूरा नगरेकोले ५ देखि २० हजार जरिवाना गरिएको उनले बताए । वाणिज्य, आपूर्ति तथा उपभोक्ता हित संरक्षण कार्यालय पत्रकार महासंघ पर्सा, वीरगञ्ज उद्योग वाणिज्य संघ, उपभोक्ता हित संरक्षण मञ्च लगायतका प्रतिनिधि अनुगमनमा सहभागी भएका थिए । कानुनी प्रक्रिया पूरा गरेर मात्रै पसल व्यवसाय सञ्चालन गर्न व्यवासयीलाई सचेत समेत गराइएको उपभोक्ता हित संरक्षण मञ्चका वीरगञ्ज नगर अध्यक्ष अजित भुजेलले बताए ।

## आतंक मच्चाउने पक्राउ

सिरहा । विभिन्न आपराधिक घटनामा संलग्न रहेको आरोपमा प्रहरीले एक जनालाई पक्राउ गरेको छ । पक्राउ पर्नेमा सिरहाको मिर्चैया नगरपालिका ३ का ४० वर्षीय खगेश्वर गोहिवार यादव रहेको सिरहा प्रहरीले जनाएको छ । ज्यानमार्ने उद्योग, अङ्गभङ्ग तथा अभद्र व्यवहार सहित आधा दर्जनभन्दा बढी मुद्दाका फरार अभियुक्त गोहिवारलाई प्रहरीले सप्तरीको छिन्नमस्ता भगबति सखडाबाट लुकिछिपी बसेको अवस्थामा पक्राउ गरेको हो । पक्राउ गरेको गोहिवारलाई जिल्ला अदालत सिरहाबाट ७ दिनको म्याद थप गरी अनुसन्धान अगाडि बढाएको इलाका प्रहरी कार्यालय मिर्चैयाका प्रमुख डिएसपी सन्तुलाल प्रसाद जयसवालले जानकारी दिए । उनले गोहिवार मिर्चैया क्षेत्रमा हुने आपराधिक घटनामा संलग्न रहेको पाइएको बताए । उनले भने, 'पछिल्लो पाँच/छ महिनामामात्र ज्यानमार्ने उद्योग, अङ्गभङ्ग, अभद्र व्यवहार सहित ५ वटा मुद्दा दर्ता रहेको छ, यस अघिपनि अदालतसम्म मुद्दा पुगेको छ, त्यसमा के भएको छ भन्ने मलाई जानकारी भएन ।' प्रहरीले कतिपय मुद्दामा उनी अदालत हाजिर भए नभएको पनि अनुसन्धान गर्नुपर्ने बताएको छ । डीएसपी जयसवालले भने, 'उनीमाथि दर्जन हाराहारीमा मुद्दा रहेको भन्ने सुनिएको छ, त्यसमा कतिमा उनी हाजिर भएको छ, छैन त्यो पनि अनुसन्धान गर्नुपर्छ ।' गोहिवार पक्राउ परेपछि मिर्चैया क्षेत्रमा सर्वसाधारणले कडा कारबाहीको माग गरेका छन् । उनका कारण त्यसक्षेत्रका जनता आतङ्कित रहेको वडा नं. ३ का अध्यक्ष हरिनारायण यादवले बताए ।

## जंगलमा लडेर मृत्यु

बाँके । राप्तिसोनारी गाउँपालिका-५ चाँचरफर्क बस्ने २५ वर्षीय तुल्सीराम थारुको मंगलबार दिउँसो सोही ठाउँस्थित जंगलमा लडेर मृत्यु भएको छ । दाउरा काटेर घर फर्कने क्रममा लडेर गम्भीर घाईते भएका उनको भेरी अस्पताल नेपालगंजमा उपचारको क्रममा मृत्यु भएको हो ।

## किशोरी मृत फेला

कपिलवस्तु । शिवराज नगरपालिका-३ मदुवा बस्ने १६ वर्षीया दिपा रोका सोही ठाउँस्थित जय खोलामा सोमबार मृत अवस्थामा फेला परेकी छन् । ११ गते नल्कामा पानी पानी लिन गएकी उनी सम्पर्कमा नआएपछि खोजी गर्ने क्रममा शव फेला परेको हो ।

## नाईट्राजिपाम ट्याब्लेटसहित दुई जना पक्राउ

रुपन्देही । सशस्त्र प्रहरी बल, नेपाल बोर्डर आउट पोष्ट पजरकट्टिबाट खटिएको एपीएफ टोलीले रुपन्देही जिल्लाको रोहिणी गाउँपालिका २ स्थित सीमा ईलाकाबाट २५ वटा नाईट्राजिपाम ट्याब्लेटसहित दुई जनालाई पक्राउ गरेको छ । पक्राउ पर्नेहरुमा सोही जिल्लाको बुटवल उपमहानगरपालिका ५ बस्ने २१ वर्षिय अमित श्रेष्ठ, सोही उपमहानगरपालिका ७ आदर्शनगर बस्ने २२ वर्षिय अभिषेक जैसवाल छन् । लु २५ प २०६२ नम्बरको स्कुटरमा सवार उनीहरुलाई गस्तीमा खटिएको एपीएफ टोलीले शंका लागि जाँच गर्दा उनीहरुको साथमा उक्त लागूऔषध फेला परेपछि पक्राउ गरिएको हो । एपीएफ टोलीले त्यसवेला उनीहरुले प्रयोग गरेको उक्त स्कुटर समेत बरामद गरेको छ ।

## कला/साहित्य

कमल मण्डल



# चलचित्र महोत्सवको तयारी हुँदै



विराटनगर । नेपाल चलचित्रकर्मी महासङ्घ, प्रदेश १ ले आयोजना गर्न लागेको 'चलचित्र महोत्सव' चैत्रको दोस्रो साताबाट सुरु हुने भएको छ । हालै मात्र बसेको चलचित्रकर्मी महासङ्घ, प्रदेश १ को बैठकले चुनावअघि नै आचारसंहिताको अवधिले नभेटने गरी महोत्सव एक महिनाअघि चैत्रको दोश्रो साता गर्ने निर्णय गरेको हो । लामो समयको तयारीपछि कोरोना कहरका कारणले सुस्ताएको चलचित्र उद्योगलाई चलायमान गराउने उद्देश्यले नेपाल चलचित्रकर्मी महासङ्घ, प्रदेश १ ले वर्ष २०७८ लाई विशेष बनाउन 'चलचित्र महोत्सव-२०७८' आयोजना गर्ने घोषणा गरेको थियो । चलचित्र महोत्सव २०७८ यही वैशाख १७ देखि तीन दिनसम्म गरिने बताइएको थियो । तर सरकारले मध्यावधि निर्वाचन आगामी वैशाख १७ गते पहिलो चरणमा र वैशाख २७ गते दोस्रो चरणमा गरिने भएपछि महोत्सव अन्योलमा परेको हो । चलचित्रकर्मी महासङ्घ प्रदेश १ का अध्यक्ष समेत रहेका फिल्म निर्माता अरुणकुमार प्रधानका अनुसार 'महोत्सव यही चैत्रको दोस्रो साताबाट सुरु गरिने छ । यदि कारणवश चुनावको मिति अगाडी पछाडी भएमा पूर्वनिर्धारित मितिमा नै महोत्सव हुने कुरा जानकारी गराएका छन् ।

# जनकपुर-जयनगर रेल माघभित्र सञ्चालन गर्ने तयारी

काठमाडौँ । सरकारले दुई महिना पहिले भारतबाट ल्याएको रेल आउँदो माघभित्र सञ्चालनमा ल्याइने भएको छ । भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयले जयनगर-कुर्था रेलमार्गमा सञ्चालनका लागि आवश्यक तयारी अघि बढाएको छ । अबको एकदेखि डेढ महीनाभित्रमा रेल सञ्चालन गर्न सकिने रेल्वे कम्पनीका महाप्रबन्धक गुरु भट्टराईले बताए । उनका अनुसार आवश्यक मर्मत, तालीम र सफ्टवेयरको काम सकिएसँगै रेल सञ्चालन गरिनेछ । रेल सञ्चालनका लागि कर्मचारीलाई एकरदुई साताको तालीम आवश्यकपर्ने उनले जानकारी दिए । उनले भने, 'त्यो सकिएपछि ढिलोमा माघको अन्तिमसम्ममा गर्ने लक्ष्य रहेको छ ।'

भारतले निर्माण गरेको संरचना १५ देखि २० दिनमा तयारी हुने महानिर्देशक भट्टराईले बताए । उनका अनुसार भारतीय पक्षले यसमा काम गरिरहेका छन् ।

उनीहरुले गर्नुपर्ने काममध्ये थोरै काम बाँकी रहे पनि सञ्चालनमा समस्या नहुने उनको भनाइ छ । कम्प्युटरबाट नियन्त्रण हुने सो रेलमार्गमा 'सिस्टम इन्स्टल' गर्ने काम पनि अघि बढाइएको छ । रेल सञ्चालन हुँदा रेल कहाँ पुग्यो, कहाँ पुग्दा अड्कियो वा अरु कुनै समस्या भयो भन्ने हेर्न सकिने उनले बताए।

कम्पनीले दक्ष र प्रशासनिकलगायत आवश्यक जनशक्ति व्यवस्थापन गरिरहेको छ । आवश्यक कतिपय कर्मचारी स्थायी हुनेछन् भने कतिपय अस्थायीरुपमा नियुक्त गरिने उनको भनाइ छ । सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालयबाट निजामति कर्मचारी काजमा ल्याइने उनले जानकारी दिए ।

रेल्वे कम्पनीमा यसअघिका झण्डै ६० जना अस्थायी कर्मचारी र १२ जना स्थायी कर्मचारी रहेका थिए । ती कर्मचारी कम्पनी बन्द भए पनि कम्पनीमा रहेका थिए ।

कम्पनीले रेल चलाउने ज्ञान भएका दक्ष २६ जना भारतीय कर्मचारीसमेत ल्याउन लागेको छ । नेपालमा रेलसम्बन्धी अनुभव भएका जनशक्ति नभएकाले भारतीय कर्मचारी करारमा ल्याउन लागिएको हो । त्यसका लागि मन्त्रालयमा प्रस्ताव पेश गरिएको उनले बताए । मन्त्रालयको प्रस्तावमा मन्त्रिपरिषद्ले निर्णय गरेपछि विदेशी कर्मचारी नियुक्ति अघि बढाउन लागिएको हो । दुई सरकारबीचको सम्झौताबाट उनीहरुलाई ल्याउन लागिएको हो । उनले भने, 'यताको कम्पनी र उताको कम्पनीबीच सम्झौताबाट ल्याइन लागिएको हो ।'

रेल सञ्चालनका लागि अहिले तत्काल नेपालमा रेलसम्बन्धी कानूनकोसमेत अभाव भए पनि त्यसमा समेत कसरी अघि बढ्ने भनी मन्त्रालय र कम्पनीबीच छलफल भइरहेको छ । रेल्वेसम्बन्धी ऐन, २०२० पुरानो भएकाले नयाँ विधेयक संसद्मा छ । रेल सञ्चालनपछि त्यस क्षेत्रका जनता र व्यापारीलाई यातायातमा सहज हुने अपेक्षा गरिएको छ । अहिले पनि सवारीसाधन सञ्चालन भइरहेकामा रेलले यातायातमा अझै सुविधा दिनेछ । सरकारले उक्त रेलमार्ग बर्दिवाससम्म पुग्ने र पूर्वपश्चिम रेलमार्ग पनि बर्दिवास जाने भएकाले त्यहाँ पुगेर जोड्ने योजना लिएको छ ।

भारत सरकारको आर्थिक तथा प्राविधिक सहयोगमा निर्माण भएको सो रेलमार्गमा सञ्चालनका लागि गत असोज २ गते दुई सेट डेमो ट्रेन आएको थियो । सो रेलमा एक हजार २०० देखि एक हजार ३०० सम्म यात्रु बसेर र उभिएर गरी यात्रा गर्न सक्ने रेल विभागले जनाएको छ । यात्रुबाहक रेल भएकाले यात्रुको झोला र सामान्य सामान मात्रै राख्न सकिनेछ ।

नेपालमा राणाकालमा विसं १९८४ तिर भारतको रक्सौलदेखि नेपालको अमलेखगञ्ज तथा विसं १९९४ तिर जयनगरदेखि जनकपुरसम्म रेलसेवा थियो । लामो समय अवरुद्ध उक्त रेलसेवा वर्तमान सरकारको 'समृद्ध नेपाल, सुखी नेपाली' को राष्ट्रिय आकाङ्क्षासँगै अघि बढेको हो । अहिले कुर्थाबाट जयनगरसम्मको रेलमार्गको निर्माण गत वर्ष नै सकिएको थियो । कूल ३५ किमी लम्बाइमा रेल सञ्चालन हुनेछ । कुर्थादेखि विजुलपुरासम्म थप १७ किमी रेलमार्ग निर्माण अन्तिम चरणमा पुगेको छ । विजलपुरासम्म गरी ५२ किमीमा छिट्टै रेल सञ्चालन हुने विभागले जनाएको छ ।

# नेकपा...

प्रधानमन्त्री भएलगत्तै उनी आएका थिए । गुओको भ्रमण भएको तीन महिनापछि २०७५ जेठ ५ गते एमाले र माओवादीबीच एकीकरण भएको थियो । गुओले त्यसवेला पनि प्रधानमन्त्री ओली, तत्कालीन माओवादी केन्द्रका अध्यक्ष प्रचण्ड, कांग्रेस सभापति शेरबहादुर देउवासँग भेटवार्ता गरेका थिए ।

राजनीतिक अस्थिरता रोक्न, विभाजित नेकपालाई मिलेर अघि बढ्न र यहाँको राजनीतिक वातावरणले चीनमा पर्न सक्ने सुरक्षा खतराबारे सजग रहनू नै चिनियाँ मिसनले सन्देश प्रवाह गरेको छ । चिनियाँ कम्युनिस्ट पार्टी स्थापनाको सय वर्ष पुगेको अवसरमा नेपालका राजनीतिक दलहरूसँग सम्बन्ध मजबुत बनाउन भ्रमण गरेको भनिए पनि शीर्ष नेतासँगका सबै भेटमा उनीहरुले नेपालमा विकसित राजनीतिक अस्थिरता र नेकपामा आएको फुटबारे जिज्ञासा प्रकट गरेका थिए ।

नेकपाका नेताहरुले नेकपामा अहिले उत्पन्न समस्या समाधानको प्रयास गर्न चिनियाँ टोली आएको भन्न खोज्नु अतिरञ्जन रहेको दाबी गर्छन् । नेता रिजालका अनुसार चिनियाँ टोलीको नेपाल भ्रमण आपसी राजनीतिक विश्वास बढाउन तथा आपसी मित्रतालाई मजबुत बनाउन केन्द्रित रहेको छ ।

# जसपाद्वारा...

नेता राजेन्द्र महतो, रेणुकुमारी यादव र शरतसिंह भण्डारीले सम्बोधन गर्नेछन् ।

त्यस्तै, पोखरामा डा. भट्टराई, वरिष्ठ नेता अशोक राई, राजेन्द्र श्रेष्ठ शरतसिंह भण्डारी, सुर्खेतमा मो.इस्तियाक राई, नवराज सुवेदी, जितेन्द्र सोनल र विर्तामोडमा रकम चेम्जोङ, हेमराज राई, डम्बर खतिवडा र मनिष सुमनले पुस २९ गते सम्बोधन गर्ने कार्यक्रम छ ।

माघ ३ गते धरानमा अशोक राई, रकम चेम्जोङ, परशुराम खापुङ, युवराज कार्की, मलंगवामा राजेन्द्र महतो, महेन्द्रराय यादव, उपाकान्त झा, सिराहामा रेणुकुमारी यादव, अनिल झा, विजय यादव, राजकिशोर यादव, कलैयामा रामसहाय यादव, जितेन्द्र सोनल, प्रकाश अधिकारी, चन्दा चौधरी र तौलिहवामा शरत्सिंह भण्डारी, मृगेन्द्रसिंह यादव र एकवाल अहमद शाह वक्ता रहेका छन् ।

# भारतीय परियोजनाहरुको अनुगमन गर्न टोली नेपालमा

काठमाडौं । भारतको आर्थिक सहायतामा नेपालमा सञ्चालित परियोजनाहरुको अनुगमन गर्न भारतीय विदेश मन्त्रालयको ३ सदस्यीय टोली नेपाल भ्रमणमा आएको छ । भारतीय विदेश मन्त्रालयको ग्लोबल इस्टेट म्यानज्मेन्ट विभाग अन्तर्गतका सहसचिव आलोक रञ्जन झाको नेतृत्वमा ३ सदस्यीय टोली नेपाल आइपुगेको हो । टोलीमा कर्णेल समेत रहेका सुपरिटेण्डिङ इन्जिनियर विनय बहल र वरिष्ठ आर्किटेक्ट निधि आनन्द छन् । भारतीय दूतावासका अनुसार भारतीय सहयोगमा नेपालमा सञ्चालनमा रहेका तथा सञ्चालनका क्रममा कठिनाइ रहेका परियोजनाहरुको टोलीले अध्ययन तथा अनुगमन गर्ने छ । टोलीले नेपालमा भारतीय सहयोगमा सञ्चालित परियोजनाहरुको प्रगति प्रतिवेदन पनि तयार गर्ने छ । काठमाडौंमा प्रस्ताव गरिएको अडिटोरीयम हल, खेलकुद रंगशाला लगायतका परियोजना बन्न ढिलाई भइरहेको सन्दर्भमा स्थलगत अध्ययन गरी के कति कारणले ढिलाई भएको हो एकिन गरी सो परियोजना अघि बढाउने वा बन्द गर्नेसम्मको सुझाव दिने गरी टोली नेपाल भ्रमणमा आएको हो ।

# नेपाल-भारत दोस्रो पेट्रोलियम पाइपलाइन ५० किलोमिटरको हुने

काठमाडौं । नेपाल(भारत दोस्रो अन्तरदेशीय पेट्रोलियम पाइपलाइनको लम्बाइ ५० किलोमिटर लामो हुने भएको छ । नेपाल आयल निगम र भारतीय आयल कर्पोरेसनको संयुक्त इन्जिनियरिङ टोलीले गरेको विस्तृत इन्जिनियरिङ अध्ययनमा पाइपलाइनको लम्बाई यकीन भएको निगमको १ नम्बर प्रदेशिक कार्यालय बिराटनगरले जनाएको छ ।

पाइपलाइनको १५ किलोमिटर भूभाग नेपालतर्फ र ३५ किलोमिटर भारततर्फ पर्ने डिपो प्रमुख नकुलप्रसाद भण्डारीले बताए । भारतको सिलगुढीदेखि नेपालको झापाको चरआलीसम्म बन्ने पाइपलाइनको रुट गत मंसिर १८ गते तय भएको थियो । नेपाल आयल निगम र भारतीय आयल कर्पोरेसनको अध्ययनले सुझाएको तीन विकल्पमध्ये मुख्य राजमार्ग भएरै पेट्रोलियम पाइपलाइन आयोजना अघि बढाउने निश्चित भएको छ ।

बिस्तृत इन्जिनियारिङ सर्भेअनुसार सिलिगुरीबाट पानीट्याङ्कीको दक्षिण भेग हुँदै पाइपलाइन मेची खोला मुनीबाट नेपाल प्रवेश गर्नेछ । त्यसपछि मूख्य राजमार्ग भएरै चारआलीसम्म पाइपलाइन आउने छ ।

पाइपलाइन सडक किनाराको जमिनमा दुई मिटर गहिराईमा बिच्छ्याइने निगमले जनाएको छ । निगमले गरेको प्रस्तावअनुसार पाइपलाइनको भारततर्फको खर्च भारत सरकार र नेपालतर्फको खर्च नेपालले गर्ने भनिएको छ । परियोजनाको विस्तृत इन्जिनियररिङ अध्ययन सकिएको र प्रतिवेदन बनाउने काम जारी रहेको निगमका कार्यकारी निर्देशक सुरेन्द्र कुमार पौडेलले बताए । परियोजनाको प्रतिवेदन केही सातामै सरकालाई बुझाइने र जीटूजीमार्फत परियोजना अघि बढ्ने भएकाले सरकारले यसबारे थप निर्णय लिने उनको भनाइ छ ।

# 'पार्टी चलायमान बनाउन नेतृत्व परिवर्तन गर्नुपर्छ'

कपिलवस्तु । नेपाली कांग्रेसका महामन्त्री डा. शशांक कोइरालाले पार्टीलाई चलायमान बनाउनका लागि पार्टीको नेतृत्व परिवर्तन गर्नुपर्ने बताए । नेपाली कांग्रेस कपिलवस्तुले मेलमिलाप तथा एकता दिवसको अवसरमा तौलिहवामा राखेको विचार गोष्ठीमा कोइरालाले यस्तो बताएका हुन् । नेपाली कांग्रेसलाई व्यवस्थित र चलायमान र देशमा लोकतन्त्रको रक्षा गर्न अबको महाधिवेशनबाट नेतृत्व परिवर्तन गर्न आवश्यक रहेको उनले बताए । कोइरालाले भने, 'शेरबहादुर देउवा या अरु कसैको मैले विरोध गरेर भनेको होइन वर्तमान अवस्थामा देश र पार्टीलाई गति दिन नया नेतृत्व आउनु पर्छ ।' साथै कोइरलाले पार्टीमा घात अन्तर्घातको कारण निर्वाचनमा आफूहरु पराजय भोग्नु परेकोले अब सबै मिलेर एक भएर जानुपर्ने धारणा राखे । यो गुट र त्यो गुट भनेर कोही कतै नलाग्नुहोस् नेपाली कांग्रेस भनेर लाग्नुहोस् त्यसैमा सबैको हित र जित हुन्छ उनको भनाइ थियो । कार्यक्रममा केन्द्रीय सदस्य डा.मिनेन्द्र रिजाल, दिपक गिरी, गुरुराज घिमिरे, अतहर कमाल, पूर्वसदस्य दीपकुमार उपाध्याय, आमन्त्रित केन्द्रीय सदस्य अभिषेक प्रताप शाह, राजेश सिंह, पूर्वसभापति राजेश आचार्य, सुधाकर पाण्डेय, महिला संघ केन्द्रीय सदस्य सुमित्रा शर्मा, तरुण दल सभापति शक्ति सिंह ठकुरी, ने वि संघ पूर्वसभापति मोहम्मद ओजिह अरसद, विमला गैरे लगायतले मेलमिलापको बारेमा बोलेका थिए । पार्टीका जिल्ला सभापति सुरेन्द्रराज आचार्यको अध्यक्षता र सचिव प्रेम बहादुर रायमाझीको सञ्चालन तथा जिल्ला समन्यव समिति उपप्रमुख तारावती थारुको संचालनमा कार्यक्रम सम्मन्न भएको थियो ।

# ओली...

विद्यादेवी भण्डारीले पनि साथ दिनुभएको छ । राष्ट्रपति भण्डारीले पनि यो देशको राष्ट्रपति गरिमालाई पनि लज्जास्पद तरिकाले दुनियाँमै छताछुल्ल बनाइदिनुभयो । यो देशको अभिभावकत्वको भूमिका निर्वाह गर्नुपर्ने ठाउँमा उहाँ प्रधानमन्त्री ओलीको किचेनको सदस्यको रुपमा काम गर्नुभएको छ । संविधानलाई नै चुनौती दिने गरी जुन खालको कदम चालियो र हतासमा जुन खालको निर्णय गरियो, यसको कानूनीरुपमा समाधानका निम्ति हामी अदालत गएका हौं । यद्यपि यस्ता खालका गतिविधि बन्द हुन सकेन भने फेरि यसका विरुद्ध हामी सशक्तरुपमा अगाडि बढ्छौं । त्यसकारणले हामीले पहिले कानूनीरुपमा यसको समाधान खोजेका छौं । कानूनसम्मत तरिकाले नेकपा रहेकै छ र संसद पनि जीवितै रहेको छ । यसलाई त्यतिकै कुनै प्रधानमन्त्रीको हतासको भरमा र उसको सनकको भरमा जे मन लागे त्यहीं गरिदिने हो भने हामी त्यतिकै चुप लागेर बस्दैनौं । हिजो ज्ञानेन्द्र पनि त्यहीं गरेका थिए । संसारका त्यस्ता धेरै तानाशाहले व्यवस्था र कानूनलाई चुनौती दिँदै आफ्नो व्यक्तिगतरुपमा जुन हर्कतहरु गरेका छन्, त्यहीं शैलीमा गर्न खोजिएको कुरा जनता सामु पनि उजागर भइसकेको छ । यसको हामीले संवैधानिक र कानूनरुपमै समाधान गर्नका लागि यतिबेला हामी यो अवस्थामा पुगेका हौं ।

*(मण्डल नेकपा नेपाल-प्रचण्ड समूहका नेता हुन् ।)*

## आर्थिक समाचार

# ग्लोबल आइएमईको २ नयाँ शाखारहित बैंकिङ्ग सेवाको शुरुवात

काठमाडौं । ग्लोबल आइएमई बैंकले दाङ्गको बबई गाउँपालिका-४ हापुरे र नवलपरासीको हुप्सेकोट गाउँपालिका-४ शंकरदेवमा नयाँ शाखारहित बैंकिङ्ग सेवा सञ्चालनमा ल्याएको छ । यी शाखारहित बैंकिङ्ग सेवा संचालनमा आएसँगै बैंकको शाखारहित बैंकिङ्ग सेवा संख्या २४३ पुगेको छ । शाखारहित बैंकिङ्ग सेवाबाट देशका विभिन्न ग्रामीण क्षेत्रका स्थानीय बासिन्दाले स्थानीय प्रतिनिधिमार्फत बैंकिङ्ग सेवालिन सक्नेछन् । यसबाट निक्षेप खाता खोल्ने, तोकिएको सीमासम्मको रकम जम्मा गर्ने तथा झिक्ने, आफ्नो खातामा रहेको मौज्दातको जानकारी लिने, कर्जाको ब्याज भुक्तानी गर्ने, एनटीसी/सीडीएमए/युटिएल/डिस होसको महसुल भुक्तानी गर्ने, मोबाइल रिचार्ज गर्ने लगायतका सेवा लिन सक्नेछन् । कृषि, रेमिट्यान्स तथा पर्यटन मुख्य आयस्रोत रहेको यी क्षेत्रका बासिन्दाले बैंकिङ्ग सेवा उपभोग गर्नका लागि टाढा-टाढासम्म पुग्नुपर्ने बाध्यतालाई हटाउनको लागि ग्लोबल आइएमई बैंकले ति स्थानहरुमा शाखारहित बैंकिङ्ग सेवा शुरु गरेको छ ।

# आर्मी व्यारेक परिसरमा एटिएम सेवा

काठमाडौं । ग्लोबल आइएमई बैंकले रोल्पा जिल्लाको लिवाङ्गस्थित आर्मी व्यारेक परिसरमा एटिएम सेवा सुरु गरेको छ । यस नयाँ एटिएम सेवा थप भएसंगै ग्लोबल आइएमई बैंकको एटिएम संख्या २४० पुगेको छ । उक्त एटिएम सेवा खड्गदलगन, लिबाङ रोल्पाका प्रमुख सेनानी सुधिर के.सी.लेउद्घाटन गरेका छन् । बैंकले जिल्लाको सातदोबाटो, खुमेल, बम्रुक लगायतका ग्राहकहरुलाई लक्षित गरी उक्त एटिएम सेवा सञ्चालनमा ल्याएको हो । सबै क्षेत्र र वर्गसम्म बैंकिङ्ग सेवाको पहुँच पुर्‍याउने उद्देश्यले बैंकले ७३ वटा जिल्लामा फैलिएको २६४ शाखा सञ्जाल सहित २४० एटिएम, ४७ एक्सटेन्सन काउण्टर तथा राजश्व संकलन काउण्टर, २४३ शाखा रहित बैंकिङ्ग सेवा र ३ अन्तर्राष्ट्रिय प्रतिनिधि/सर्म्पक कार्यालय मार्फत आफ्ना २१ लाखभन्दा बढी ग्राहकहरुमाझ सेवा प्रदान गर्दै आइरहेको छ ।

# आइएमई 'भरोसा कोश' वितरण शुरू

काठमाडौं । कोरोना भाइरस (कोभिड-१९) महामारीबाट विदेशमा मृत्यु भएका श्रमिकका आफन्तलाई सहयोग गर्ने उद्देश्यका साथ स्थापित आइएमई 'भरोसा कोश' को रकम वितरण शुरूभएको छ । कोशबाट आवेदकहरूलाई जनही ५० हजारका दरले सहयोग रकम प्रदान गरिएको हो । गत हप्ता पौस १० गते शुक्रवार प्रदेश नं ४ को पर्वतमा आयोजित एक विशेष कार्यक्रमकावीच आइएमई लिमिटेडका प्रबन्धक रोशन रखाल, आइएमई लिमिटेडका क्षेत्रीय प्रतिनिधि किशोर शर्माले संयूक्त रूपमा आवेदक स्व. सन्तोष लामीछाने का बुवा श्री दोलक राज जैसी लाई चेक हस्तान्तरण गर्नुभएको थियो । आइएमई पे वालेट मार्फत रकम भुक्तान लिन सक्ने पनि व्यवस्था मिलाइएको कोशको सहयोग राशि पुसमसान्तसम्म हस्तान्तरण गरिसक्ने लक्ष्य लिइएको छ । कोभिड-१९ का कारण श्रमका लागि विदेश गएका धेरै नेपालीको मृत्यु भएको र आश्रित परिवारमा ठुलो पीडा थपिएको महसुस गरि आइएमईले मृतकको परिवारको पीडामा केहि सहयोग गर्न सकिन्छ कि भन्ने सोचका साथ भरोसा कोशको स्थापना गरिएको हो । साथै निजी क्षेत्रबाट स्थापित यस कोशले प्रभावित परिवारलाई केहि न केहि सहयोग पुग्ने र देश र आफ्नो समाज छाडेर परिवारको लालनपालनका लागि विदेशमा गएका श्रमिकको दुखद् निधन सम्बन्धित परिवारका लागि मात्र नभई राष्ट्र कै लागि अपुरणीय क्षति भएको छ । सन् २०२० को जनवरी १ देखि अक्टोबर १६ (२०७६ साल पुस १६ देखि २०७७ साल असोज ३०) सम्म कोभिड-१९ का कारण विदेशमा मृत्यु भएका नेपाली श्रमिकका नेपालमा हुने ईच्छुक आफन्तहरूले आवश्यक विवरण सहित पानीपोखरी, काठमाडौंमा अवस्थित आइएमई ग्रुपको केन्द्रीय कार्यालयहरूका साथै सवै प्रदेशमा अवस्थित प्रादेशिक कार्यालयहरूमा मिति २०७७ साल मंसिर १५ गतेसम्म आवेदन दिन सक्नेगरि व्यवस्था मिलाइएको थियो ।

# दिल्लीमा चालकरहित मेट्रो सेवा सुरू

काठमाडौं । नयाँ दिल्लीमा चालकरहित मेट्रो रेल सेवा सुरू भएको छ। प्रधानमन्त्री नरेन्द्र मोदीले चालकरहित मेट्रो रेल सेवा सुरू गरेका हुन् । प्रधानमन्त्री मोदीले भारतको पहिलो चालकरहित मेट्रोलाई हरियो झण्डा देखाउँदै उद्घाटन गरे । यो सेवा पहिलो चरणमा ३८ किलोमिटर चल्नेछ । ३ सय ९० किलोमिटरमा फैलिएको दिल्लीको मेट्रो सेवाले आसपासका नोएडा, गुरूग्राम, फरीदाबाद, गाजियाबाद जस्ता शहरहरूलाई जोड्छ । दिल्लीको मेट्रो भारतकै सबैभन्दा ठूलो मेट्रो सेवा हो । सन् २००२ बाट सुरू भएको मेट्रो सेवालाई पछिल्लोपटक चालकरहित बनाउन कानुनसमेत संशोधन गरिएको छ । यसअघि कानुनमा चालकरहित रेल सेवाको प्रावधान थिएन । चालकरहित सेवा सुरू गरिएको जनाइए पनि हालका लागि मेट्रो अपरेटर रहनेछन् । केही समयपछि मेट्रोमा हुनसक्ने हरप्रकारका गडबडीलाई पहिचान गर्ने क्यामरा जडान गर्ने काम सकिएपछि भने मेट्रोबाट अपरेटरलाई हटाइनेछ ।

# भारत दश वर्षपछि विश्वको तेस्रो ठूलो अर्थतन्त्र भएको मुलुक हुने

काठमाडौं । भारत अहिले विश्वको छैठौ ठुलो अर्थतन्त्र भएको मुलुक छ । यसअघि उसले पाँचौं स्थान बनाएकोमा कोरोना भाइरसको महामारीले खस्किएको छ । तर, भारतले चाँडै आफूलाई उठाउने भएको छ । यो एक अध्ययनले देखाएको हो । भारत सन् २०२५ भित्र पाचौं स्थानमा उक्लनेछ । त्यसको पाँच वर्षभित्र सन् २०३० सम्मा तेस्रो स्थानमा उक्लने प्रक्षेपण गरिएको छ । भारतले जापान, जर्मनी र बेलायत जस्ता मुलुकलाई उछिन्ने प्रक्षेपण गरिएको छ । यो इकोनामिक रिसर्च फर्मले प्रक्षेपण गरेको हो । सिइसिआरले २०२१ लाई लक्षित गरी १९३ देशको अर्थव्यवस्थालाई आँकलन गरी आफ्नो डाटालाई सार्वजनिक गरेका छ । यस फर्मले कोरोना महामारीलाई यसवर्ष प्रथमिकतामा राखी सो आँकलन २०३५ सम्मका लागि गरेको जनाइएको छ । भारतले महामारी पश्चात पाँचौ स्थान ग्रहण गर्न बेलायत र फ्रान्सलाई उछिन्दै कायम गरेको छ। महामारीले विश्वलाई धक्का पुर्‍याएको छ । तर, महामारी बाबजुद पनि एसियाली मुलुकले आफ्नो अर्थतन्त्रलाई पुनः ट्र्याकमा ल्याउन सफल भएको छ भने युरोपको अवस्था झन् थलिँदै गएको सिइबिआरको रिपोर्टले देखाएको छ । भारतले सन् २०२४ सम्ममा आफ्नो ५ ट्रिलिअनको लक्ष्य पूरा गर्ने छ । यसले भारतको अर्थव्यवस्थालाई ७ प्रतिशत देखि ८ प्रतिशतसम्मको वृद्धि गर्नेछ ।

# मन्त्री रायमाझी र भारतीय राजदूत क्वात्राबीच भेट

काठमाडौं । नेपालका लागि भारतका राजदूत विनयमोहन क्वात्राले नवनियुक्त उर्जा, जलस्रोत तथा सिँचाईमन्त्री टोपबहादुर रायमाझीलाई बधाई दिएका छन् । भेटमा राजदूत क्वात्रा र उपप्रधानमन्त्री रायमाझीबीच द्विपक्षीय उर्जा सम्झौतालाई अघि बढाउने र नेपाल-भारत संयुक्त परियोजनाहरुको कार्यान्वयनको विषयमा पनि छलफल भएको भारतीय दूतावासले जनाएको छ । रायमाझीले हालै उक्त मन्त्रालयको जिम्मेवारी सम्हालेका हुन् । प्रधानमन्त्री केपी शर्मा ओलीले गरेको पछिल्लो मन्त्रिमण्डल पुनर्गठनमा रायमाझीलाई उक्त जिम्मेवारी मिलेको हो ।






मधेशवाणी प्रा.लि.द्वारा प्रकाशित, कार्यकारी सम्पादक : रामसुकुल मण्डल, कार्यालय : मधेश मिडिया हाउस, अनामनगर, काठमाडौं, फोन नं. ०१-५७०६१४२, ५७०६१४१, फ्याक्स : ०१-५७०६१४१,
Email : madheshvani@gmail.com, Website : www.madheshvani.com, मुद्रण : धिम्ले अफसेट प्रेस, काठमाडौँ